# नेपाल उद्योग वाणिज्य महासंघ

## ४७ औं वार्षिक प्रतिवेदन

## २०६९/७०

नेपाल उद्योग वाणिज्य महासंघको
४७ औं वार्षिक साधारण सभामा कार्यकारिणी समितिको
तर्फबाट महानिर्देशक डा. हेमन्त दवाडीद्वारा
प्रस्तुत

**नेपाल उद्योग वाणिज्य महासंघको**
**४७ औं वार्षिक साधारण सभामा**
**महानिर्देशकद्वारा**
**प्रस्तुत वार्षिक प्रतिवेदन**

- नेपाल उद्योग वाणिज्य महासंघको ४७ औ वार्षिक साधारण सभामा महासंघको विधान २०४९ को दफा ३२ अनुसार महासंघको कामको विवरण, उद्योग वाणिज्य क्षेत्र लगायत आर्थिक बिषयहरु समावेश भएको यो वार्षिक प्रतिवेदन कार्यकारिणी समितिको तर्फबाट पेश गरेको छु ।

- महासंघको ४६ औं वार्षिक साधारण सभा २०६८ साल चैत्र २४ गते सम्पन्न भएको थियो । महासंघको विधान अनुसार कार्यकारिणी समितिको वैठक वर्षमा ४ पटक हुनुपर्ने व्यवस्था भए अनुसार ४६ औं वार्षिक साधारण सभा पछिको यो एक वर्षको अवधिमा विधान अनुसार महासंघको कार्यकारिणी समितिको वैठक ५ पटक बसेको छ । कार्यकारिणी समितिको वैठक जिल्लाहरुमा समेत गर्ने सोच अनुसार यस वर्ष लेखनाथ उद्योग वाणिज्य संघको आतिथ्यतामा लेखनाथमा असोज ७ गते र काभ्रे उद्योग वाणिज्य संघको आतिथ्यतामा गत मंसीर २९ गते काभ्रेमा आयोजना भएको थियो ।

- कार्यकारिणी समितिबाट यस एक वर्षको अवधिमा महासंघको कार्य क्षेत्र अनुसार देशको उद्योग व्यवसायको विकास, विस्तार र प्रवर्द्धनको लागि आफ्नो श्रोत साधन एवं क्षमताले भ्याएसम्म प्रयत्नशील भई कार्य गरेको छ । महासंघले विषयवस्तुको महत्व र आवश्यकतालाई ध्यान दिई सरोकारवाला सवैसंग छलफल गरी महासंघको धारणा सार्वजनिक गर्दै आएको छ। विद्यमान राजनैतिक अस्थिरताबाट देशको उद्योग व्यवसाय लगायत सम्पूर्ण अर्थतन्त्रमा प्रतिकूल असर पर्न गएको तथ्यलाई दृष्टिगत गरी महासंघले अथर्तन्त्रको विकाससंग सम्बन्धित संघ/संस्थाहरुका उच्च पदस्थ पदाधिकारीहरु एवं सम्बन्धित विषयका विशिष्ट व्यक्तिहरुसंग समेत छलफल गरी आफ्नो धारणा प्रस्तुत गरेको छ ।

- यसैगरी महासंघले यस अवधिमा सरकारबाट समयमा नै पूर्ण बजेट ल्याईनु पर्ने, उद्योग व्यापार एवं लगानी प्रवर्द्धनको लागि पूर्वाधार विकास एवं नीतिगत सुधार गरी उद्योग व्यवसाय क्षेत्रको सम्वर्द्धन तथा प्रवर्द्धन गर्नुपर्ने, लगानी वर्षको सन्दर्भमा लगानी प्रवर्द्धन हुने किसिमको अनुकूल लगानी वातावरण तय गर्नुपर्ने, उर्जा संकट क्रमशः समाधान गर्दै जानु पर्ने, सुमधुर श्रम सम्बन्ध कायम हुने वातावरण तय हुनुपर्ने जस्ता महत्वपूर्ण विषयवस्तुहरुमा आफ्नो सुझाव सहित प्रमुख राजनैतिक पार्टिहरु, सरकार एवं सम्बन्धित सवै सरोकारवालासंग पहल गरेको छ ।

- यिनै विषयवस्तुहरुका साथै समसामयीक विषयहरुमा महासंघबाट एक वर्षको अवधिमा भएका गतिविधि एवं कृयाकलापका साथै विश्वको अर्थतन्त्र एवं देशको आर्थिक क्षेत्रको संक्षिप्त विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ । यसै गरी यस प्रतिवेदनमा महासंघ अन्तरगत गठित परिषद्, क्षेत्रगत समिति, फोरमहरुबाट भएका कार्यक्रम एवं कृयाकलापहरु बारेको विस्तृत विवरण समावेश गरिएको छ ।

**प्रतिवेदनमा समावेश भएका प्रमुख विषयवस्तुहरु :**

१.१ विश्वको अर्थतन्त्रसंग सम्बन्धित आर्थिक विषयवस्तुहरु

१.२ देशको आर्थिक स्थितिको संक्षिप्त विवरण

१.३ उद्योग व्यवसाय एवं लगानी प्रवर्द्धन सम्बन्धमा महासंघले लिएको नीति, रणनीति एवं अवधारणा

१.४ महासंघ अन्तरगतको परिषद/समिति/फोरमको गतिविधि एवं क्रियाकलापहरु

१.५  आर्थिक एवं समसामयिक विषयवस्तुहरुमा महासंघबाट भएका गतिविधिहरु ।

१.१  **विश्व अर्थतन्त्रसंग सम्बन्धित आर्थिक विषयवस्तुहरु :**

अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०१२ मा प्रकाशित विश्व आर्थिक परिदृश्य अनुसार सन् २०१२ मा विश्वको उत्पादन ३.५ प्रतिशतले मात्र वृद्धि हुने अनुमान गरेको छ । यूरोपको ऋण संकट तथा घर जग्गा व्यवसायको मन्दि, जापानको प्राकृतिक प्रकोप, चीन र भारतमा भएको वृद्धिदरको कमी, ब्राजिल, मेक्सीको जस्ता ठूलो राष्ट्रहरुको वृद्धिदरमा आएको ह्रास जस्ता कारणहरुबाट विश्व उत्पादनमा कमी आएको प्रतिवेदनले उल्लेख गरिएको छ ।

सन् २०११ मा नेपालका छिमेकी मुलुकहरु खासगरी दक्षिण एशियाली मुलुकहरुको उत्पादन वृद्धिदरमा समेत सन् २०१० को तुलनामा कमी आएको छ । सन् २०१० मा दक्षिण एशियाली मुलुकहरुको औसत वृद्धिदर ७.३ प्रतिशत रहेकोमा सन् २०११ मा घटेर ५.८ प्रतिशत मात्र रहेका छ । सन् २०१२ मा पनि दक्षिण एशियाली मुलुकहरुको वृद्धिदर यही नै कायम हुने अनुमान अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ । सन् २०१० मा दोहोरो अंकको वृद्धि हासिल गरेका भारत र चीन दुवै मुलुकहरुको उत्पादन वृद्धिदरमा कमि आएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०१२ मा भारत र चीन दुवै मुलुकको वृद्धिदरमा क्रमशः ६.९ प्रतिशत र ८.२ प्रतिशत मात्र हुने प्रक्षेपण गरेको छ ।

१.२  **देशको आर्थिक स्थितिको संक्षिप्त विवरण**

नेपाल राष्ट्र वैंकबाट प्रकाशित देशको वर्तमान आर्थिक स्थिति बारेको प्रतिवेदनमा उल्लेख भए अनुसार आर्थिक वर्ष २०६८/६९ मा देशको यथार्थ कूल ग्रार्हस्थ उत्पादन आधारभूत मुल्य र उत्पादकको मूल्य दूवैमा ४.६ प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा कृषि र सेवा क्षेत्रको वृद्धिदरमा केही सुधार आएको छ । तर उद्योग क्षेत्रको वृद्धिदरमा संकुचन आएको अनुमान गरिएको छ। यस अवधिमा उद्योग क्षेत्र १.७ प्रतिशतले मात्र वृद्धि भएको अनुमान गरिएको छ । विद्युत एवं इन्धनको अपर्याप्त आपूर्ति लगायत अन्य संरचनागत अवरोधका कारण उद्योग क्षेत्रको वृद्धिदरमा संकुचन आएको उल्लेख भएको छ। अघिल्लो वर्ष उद्योग क्षेत्रको वृद्धिदर २.९ प्रतिशत रहेको प्रवतेदनमा उल्लेख गरिएको छ ।

World Economic Forum बाट प्रकाशित Global Competitiveness Report 2012-2013 अनुसार नेपाल १४४ देशहरु मध्ये १२५ औं स्थानमा परेको छ । प्रतिवेदन अनुसार विद्युत आपूतिको सन्दर्भमा नेपाल १४३ औं स्थानमा छ । पूर्वाधार विकासमा सरकारको कम प्राथमिकताको कारणबाट यसको प्रत्यक्ष असर उत्पादकत्वमा परेको र यसै कारणबाट देश कम प्रतिस्पर्धी भएको प्रतिवेदनमा उल्लेख गरेको छ ।

Global Competitiveness Report 2012-13 अनुसार केही एशियाली देशहरुको विश्वमा प्रतिस्पर्धीको स्थान निम्न अनुसार रहेको छ :

| **Country** | **Rank** |
|---|---|
| India | 59 |
| Sri Lanka | 68 |
| Bangladesh | 118 |
| Pakistan | 124 |
| Nepal | 125 |




यसै गरी विश्व वैंक अन्तरगतको अन्तर्राष्ट्रिय वित्त निगमबाट प्रकाशित Doing Business Report ले नेपाल गत वर्ष भन्दा एक स्थान तल खस्केको देखाएको छ। सन् २०१२ को प्रतिवेदन अनुसार १८५ मुलुकहरु मध्ये नेपाल व्यवसायिक वातावरणको आधारमा १०८ औं स्थानमा रहेको छ।

**बैदेशिक लगानी :**

देशमा विद्यमान राजनैतिक संक्रमणकालिन अवस्थामा सुधार हुन नसकेको कारणबाट यस अवधिमा वैदेशिक लगानीमा कमी आएको छ। आ.व. २०६८/६९ मा उद्योग विभागले रु.७ अर्व १४ करोडको २२७ वटा विदेशी लगानीका कम्पनीहरु स्थापना गर्न स्वीकृति प्रदान गरेको छ। दर्ता भएको कूल २२७ वटा परियोजनाहरु मध्ये सेवा सम्बन्धी १०६, पर्यटन सम्बन्धी ६४, उत्पादन सम्बन्धी ३१, कृषि सम्बन्धी १५, खानी सम्बन्धी ७ र उर्जा सम्बन्धी ४ वटा रहेका छन्।

क्षेत्र अनुसार स्वीकृति भएका विदेशी लगानीको संख्या :

| **क्षेत्र** | **सेवा** |
|---|---|
| सेवा | १०६ |
| पर्यटन | ६४ |
| उत्पादनमूलक | ३१ |
| कृषि | १५ |
| खानी सम्बन्धी | ७ |
| उर्जा सम्बन्धी | ४ |
| जम्मा | २२७ |



**बैदेशिक लगानी आएका देशहरु :**

आ.व. २०६८/६९ मा सवभन्दा बढी वैदेशिक लगानी चीनबाट आएको छ । दोश्रो क्रमशः भारत र संयुक्त राज्य अमेरिका रहेको छ भने तेश्रो दक्षिण कोरिया रहेको छ । उक्त अवधिमा विदेशी लगानीको लागि स्वीकृत प्रदान गरिएका कूल २२७ परियोजनाबाट ९०५० जनाले रोजगारी पाउने अनुमान गरिएको छ।

**स्वीकृति गरिएका वैदेशिक लगानीका परियोजनाहरु मध्ये देश अनुसारको विवरण :**

| देश | संख्या |
|---|---|
| चीन | ७७ |
| भारत | २४ |
| संयुक्त राज्य अमेरिका | २४ |
| दक्षिण कोरिया | २१ |
| अन्य विभिन्न देशहरुबाट | ८१ |
| जम्मा | २२७ |




**वैदेशिक व्यापारको स्थिति**

आर्थिक वर्ष २०६८/६९ मा देशको कूल वैदेशिक व्यापार ५ खर्व ३५ अर्व ९३ करोडको भएको छ । कूल व्यापार मध्ये निर्यातको अंश १४ प्रतिशत रहेको छ भने आयात ८६ प्रतिशत रहेको छ ।

आ.व. २०६८/६९ को वैदेशिक व्यापारको स्थिति :

| | रु. करोडमा |
|---|---|
| निर्यात | ७४२६ |
| आयात | ४६१६७ |
| कूल वैदेशिक व्यापार | ५३५९३ |



**निर्यातको स्थिति :**

आर्थिक वर्ष २०६८/६९ मा देशको निर्यात रु ७४ अर्व २६ करोड भएको छ । कूल निर्यात मध्ये भारतसंगको निर्यात ४९ अर्व ७५ करोड ४२ लाख अर्थात ६७ प्रतिशत रहेको छ भने अन्य देशहरुसंगको निर्यात २४ अर्व ५० करोड ५८ लाख अर्थात ३३ प्रतिशत रहेको छ । भारततर्फ मुख्यतया लत्ता कपडा, अलैंची, पोलिष्टर, धागो, तामाको तार, जी.आर.पाइप आदी वस्तुहरु निर्यात हुने गरेको छ भने तेश्रो मुलुकतर्फ विशेष गरी ऊनी गलैंचा, पश्मिना, तयारी पोशाक, छाला, नेपाली कागज तथा कागजका सामानहरु निर्यात हुने गरेको छ ।

**आर्थिक वर्ष २०६८/६९ मा देशको निर्यात स्थिति:**




**आयातको स्थिति :**

आर्थिक वर्ष २०६८/६९ मा देशको आयात रु. ४ खर्व ६१ अर्व ६७ करोड पुगेको छ । कुल आयात मध्ये भारसंगको आयात रु २ खर्व ९९ अर्व १६ करोड २१ लाख ६० हजार अर्थात ६४.८ प्रतिशत रहेको छ भने अन्य देशहरुसंगको आयात १ खर्व ६२ अर्व ५० करोड ७८ लाख ४० हजार अर्थात ३५.२ प्रतिशत पुगेको छ । भारतबाट मुख्यतया: पेट्रोलियम पदार्थ, कोइला, चामल, एम.एस. वायर तथा रासायनिक मल आदी वस्तुहरु आयात हुने गरेको छ । तेश्रो मुलुकबाट विशेष गरी सुन, भटमासको कच्चा तेल, खाने तेल, पोलिथिन ग्रानुयल र विजुलीका सामानहरु आयात हुने गरेको छ ।



**व्यापार घाटा :**

निर्यात र आयात वीचको ठूलो अन्तरको कारणबाट आ.व. २०६८/६९ मा देशको व्यापार घाटा ३ खर्व ८७ अर्व ४१ करोडको भएको छ । कूल व्यापार घाटा मध्ये भारतसंगको व्यापार घाटा २ खर्व ४९ अर्व ७७ करोड अर्थात ६४ प्रतिशत रहेको छ भने तेश्रो देशहरुसंगको व्यापार घाटा रु. १ खर्व ३७ अर्व ६३ करोड अर्थात ३६ प्रतिशत रहेको छ ।

**शोधानान्तर स्थिति :**

नेपाल राष्ट्र बैंकबाट प्रकाशित तथ्यांक अनुसार आर्थिक वर्ष २०६८/६९ मा समग्र शोधानान्तर स्थिति हालसम्मकै उच्च रु. १२७ अर्व ७० करोडले बचत रहेका छ । खासगरी विप्रेषण आयमा भएको उल्लेख वृद्धि एवं सेवा खातामा भएको उल्लेख सुधारका कारण चालु खातामा उत्साहजनक बचत भएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**मुद्रा स्फ्रिति :**

आर्थिक वर्ष २०६८/६९ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फ्रिति ८.३ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६७/६८ मा मुद्रास्फिति ९.६ प्रतिशत रहेको थियो । प्रकाशित तथ्याक अनुसार आ.व. २०६८/६९ मा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचांक ७.७ प्रतिशतले वृद्धि भएको छ भने गैर खाद्य तथा सेवा समूहको मूल्य सूचांक ९ प्रतिशत वृद्धि भएको छ । नेपाल राष्ट्र बैंकबाट प्रकाशित प्रतिवेदन अनुसार समग्रमा वार्षिक औषत उपभोक्ता मुद्रास्फ्रिति अघिल्लो आर्थिक वर्षको तुलनामा केही कम हुन गएको छ । अघिल्लो आर्थिक वर्षमा यी समूहहरुको मूल्य सूचाकाङ्क वार्षिक औसत वृद्धिदर क्रमशः १४.७ प्रतिशत र ५.४ प्रतिशत रहेको थियो ।

**औद्योगिक सुरक्षा सम्बन्धमा :**

यस अवधिमा हत्या अपहरण जस्ता बढ्दो गतिविधिबाट पनि औद्योगिक विस्तारमा प्रतिकूल असर पर्न गएको छ । दण्डहिनता र विधिको शासनको अभावमा उद्योगी व्यवसायी एवं सवै क्षेत्र नै प्रभावित भईरहेको स्थिति विद्यमान रहेको छ । पछिल्ला ३४ महिनामा २७ जना उद्योगीहरुको अपहरण भएको तथ्यांक रहेको छ । अपहरणमा पर्ने उद्योगी व्यवसायीको संख्या बर्षेनी बढिरहेको छ । तथ्यांक अनुसार आ.व. २०६७/६८ मा अपहरणमा पर्ने उद्योगीको संख्या ५ थियो भने २०६८/६९ मा १२ र चालु आर्थिक वर्ष २०६९/७० को माघसम्ममा १० उद्योगीको अपहरण भएको छ । विश्व बैंकले गत वर्ष गरेको एक अध्ययनले औद्योगिक वातावरण नहुनुमा ६४ प्रतिशत कारणमा असुरक्षा र राजनैतिक अस्थिरता देखाएको थियो । यसरी सुरक्षाको अवस्था झन् झनै चुनौतिपूर्ण बन्दै गएको स्थितिलाई मध्यनजर राखी महासंघले अपराधिक कार्यमा संलग्न अपराधिहरुलाई ऐन नियम अनुसारको कारवाहीको मागका साथै सुरक्षा व्यवस्थालाई बलियो बनाउने तर्फ नेपाल सरकार एवं सम्बन्धित निकायहरुको विशेष ध्यानाकर्षित गरेको छ ।

**उद्योग व्यवसाय क्षेत्रको प्रवर्द्धनको लागि महासंघबाट भएको पहल तथा यसका प्रभावहरु :**

- **उर्जा संकट सम्बन्धी समस्यालाई महासंघले प्राथमिकताको विषयमा राखेको यस समस्यालाई कम गर्दै लग्न महासंघले Proactive भई कार्य गरेको ।**
- **महासंघको विशेष पहल र प्रयासबाट जल विद्युत सम्बन्धी पुरानो PPA लाई नयां दर कायम गराउन सकेको ।**

- उर्जा समस्या समाधानका लागि ट्रान्समिसन लाइन निर्माणको लागि नेपाल सरकारमा पहल गरेको ।

- देशको निकासी खास रुपले बढ्न नसकेको तथ्यलाई दृष्टिगत गरी महासंघले निकासी प्रवर्द्धनको लागि ठोस सुझाव सहित कार्यान्वनयको व्यवस्थाको लागि पहल गरेको ।

- निकासीकर्ताहरुको लागि ४.५ प्रतिशतको दरले सुहलियत व्याजदरमा कर्जा उपलब्ध गराउने व्यवस्थाको कार्यान्वनय भएको ।

- निकासीमा नगद प्रोत्साहन दिने व्यवस्था कार्यान्वयनको साथै यस सम्बन्धी सरलीकरण गर्ने व्यवस्थाको लागि पहल गरेको ।

- यसै अनुसार वाणिज्य तथा आपूर्ति मन्त्रालयले निजी क्षेत्रसंग समन्वय गरी उद्योग विभागले कार्यविधि सरलीकरण गर्ने निर्णय भएको ।

- आर्थिक क्षेत्रलाई विशेष ध्यान दिई महासंघले हरेक वर्ष पूर्ण बजेट ल्याउनमा दवाव दिएको । यस वर्ष सरकारबाट एक तृतीयांश बजेट ल्याएको ।

- भन्सार मुल्यांकन, मिस म्याचिङ्ग, राजस्वको छापा लगायतका राजश्व सम्बन्धी परेको समस्या समाधानको लागि विशेष रुपमा पहल गरी समस्या समाधान गर्दै लगेको ।

- नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभागले २०६९ मंसिर १ गतेदेखि ७ गतेसम्म मनाएको कर सप्ताहमा नेपालको कर प्रणालीको सुधार एवं प्रवर्द्धनमा सहयोग पुऱ्याएकोमा योगदानको कदर गर्दै निजी क्षेत्रको अग्रणी संस्थाको रुपमा नेपाल उद्योग वाणिज्य महासंघलाई सम्मान पत्र प्रदान गरेको ।

- यसैगरी सप्ताहको अवसरमा कर दाता एवं कर प्रशासन वीच सकारात्मक समन्वयकारी भूमिका निर्वाह गरे वापत महासंघका कर तथा राजस्व समितिका सभापति श्री जगदीश प्रसाद राठीलाई सम्मानपत्र प्रदान गरेको ।

- असल श्रम सम्बन्ध विस्तार गर्ने कार्यमा महासंघले प्रयास गर्दै आएको । हालका दिनहरुमा औद्योगिक व्यवसायिक प्रतिष्ठानहरुमा श्रम सम्बन्धी समस्या कम हुदै गएको ।

- उद्योग व्यवसाय क्षेत्रको प्रवर्द्धनको लागि आवश्यक पूर्वाधारको रुपमा रहेको ऐन, नीति, नियमहरुको व्यवस्थाको लागि पहल गरेको ।

- महासंघले गुणात्मक तवरले आफ्नो सदस्य संघ/संस्थाहरुको संख्या वृद्धि गर्दै लगेको । एक वर्षको अवधिमा करिव २०० वटा सदस्य संख्या वृद्धि भएको ।

- एक जिल्ला एक उत्पादन कार्यक्रमलाई विस्तार गरी यस सम्बन्धी पुस्तक समेत प्रकाशित गरेको ।

- एक जिल्ला एक उत्पादन कार्यक्रमको लागि पर्याप्त बजेटको व्यवस्थाको लागि नेपाल सरकारमा अनुरोध गरेको ।

- रुग्ण उद्योग सम्बन्धी समस्या समाधाका लागि विशेष रुपले पहल गरेको । उद्योग मन्त्रालयमा प्राविधिक समिति गठन भई कार्य भईरहेको ।

- काठमाडौं मेला प्रदर्शनी स्थलको अभाव भईरहेको सन्दर्भमा महासंघबाट प्रदर्शनी स्थल विकास निर्माणको लागि ललितपुर उप महानगरपालिका वाग्मती नदिको किनारमा रहेको जग्गा उपलब्ध गराउन नेपाल सरकारलाई अनुरोध गरेको र अस्थायी प्रदर्शनी स्थल निर्माणको लागि नेपाल सरकारबाट यस सम्बन्धी कार्यलाई अगाडी बढाएको ।

- महासंघको पहल एवं सुझाव अनुसार सन् २०१२–१३ लाई लगानी वर्ष घोषणा गरेको । लगानी वर्षलाई सफल पार्न लगानी प्रवर्द्धनको लागि उपयुक्त परियोजनाहरुको प्रस्ताव तयार गरेको ।

- महासंघको वढदै गएको कार्यक्षेत्र र भूमिकाको सन्दर्भमा महासंघको भवनमा चौथो तला थप्ने कार्य प्रारम्भ गरेको ।

## १.३ उद्योग व्यवसाय क्षेत्रको विकास एवं विस्तार को लागि महासंघले लिएको नीति, रणनीति एवं अवधारणा

महासंघले देशको न्यूनतम साझा आर्थिक एजेण्डा वीच प्रमुख राजनैतिक पार्टिहरु वीच सहमति गरी आर्थिक क्षेत्रमा देशलाई अगाडी बढाउनु पर्ने कुरामा विशेष जोड दिई महासंघले यस सम्बन्धी विस्तृत दस्तावेज तयार गरी प्रमुख राजनैतिक पार्टिहरु, सरकार, अर्थ विज्ञ एवं सरोकारवाला सवैसंग यस विषयमा छलफल गरी अगाडी बढेको छ । यसै अनुसार यस अवधिमा महासंघले निम्न अनुसारका क्षेत्रलाई समेत प्रमुख प्राथमिकता दिएका छन्:

- न्यूनतम साझा आर्थिक एजेण्डा तयार गरी सरकार एवं राजनैतिक दलहरुमा पेश ।
- उद्योग व्यवसाय क्षेत्रको प्रवर्द्धनको लागि हुनुपर्ने नीतिगत व्यवस्था एवं ऐन कानूनमा सुधारको लागि पहल ।
- राष्ट्रिय अर्थतन्त्रको विकासलाई राष्ट्रिय सहमतिको क्षेत्र बनाइनु पर्ने ।
- आर्थिक विकासको लागि राजनैतिक दलहरु वीच न्युनतम साझा सहमति कायम हुनुपर्ने ।
- विद्यमान राजनैतिक अस्थिरतालाई छिटो अन्य गरी मुलुकलाई निकास दिन राजनैतिक दलहरु वीच यथाशीघ्र सहमति कायम हुनुपर्ने ।
- आर्थिक क्षेत्र माथि आक्रमण, हस्तक्षेप नहुने वातावरण हुनुपर्ने ।
- लोडसेडिङ्गको समस्या समाधानका लागि Hydropower Development Strategy तयार गरेको ।
- नेपाल लगानी वर्षको सन्दर्भमा प्राथमिकता एवं तुलनात्मक लाभ भएका क्षेत्रहरुमा लगानीको लागि आव्हान गरेको ।
- असल श्रम सम्बन्ध कायमको लागि पहल ।
- एक जिल्ला एक उत्पादन कार्यक्रमको विस्तार ।
- नेपालमा लगानी आउन सक्ने संभावित देशहरुमा भ्रमण कार्यक्रम ।
- स्वदेशमा पनि लगानी प्रवर्द्धनको लागि स्थानीय संभाव्यताको अध्ययन एवं लगानी सम्बन्धी परियोजना प्रस्तावहरुको तयारी ।
- लोडसेडिङ्गलाई क्रमशः कम गर्दै लग्ने हिसावले विद्युत विकासमा राष्ट्रिय पहल हुनुपर्ने । विद्युत सम्बन्धी परियोजनाहरुलाई अगाडी बढाई कार्यान्वयनमा ल्याइनु पर्ने ।
- सुमधुर श्रम सम्बन्धमा २०६७ साल चैत्र १० गते नेपाल उद्योग वाणिज्य महासंघ र मुख्य ट्रेड यूनियन महासंघहरु वीच भएको श्रम सम्झौताको पूर्ण रुपमा कार्यान्वयन हुनुपर्ने ।

**औद्योगिक क्षेत्र एवं औद्योगिक प्रतिष्ठानहरुमा बन्द, हड्ताल, धर्ना लगायतका कार्यक्रम गर्नमा बन्देज हुनुपर्ने ।**

- **देशमा स्वदेशी एवं विदेशी लगानी प्रवर्द्धन गर्न पूर्वाधारको रुपमा रहेको विद्यमान ऐन, नीति नियमहरुमा सुधार ल्याई नयां औद्योगिक व्यवसाय ऐन, नयां श्रम ऐन, नयां विदेशी लगानी नीति, लगानी सम्बन्धी ऐन, बौद्धिक सम्पत्ती सम्बन्धी ऐन, वैदेशिक व्यापार सम्बन्धी ऐन यथाशीघ्र ल्याउनु पर्ने ।**

- **निर्यात प्रवर्द्धनको लागि निर्यात प्रवर्द्धन क्षेत्र, विशेष आर्थिक क्षेत्र जस्ता क्षेत्रहरुको यथाशीघ्र स्थापना गर्नुपर्ने ।**

- **कृषि क्षेत्रको विकासको लागि सिचाई मल विउमा विशेष जोड दिनुपर्ने ।**

- **पर्यटन विकासको लागि संभाव्य भएका स्थानहरुमा लगानी गरी पर्यटनको विकास गर्ने । पर्यटन विकासको लागि पूर्वाधारको रुपमा रहेको विमानस्थल निर्माण कार्यमा जोड दिनुपर्ने ।**

<u>न्यूनतम आर्थिक एजेण्डा सम्बन्धमा :</u>

महासंघले देशको आर्थिक, सामाजिक रुपान्तरणको लागि न्यूनतम आर्थिक एजेण्डामा विभिन्न सरोकारवालाहरुसंग छलफल गरी निम्न क्षेत्रलाई प्राथमिकता क्षेत्रमा राखेको छ ।

१. कृषि
२. शिक्षा
३. जलश्रोत
४. पूर्वाधार
५. पर्यटन

उक्त एजेण्डामा प्राथमिकता प्राप्त क्षेत्रहरुको विकासको लागि हुनुपर्ने नीतिगत सुझाव समेत प्रस्तुत गरेको छ । प्राथमिकता प्राप्त क्षेत्रहरुको विद्यमान स्थिति, समस्या तथा चुनौतीका साथै समस्या समाधानका लागि हुनुपर्ने व्यवसायहरुको सुझाव सहित विस्तृत रुपमा उल्लेख गरिएको छ।

<u>उद्योग व्यवसाय क्षेत्रको प्रवर्द्धनको लागि हुनुपर्ने नीतिगत व्यवस्था एवं ऐन कानूनमा सुधारको लागि पहल</u> :

औद्योगिक नीति २०६७ आएको दुई वर्ष भईसक्दा पनि सो अनुसारको औद्योगिक व्यवसाय ऐन आउन नसकेको तथ्यलाई दृष्टिगत गरी महासंघले उद्योग मन्त्रालयले तयार गरेको नयां औद्योगिक व्यवसाय ऐनको मस्यौदा सम्बन्धमा विस्तृत छलफल गर्न महासंघले पांच विकास क्षेत्रका साथै काठमाडौंमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा महासंघले नयां औद्योगिक व्यवसाय ऐनमा हुनुपर्ने व्यवस्थाहरु सम्बन्धमा महासंघको सुझाव प्रस्तुत गरेको थियो । अन्तरक्रिया कार्यक्रमबाट निस्केका उपयुक्त सुझावहरु समावेश गरी उद्योग मन्त्रालयमा प्रस्ततु गरेको छ।

<u>वैदेशिक लगानी नीतिको मस्यौदा सम्बन्धमा:</u>

देशमा लगानी प्रवर्द्धनको लागि विद्यमान नीति ऐन नियममा सुधार हुनु पर्ने तथ्यलाई दृष्टिगत गरी नयां विदेशी लगानी नीतिमा हुनुपर्ने व्यवस्था सम्बन्धमा व्यापक छलफल गर्ने उद्देश्यले सरोकारवाला सबै क्षेत्रको सहभागिता गराई अन्तरक्रिया कार्यक्रम गरेको थियो । उक्त अन्तरक्रिया कार्यक्रमबाट निस्केका सुझाव सहितको विस्तृत विवरण नेपाल सरकार एवं सम्बन्धित निकायमा प्रस्तुत गरेको छ ।

**नयां कम्पनी ऐनमा हुनुपर्ने सुधार सम्बन्धमा :**

विद्यमान कम्पनी ऐनमा भएमा कतिपय व्यवस्थाहरु अव्यवहारिक भएको तथ्यलाई दृष्टिगत गरी महासंघले वर्तमान सम्बन्धमा नयां कम्पनी ऐनमा हुनुपर्ने व्यवस्थाहरु सहितको सुझाव तयार गरेको छ । महासंघबाट तयार गरेको सुझाव सम्बन्धमा नेपाल सरकार एवं सम्बन्धित निकायहरुको सहभागितामा एक छलफल कार्यक्रमको आयोजना गरेको थियो । छलफल कार्यक्रमबाट निस्केका उपयुक्त बुंदाहरु समावेश गरी कार्यान्वयनको व्यवस्थाको लागि उद्योग मन्त्रालय एवं कम्पनी रजिष्टारको कार्यालयमा प्रस्तुत गरेको छ ।

**राजश्व सम्बन्धी समस्या एवं समाधान सम्बन्धमा :**

हाल मुलुकभर देखिएका भन्सार मुल्यांकन, मिस म्याचिङ्ग, राजस्वको छापा लगायतका राजश्व सम्बन्धी विभिन्न समस्याका कारण उद्यमी व्यवसायीहरुमा अन्यौलताको स्थिति उत्पन्न भएको तथ्यलाई दृष्टिगत गरी यस सम्बन्धी सरकार एवं सम्बन्धित सवै क्षेत्रको सहभागितामा विस्तृत छलफल गर्ने उद्देश्यले राजश्व सम्बन्धी राष्ट्रिय गोष्ठि आयोजना गरेको थियो । माननीय अर्थ मन्त्रीज्यूको उपस्थितिमा भएको उक्त गोष्ठिमा महासंघले राजस्व सम्बन्धी ऐन नियममा हुनुपर्ने सुधार सम्बन्धमा प्रस्तुतीकरण गरेको थियो ।

**उर्जा समस्या  सम्बन्धमा :**

उर्जा संकट उद्योग व्यवसाय क्षेत्रको लागि सवैभन्दा ठूलो समस्या हुन गएको छ । दिनको १४ घण्टासम्म लोडसेडिङ्ग हुने गरेको छ । यस हिसावले सातामा ९८ घण्टासम्म लोडसेडिङ्ग भएबाट उद्योग व्यवसाय क्षेत्रको लागत अत्यधिक मात्रामा वृद्धि हुन गएको छ । यस तथ्यलाई समेत दृष्टिगत गरी महासंघले उर्जा संकट समाधानका लागि प्रमुख प्राथमिकता दिदैं आएको छ । महासंघबाट लोडसेडिङ्ग घटाउन गर्नुपर्ने व्यवस्थाहरु समावेश गरी सुझावको साथै  विद्युत विकास रणनीति सम्बन्धी विस्तृत सुझाव तयार गरेको छ । उर्जा सम्बन्धी रणनीति कार्यान्वयनको व्यवस्था लागि महासंघले नेपाल सरकार, सवै प्रमुख राजनीतिक दलहरुका साथै सम्बन्धित निकायहरुमा प्रस्तुत गरेको छ ।

**उर्जा दक्षता सम्बन्धी कार्यक्रम**

देशमा संचालित उद्योगहरुमा उर्जा दक्षता सम्बन्धी अनुगमन, चेतना वृद्धि, परामर्श सेवा (प्राविधिक) उपलव्ध गराई औद्योगिक उत्पादनको वृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले महासंघमा उर्जा दक्षता (Energy Efficiency) केन्द्रको स्थापना गरिएको छ । उक्त केन्द्रले औद्योगिक क्षेत्र अन्तरगत सिमेन्ट, होटेल, ईटा, मेटल जस्ता बढी उर्जा खपत हुने उद्योगहरुको विस्तृत विवरण तयार गरी यस सम्बन्धी कार्यलाई अगाडी बढाउने कार्यकम रहेको छ । साथै नेपालमा रहेका जलविद्युतहरुको संख्या के कति छन्, कति  उत्पादित अवस्थामा छन्, कति निर्माणाधिन र निर्मित अवस्थामा छन् । ती बारे प्रत्येक जिल्ला अनुसारको Hydropower Profile तयार गर्ने कार्य भैरहेको छ।

**लगानी प्रवर्द्धन सम्बन्धमा :**

लगानी भित्र्याई राष्ट्रिय अर्थतन्त्र सुधार गर्नको लागि निजी क्षेत्रको प्रस्तावमा नेपाल सरकारले सन् २०१२–१३ नेपाल लगानी वर्ष घोषणा गरेको सन्दर्भमा महासंघले लगानी एवं तुलनात्मक लाभ भएका परियोजनाहरुको विस्तृत विवरण संकलन गर्ने उद्देश्यले निम्न प्राथमिकता प्राप्त क्षेत्रमा लगानीका लागि सार्वजनिक आव्हान गरेकोछ । साथै कृषिको व्यवसायीकरण सम्बन्धमा लगानीको लागि संभाव्यता भएका क्षेत्रहरुको परियोजना प्रस्ताव तयार गरेको छ । यसका साथै विदेशी लगानी प्रवर्द्धन गर्ने उद्देश्यले महासंघको नेतृत्वमा विभिन्न देशहरुमा प्रतिनिधिमण्डलले भ्रमण गरेको छ ।

**प्राथमिकता एवं तुलनात्मक लाभ भएका क्षेत्रहरु**

- जलश्रोत
- पर्यटन
- कृषि
- खानी तथा खानीजन्य वस्तुहरु
- स्वास्थ्य तथा शिक्षा
- सूचना, संचार तथा प्रविधि
- भौतिक पूर्वाधार आदी

**असल श्रम सम्बन्ध सम्बन्धमा :**

समय समयमा हुने श्रम असहजताको वातावरणले गर्दा पनि उद्योग व्यवसाय क्षेत्रमा प्रतिकूल असर पर्न गएको तथ्यलाई दृष्टिगत गरी महासंले असल श्रम सम्बन्ध विकासको लागि आफ्ना सदस्य संस्थाका औद्योगिक प्रतिष्ठानहरुलाई सेवा प्रदान गर्दै आएको छ । महासंघले सवै सामाजिक साझेदारहरुलाई तथा अन्तर्राष्ट्रिय श्रम संगठन एवं अन्य सम्बन्धित संस्थाहरुसंग समन्वय एवं सहकार्य गरी असल श्रम सम्बन्धको विषयमा कार्यक्रमहरु गर्दै आएको छ । श्रम ऐन संशोधन सम्बन्धमा पनि महासंघले सम्बन्धित क्षेत्रको सहभागिता गराई छलफल गर्दै आएको छ ।

**एक जिल्ला एक उत्पादन**

महासंघले एक जिल्ला एक उत्पादन कार्यक्रमहरुलाई थप जिल्लाहरुमा विस्तार गर्दै जाने कार्यको लागि प्राथमिकताका साथ अगाडी बढाएको छ । यसैक्रममा सिन्धुली, नुवाकोट, रामेछाप, दोलखा, कास्की, ललितपुर, बर्दिया आदी जिल्लाहरु गरी २२ जिल्लाहरुमा विस्तार गरेको छ ।

**महासंघ अन्तरगत गठित परिषद्/समिति/फोरमहरुबाट भएका गतिविधि, क्रियाकलाप एवं कार्यक्रमहरु :**

महासंघले लिएको नीति, कार्यनीति एवं रणनीति अनुसार महासंघ अन्तरगत गठित उद्योग वाणिज्य परिषद्, वस्तुगत परिषद्, रोजगारदाता परिषद्, क्षेत्रगत समितिहरु, फोरमहरुबाट आ–आफ्नो विषयवस्तुमा पर्ने क्षेत्र अनुसार कार्यक्रम, गतिविधि एवं क्रियाकलाप गर्दै आएको छ। परिषद् क्षेत्रगत समिति एवं फोरमहरुबाट भएको गतिविधि एवं कार्यक्रमको विवरण निम्नानुसार रहेको छ :

१. **उद्योग वाणिज्य परिषद् :**

उद्योग वाणिज्य परिषद्ले यस अवधिमा जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघसंग समन्वय गरी संघहरुको विकास विस्तार एवं उद्योग व्यवसायसंग सम्बन्धित विषयवस्तुमा छलफल गरी यस सम्बन्धि समस्या समाधानका लागि महासंघ मार्फत नेपाल सरकार एवं सम्बन्धित निकायहरुमा ध्यानाकर्षित गर्दै आएको छ । महासंघका उपाध्यक्ष एवं उद्योग वाणिज्य परिषद्का सभापति श्री भवानी राणाको सभापतित्वमा परिषद्को वैठक पटक पटक बसी जिल्ला तथा नगर स्तरीय उद्योग वाणिज्य संघ एवं उद्योगी व्यवसायीहरुले सामना गर्न परेका कर तथा राजस्व सम्बन्धी समस्या, वाणिज्य फर्म दर्ता तथा नविकरण सम्बन्धी परेका समस्या, युवा स्वरोजगारका साथै शान्ति सुरक्षा, समय समयमा हुने बन्द हड्ताल एवं आन्दोलनबाट त्यस क्षेत्रका उद्योगी व्यवसायीहरुलाई परेका समस्या एवं वर्तमान राजनैतिक अस्थिरताबाट उद्योग व्यवसाय एवं सम्पूर्ण क्षेत्रमा परेका असरहरु बारे समेत विस्तृत छलफल गरी समस्या समाधानको लागि सुझाव सहित महासंघ मार्फत नेपाल सरकार एवं सम्बन्धित निकायहरुको ध्यानाकर्षित गरी पहल गरेको छ ।

## युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रम

युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडि बढाउने उद्देश्यले परिषद्को पहलमा कोष समेतको संयुक्त आयोजनामा मिति २०६९ साल जेठ ३ गते महासंघको सचिवालयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । उपाध्यक्ष श्री भवानी राणाको सभापतित्वमा भएको उक्त कार्यक्रममा कोषका कार्यकारी प्रमुख तथा महासंघका कार्यकारिणी समिति सदस्य एवं मध्यमाञ्चल क्षेत्रीय उद्योग वाणिज्य संघका सभापति श्री ध्रुव वहादुर थापा, मध्यमाञ्चल क्षेत्रीय उद्योग वाणिज्य संघका अध्यक्षहरु एवं विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरु सहभागिता रहेको थियो ।

युवा स्वरोजगार कोषले ७५ जिल्लामा स्वयंसेवकहरु खटाइएको छ । युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रम अन्तर्गत सहकारीको माध्यमद्वारा ऋण लगानी गर्ने प्रावधान अनुसार सहकारीको नाम सिफारिश गरी पठाउनको लागि कोषको सचिवालयबाट महासंघमा अनुरोध भई आए अनुसार महासंघबाट उद्योग वाणिज्य संघहरुमा समन्वय गरी कार्यलाई अगाडी बढाएको छ । साथै परिषद्ले जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरुमा होमस्टे, जेमस्टोन सम्बन्धित तालीम कार्यक्रम संचालनको लागि युवा स्वरोजगार कोषमा अनुरोध गरेको छ । जिल्ला उद्योग वाणिज्य संघहरुका अध्यक्षहरुको संयोजकत्वमा जिल्ला संयोजन तथा अनुगमन समिति गठन भई कोष अन्तरगत कार्यक्रम सञ्चालन भई आएको छ । महासंघमा आवद्ध भएका सोही जिल्लाका अन्य नगर स्तरीय उद्योग वाणिज्य संघहरुलाई पनि सो कार्यक्रम सञ्चालन गर्नको लागि महासंघमा अनुरोध भई आए अनुसार सो अनुसारको व्यवस्थाको लागि कोषको सचिवालयमा अनुरोध गरिएको छ । उक्त जिल्ला संयोजन तथा अनुगमन समितिको दैनिक कार्य सञ्चालनको लागि सम्बन्धित जिल्ला उद्योग वाणिज्य संघहरुलाई न्यूनतम मासिक रु. २,०००। कोषबाट निकासा गराउने व्यवस्थाको लागि परिषद् मार्फत महासंघबाट पहल गरेको थियो । कर्जाको लागि जिल्ला संयोजन तथा अनुगमन समितिले सिफारिस गरी बैंक वित्तीय सस्था तथा सहकारीहरुबाट प्राप्त भएपछि कर्जा प्राप्त गर्ने व्यक्तिहरुसंग समितिले रु. २००। शुल्क लिने गरि व्यवस्था गरिएको छ ।

महासंघले युवा स्वरोजगार कार्यक्रम अन्तरगत जिल्ला उद्योग वाणिज्य संघहरुद्वारा पहिले अभिमुखीकरण तालिम लिइसकेका ३,३७,१८४ आवेदकहरुको Online entry गरिएका पूर्ण विवरण सहितको नामावलीको Data Retrive गरी कोषको सचिवालयमा पठाइएको थियो ।

## वाणिज्य फर्म दर्ता, नविकरण सम्बन्धमा :

“फर्म दर्ता तथा नविकरण कार्यविधि २०६२” २०६३।७।१४ को नेपाल सरकार (मा.मन्त्रीस्तर) को निर्णय विपरित वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट मिति २०६९।३।१४ मा जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय सहित वाणिज्य कार्यालयहरुलाई प्राइभेट फर्म तथा साझेदारी फर्म दर्ता, नविकरण, संशोधन, खारेजी लगायत कुनै पनि कार्य सम्पादन गर्दा सम्वन्धित ऐन नियममा उल्लेखित रित पुऱ्याई गर्नु पर्ने र यस वाहेक कुनै पनि सस्थाको सिफारिश आवश्यक नपर्ने गरी गरेको निर्णयलाई लिएर महासंघबाट साविक वमोजिम नै उद्योग वाणिज्य संघहरुको सिफारिसको व्यवस्था कायम हुनुपर्ने व्यवस्थाको लागि नेपाल सरकारको ध्यानाकर्षित गरेको छ । यस सम्बन्धमा महासंघले मुख्य सचिवज्यू, वाणिज्य तथा आपूर्ति सचिवज्यू, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागका महानिर्देशकसंग भेटघाट गरी पूर्ववत अनुसारको व्यवस्थाको लागि अनुरोध गरेको थियो । साथै यस सम्बन्धमा मुख्य सचिवज्यूले यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने वारे महासंघसंग सुझाव माग गरे अनुसार यस सम्बन्धी विस्तृत सुझाव नेपाल सरकारमा प्रस्तुत गरेको थियो । यसै वीच वाणिज्य फर्म दर्ता तथा नविकरणका लागि उद्योग वाणिज्य संघहरुको अनिवार्य सिफारिशको प्रावधान खारेज गर्न माग गर्दै राष्ट्रिय उपभोक्ता मञ्च नेपालले वाणिज्य विभाग, नेउवामहासंघ, चेम्वर अफ कमर्स लाई विपक्षी बनाई सर्वोच्चमा मुद्दा दायर गरेको छ ।

## जिल्ला नगर उद्योग वाणिाज्य संघका प्रतिनिधिमण्डलसंग भेटघाट कार्यक्रम

सुर्खेत उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलले २०६९ साल जेष्ठ २६ गते देखि ३२ गते सम्म गरेको अध्ययन अवलोकन भ्रमणको कममा जेष्ठ ३० गते महासंघका पदाधिकारीहरुसंग भेटघाट तथा छलफल गरेको थियो । उक्त कार्यक्रममा महासंघका उपाध्यक्षहरु श्री भवानी राणा, श्री प्रदीप जंग पाण्डे, श्री पशुपति मुरारको उपस्थित रहेको थियो । यसै गरी वालिङ उद्योग वाणिज्य संघका प्रतिनिधिमण्डलले २०६९ साल असार १५ गते देखि १८ गते सम्म अध्ययन अवलोकन भ्रमणको कममा असार १८ गते महासंघका पदाधिकारीहरुसंग भेटघाट तथा छलफल गरेको थियो । त्यस्तै सुनसरी उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलले २०६९ पौष १७ देखि २४ गते सम्म विभिन्न जिल्लाहरुमा औद्योगिक भ्रमण कार्यक्रमको शिलसिलामा पौष २३ गते महासंघका पदाधिकारीहरुसंग भेटघाट एव छलफल गरेको थियो । यसैगरी धादिङ उद्योग वाणिज्य संघको नव निर्वाचित कार्य समितिको प्रतिनिधिमण्डल २०६९ माघ २८ देखि फागुन १ गतेसम्म विभिन्न जिल्लाहरुमा औद्योगिक भ्रमण कार्यक्रमको शिलसिलामा फागुन २ गते महासंघका उपाध्यक्ष श्री भवानी राणासंग भेटघाट गरेको थियो । उक्त अवसरमा संघका पदाधिकारी तथा सदस्यहरुलाई २ दिने “योजना तर्जुमा” कार्यशाला गोष्ठी समेत आयोजना गरिएको थियो ।

प्यूठान उद्योग वाणिज्य संघका अध्यक्ष श्री सूर्य वि.क. गम्भीर रुपमा विरामी परी भारतमा उपचारको क्रममा ठूलो धनराशी खर्च आवश्यक भएकोले आर्थिक सहयोगका लागि महासंघका सदस्य संस्थालाई अनुरोध गरिदिन उक्त संघबाट अनुरोध भई आए अनुसार महासंघले जिल्ला नगर उद्योग वाणिज्य संघहरु र बस्तुगत संघहरुलाई आर्थिक सहयोग उपलव्ध गराई दिन अनुरोध गरिएको थियो । साथै महासंघले उहांको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचारको लागि रु. २ लाख सहयोग उपलव्ध गराइएको थियो ।

## Corporate social responsibility to address Human Trafficking in Nepal विषयक कार्यशाला गोष्ठी :

उद्योग वाणिज्य परिषद् को पहलमा महासंघ र अन्तरार्ष्ट्रिय आप्रवासीको संयुक्त आयोजनामा वीरगञ्ज र नेपालगञ्जमा Corporate social responsibility to address Human Trafficking in Nepal विषयक कार्यशाला गोष्ठी आयोजना गरेको थियो । नेपालगञ्जमा भएको कार्यशाला गोष्ठिमा महासंघका उपाध्यक्ष श्री भवानी राणाले रं विरगञ्जको कार्यक्रममा कार्यकारीणी समिति सदस्य श्री विजय सरावगीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।.

## मध्यमाञ्चल लगानी वर्ष घोषणा तयारी सम्बन्धी छलफल

मध्यमाञ्चल लगानी वर्ष घोषणा तयारी सम्बन्धी बैठक २०६९ मंसीर १० गते ललितपुर उद्योग वाणिज्य संघको आथित्यतामा महासंघका अध्यक्ष श्री सुरज वैद्यको अध्यक्षतामा ललितपुरमा वैठकको आयोजना भएको थियो । बैठकले उद्योग वाणिज्य संघ, चितवनको आयोजनामा पौष २५ देखि माघ ५ गतेसम्म नारायणगढमा आयोजना हुने चितवन महोत्सवका अवसरमा मध्यमाञ्चल क्षेत्रमा लगानी प्रवर्द्धनका लागि कार्य अगाडी बढाउने सम्बन्धमा देहायको समिति गठन गरेको थियो :

*मूल समिति:*

श्री भाष्करराज राजकर्णिकार, वरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, - अध्यक्ष
श्री ध्रुव वहादुर थापा, कार्यकारिणी समिति सदस्य, एवं
क्षेत्रीय (मध्यमाञ्चल) प्रतिनिधि, नेउवामहासंघ - संयोजक
श्री अजरमान जोशी, अध्यक्ष, ललितपुर उवासंघ, - परियोजना प्रस्तावक
डा. तिलचन्द्र भट्टराई, अध्यक्ष, चितवन उवासंघ - सदस्य
श्री श्रीधर गौतम, एनआरएन प्रतिनिधि - सदस्य

वैठकको निर्णय अनुसार मध्यमाञ्चल क्षेत्र भित्रका उद्योग वाणिज्य संघहरुबाट सम्बन्धित जिल्लामा उच्च सम्भावनामा परेका परियोजनाहरुको प्रस्ताव तयार गरी Central Nepal Land of Opportunities विषयक गोष्ठी प्रस्तुत गर्नको लागि माग गरिएको थियो ।

"Central Nepal: The Land of Opportunities" विषयक ३ दिने गोष्ठिको आयोजना

नेपाल सरकारद्वारा घोषित “नेपाल लगानी वर्ष २०१२/१३” लाई कार्यान्वयन गर्न गठित “प्रबर्द्धन उपसमिति” नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षको संयोजकत्वमा गठन गरिएको थियो । यसै सन्दर्भमा उक्त लगानी वर्षलाई स्वदेशमा प्रबर्द्धन गर्नको लागि पाँचै विकास क्षेत्रमा कम्तीमा एक/एक वटा वृहत प्रवर्द्धनात्मक कार्यक्रम आयोजना गर्ने योजना अन्तरगत पहिलो चरणको कार्यक्रमको रुपमा गत पौष २६–२८ गतेसम्म चितवन जिल्लाको नारायणगढमा मध्यमाञ्चल विकास क्षेत्रलाई लक्षित गरी ३ दिने लगानी प्रवर्द्धन गोष्ठी गर्ने कार्यक्रम आयोजना भएको थियो । उक्त कार्यक्रममा जलविद्युत लगायत भौतिक पूर्वाधार, सेवा (पर्यटन, शिक्षा र स्वास्थ्य) र कृषि क्षेत्रहरुमा लगानीका सम्भावना बारे छुट्टाछुट्टै प्रस्तुतिकरण गरिएको थियो ।

**कर सम्वन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने सम्वन्धमा**

नेपाल सरकार आन्तरिक राजश्व विभाग र यस महासंघ बिच भएको समझदारी अनुसार अन्तःशुल्क, मु.अ.कर र आयकर सम्वन्धी जानकारी दिनका साथै यी करहरुको व्यवस्थापन गर्ने निकाय र उद्यमी व्यवसायी विचको समझदारी विकास गर्ने उद्देश्यले करदाता शिक्षा एवं अन्तरक्रिया गर्ने वारे सवै जिल्ला नगरस्तरीय उद्योग वाणिज्य संघहरुमा समन्वय गरिएको र सो अनुसार २२ वटा उद्योग वाणिज्य संघहरुबाट उक्त कार्यक्रमको लागि अनुरोध भै आएको छ ।

जिल्ला नगरस्तरीय उद्योग वाणिज्य संघहरुसंग प्रतिवेदन माग

महासंघका जिल्ला नगर उद्योग वाणिज्य संघहरुको विधानसम्मत नियमित वार्षिक साधारण सभा तथा निर्वाचन सम्पन्न भए नभएको बारे प्रतिवेदन पठाउन माग गरिएको थियो । सोही अनुरुप सवै उवासंघहरुको प्रतिवेदन प्राप्त भएको छ ।

सातौ महिला उद्यमी कृषि व्यापार तथा पर्यटन मेला

मकवानपुर उद्योग वाणिज्य संघले २०६९ साल पौष १० गते सातौ महिला उद्यमी कृषि व्यापार तथा पर्यटन मेला आयोजना गरिएको थियो । मेलाको उद्घाटनको क्रममा प्रमुख अतिथि उपाध्यक्ष श्री भवानी राणाले यस किसिमको मेलाबाट साना तथा लघु व्यवसायको वृद्धि हुनु, उद्योग व्यवसायीहरुसंग भेटघाट भई स्थानिय आर्थिक विकासमा टेवा पुग्न जाने धारणा व्यक्त गर्नु भएको थियो ।

कदर सम्मान सम्बन्धी प्रश्नावली फाराम

उद्योग वाणिज्य दिवसको अवसरमा आफ्ना सदस्य संघ संस्थाहरुलाई सम्मान गर्ने हेतुले कदर सम्मान प्रश्नावली भरी पठाउन सवै जिल्ला नगरस्तरीय उवासंघ, वस्तुगत संघहरु तथा द्विराष्ट्रिय उवासंघहरुमा अनुरोध गरेको छ ।

AOTS Training, Japan

Corporate Management Training for Nepal (NPCM) 2013 अन्तर्गत महासंघका सदस्य संघ सस्था, उद्योग, कम्पनी, तथा फर्मका प्रमुख कार्यकारी अधिकृत तहका २१ जना व्यक्तिहरु २ हप्ते तालिममा सहभागिताको लागि मिति २०६९ माघ २ गते जापान तर्फ प्रस्थान गरेको थियो । कार्यक्रम १६ देखि २९ जनवरी २०१३ सम्म भएको भएको थियो । यस किसिमको कार्यक्रम हरेक वर्ष सञ्चालन हुँदै आएको छ ।

जडिबुटी संकलन तथा व्यवसाय केन्द्र शिलान्यास

नेपालमा उत्पादित जडिबुटीहरुलाई संकलन, वजारीकरण आदी जस्ता व्यवस्थाहरु व्यवस्थित तवरल विकास गर्ने उद्देश्यले वाणिज्य तथा आपूर्ति मन्त्रालयको एकीकृत व्यापार रणनीति कार्यक्रम अन्तर्गत नेपाल सरकारको लागत साझेदारीमा सुर्खेतमा “जडिबुटी संकलन तथा व्यवसाय केन्द्र” स्थापना गर्ने कार्यक्रम भए अनुसार उक्त केन्द्र स्थापनाको लागि मिति २०६९ माघ २३ गते शिलान्यास कार्यक्रम सम्पन्न भएको छ ।

उद्योग वाणिज्य संघहरुको अवलोकन

महासंघका अध्यक्ष श्री सुरज वैद्यले मिति २०६९ असोज ८ र ९ गते स्यांग्जा, वालिङ, पाल्पा, पर्वत, म्याग्दी तथा वाग्लुङ उद्योग वाणिज्य संघहरुको अवलोकन भ्रमण गर्नुभएको थियो । उक्त भ्रमणको अवसरमा संघका पदाधिकारीहरु एवं व्यवसायीहरुले मिस म्याचिङ, न्यून विजिकरण राजश्व प्रशासनको छापा, वाणिज्य फर्म नविकरण र सो ढिला नविकरण गर्दा लाग्ने रु. ५०००। को जरिवाना उपयुक्त नभएको तथा मूल्य दररेट ठाउं अनुसार परिवर्तन हुनु पर्ने बताउनु भएको थियो । सो अवसरमा अध्यक्ष श्री सुरज वैद्यले साना व्यवसायीहरुले भोगिरहेको राजस्व सम्वन्धी समसामयिक समस्या वारे अर्थ मन्त्रालयका उच्च पदाधिकारीहरुसंग यथाशक्य चांडो अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने लगायतका उठेका समस्या समाधान लागि आवश्यक पहल गर्ने कुरा बताउनु भएको थियो ।

सुदूर पश्चिमाञ्चल क्षेत्रीय भेला एवं निर्वाचन

सुदूर पश्चिमाञ्चल क्षेत्रीय उद्योग वाणिज्य संघको तेश्रो क्षेत्रिय सभा २०६९ साल असार १६ गते डडेलधुरा उद्योग वाणिज्य संघमा सम्पन्न भएको थियो । उक्त सभामा महासंघका वरिष्ठ उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकार र उपाध्यक्ष श्री भवानी राणाको सहभागिता रहेको थियो। कार्यकारिणी समिति सदस्य एवं सुदूरपश्चिमाञ्चल क्षेत्रीय उद्योग वाणिज्य संघका सभापति श्री नरवहादुर चन्दको अध्यक्षतामा उक्त भेला आयोजना भएको थियो ।

उक्त कार्यक्रममा महासंघका कार्यकारिणी समिति सदस्यहरु श्री प्रकाश साउद, श्री दामोदर आचार्य, श्री गोपाल हमालको सहभागिता रहेको थियो । साथै सो संघको निर्वाचनमा डडेलधुरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष श्री लोकराज भट्ट गोला प्रथाद्वारा निर्वाचित हुनु भएको थियो ।

कर्णाली अञ्चल भेला सम्पन्न

यस महासंघको कर्णाली अञ्चल भेला २०६९ साल पौष १९ गते उपाध्यक्ष श्री भवानी राणाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो भेला महासंघका कार्यकारिणी समिति सदस्य एवं कर्णाली अञ्चल प्रतिनिधि श्री लंकमान रोकाको सभापतित्वमा भएको थियो ।

**जिल्ला नगर स्तरीय उद्योग वाणिज्य संघको वार्षिक साधारण सभा सम्बन्धमा :**

नेपालगञ्ज उद्योग वाणिज्य संघको वार्षिक साधारण सभा सम्पन्न

नेपालगन्ज उद्योग वाणिज्य संघको वार्षिक साधारण सभामा महासंघका अध्यक्ष श्री सुरज वैद्यको प्रमुख आतिथ्यतामा मिति २०६९ असार ३० गते भएको थियो । उक्त सभामा महासंघका कार्यकारिणी समिति सदस्य श्री दामोदर आचार्य पनि अतिथिको रुपमा सहभागि हुनु भएको थियो ।

मकवानपुर उद्योग वाणिज्य संघ वार्षिक साधारण सभा सम्पन्न

मकवानपुर उद्योग वाणिज्य संघको वार्षिक साधारण सभा २०६९ साल माघ ५ गते हेटौंडामा महासंघका अध्यक्ष श्री सुरज वैद्यको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

धुलिखेल उद्योग वाणिज्य संघको विशेष साधारण सभा सम्पन्न

धुलिखेल उद्योग वाणिज्य संघको विशेष साधारण सभामा महासंघका पूर्व अध्यक्ष एवं विशिष्ट सदस्य श्री चण्डीराज ढकाल प्रमुख अतिथिको रुपमा सहभागि हुनु भएको थियो ।

प्यूठान उवासंघ १५ औं वा.सा.स.तथा निर्वाचन सम्पन्न

प्यूठान उद्योग वाणिज्य संघको १५ औं वार्षिक सधारण सभा महासंघका पूर्व अध्यक्ष एवं विशिष्ट सदस्य श्री चण्डीराज ढकाल प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा महासंघका कार्यकारिणी समिति सदस्य एवं मध्यपश्चिमाञ्चल क्षेत्रीय उद्योग वाणिज्य संघका सभापति श्री दिपेन्द्रकुमार खत्री अतिथिको रुपमा सहभागि हुनु भएको थियो ।

काभ्रे उवासंघ (३६ औं वा.सा.स.)

यस महासंभघका सदस्य काभ्रे उद्योग वाणिज्य संघको ३६ औं वार्षिक साधारण सभा यही २०६९ साउन २७ गते महासंघका वरिष्ठ उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकारको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

दमक उद्योग वाणिज्य संघको वार्षिक साधारण सभा सम्पन्न

दमक उद्योग वाणिज्य संघको वार्षिक साधारण सभा उवासंघ (वा.सा.स.)२०६९ मंसीर २२ गते महासंघका वरिष्ठ उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकारको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।

स्याग्जा उद्योग वाणिज्य संघको वार्षिक साधारण सभा

स्यांग्जा जिल्ला उद्योग वाणिज्य संघको वार्षिक साधारण सभा यही २०६९ माघ ६ गते यस महासंघका उपाध्यक्ष श्री भवानी राणाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

वार्षिक साधारण सभा सम्पन्न भएका जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरुको विवरण :

महासंघमा प्राप्त जानकारी अनुसार महासंघको ४६ औं साधारणसभा (२३ चैत्र २०६८) पश्चात हालसम्म साधारण सभा सम्पन्न गरेका जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरुको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

२. **वस्तुगत परिषद :**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, ब्यापार तथा निकासी प्रबर्द्धन केन्द्र, नेपाल सरकार र राष्ट्रसंघीय बिकास कार्यक्रम (UNDP) को संयूक्त परियोजना लघु उद्यम बिकास कार्यक्रमको सहयोग तथा नेपाल हस्तकला महासंघ, World Craft Council Asia Pacific Region को समेत संलग्नतामा यस महासंघद्धारा २०६९ मंसिर ७ देखि ११ गतेसम्म भृकुटीमण्डप काठमाडौंमा दशौं हस्तकला व्यापार मेला आयोजना गरेको थियो ।

नेपाल आयल निगम लि. द्वारा मिति २०६९।६।९ मा काठमाडौंमा आयोजना गरेको "घरायसी तथा व्यवसायिक प्रयोजनका लागि रातो र निलो रंगको छुट्टा छुट्टै एल.पी. ग्यास सिलिण्डिर प्रयोग गर्ने बिषय उपर आयोजित बृहत अन्तरक्रिया कार्यक्रम" आयोजना गरेको थियो ।

उक्त कार्यक्रममा उपाध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेले सर्वसाधारण जनतालाई एल.पी. ग्यासको आपूर्ति सरल र सुलभ तरिकाले परल मूल्यमा उपलव्ध गराउनु पर्ने र ग्यास उपलव्ध गराउंदा नेपाल आयल निगमलाई पनि आर्थिक भार नपर्ने गरी व्यवस्था व्यवस्था गर्नुको साथै एल.पी. ग्यास नेपालको उत्पादन नभएकोले यसको दीर्घकालिन समस्या समाधानका लागि Hydro Power को विकासमा जानु वाहेक अर्को कुनै विकल्प नभएको वस्तुस्थिति प्रस्तुत गर्नु भएको थियो ।

संविधान निर्माणको पछिल्लो अवस्था, विभिन्न मागहरु राखी विभिन्न जातजाती, वर्ग, समूहको नामबाट आव्हान गरिएको आन्दोलन, बन्द, हड्ताल तथा निजी क्षेत्रका तमाम संवेदनशीलतामा

सरकार र राजनैतिक पार्टिहरुका वीचमा सकारात्मक संकेत देख्न नसकिएबाट निजी क्षेत्रका सम्पत्ति माथि हस्तक्षेत्र र तोडफोड हुनुले सम्पूर्ण उद्योगी/व्यवसायीहरुको उत्पादन, वितरण तथा दैनिक कार्य तर्फ असहज परिस्थिति उत्पन्न भएकोले निजी क्षेत्रले लिनुपर्ने धारणा र गति सार्वजनिक गर्ने उद्देश्यले मिति २०६९ साल जेष्ठ २१ गते काठमाडौमा बैठक बसी निम्न बिषयहरुमा निर्णय गरियो ।

- समयमा नयां संविधान जारी हुन नसकेबाट देशमा उत्पन्न संक्रमणकाल लम्बिदै गएकोले सम्पूर्ण उद्योगी/व्यवसायीहरुको उत्पादन, वितरण तथा दैनिक कार्य तर्फ असहज परिस्थिति उत्पन्न भएको छ भने निम्न आय भएका नागरिकहरुलाई जीवन यापन गर्न कठिन बन्दै गएको ।
- बन्द र हड्तालको दिन विरोधको लागि बन्द गरिएको नभई डराएर मात्र बन्द हुने गरिएकोले यदि बन्दको बेला सरकारले क्षतिपूर्ति दिने हो भने उद्योगी/व्यबसायीहरु उद्योग धन्दा खोल्न तयार रहेको सरकारलाई जानकारी गराउने ।
- आर्थिक एजेण्डाको बिषयमा सबै राजनैतिक पार्टिहरुको एउटै धारणा हुनु पर्ने । उक्त धारणा तयार गर्दा अनिवार्य रुपमा नेउवामहासंघको पनि सहभागिता गराउनु पर्ने ।
- बन्द र हड्तालले हुने सम्पूर्ण क्षतिको पूर्ति बन्दकर्ताबाट व्यहोरिने व्यवस्था कडाईका साथ लागू गर्नुपर्ने ।
- बन्द हड्तालबाट उद्योगी/व्यवसायीहरुको व्यवसाय सुसंचालन गर्ने तथा आम नागरिकको जीवनयापन गर्ने अधिकार माथि हुने गरिएको नकारात्मक असरलाई न्यून गर्ने उद्देश्यले बन्द र हड्तालबाट हुने गरिएको सम्पूर्ण क्षतिको पूर्ति बन्दकर्ताबाट व्यहोर्नु पर्ने व्यवस्थालाई कडाईका साथ लागू गर्न निकट भविष्यमा प्रेस सम्मेलन आयोजना गर्ने ।
- स्वदेशमा उत्पादन भएका वस्तुहरु सरकारी निकायमा प्रयोग गर्न/गराउन सार्वजनिक खरीद ऐनमा संशोधन हुनु पर्ने ।
- सुनको आयातमा खुल्ला अर्थनीति अवलम्बन गरिनु पर्ने ।
- चोरी पैठारीबाट भित्रिएका सामानहरुलाई सरकारी, गैर सरकारी तथा नागरिक समाजबाट बहिस्कार गर्ने संस्कारको विकास गर्नु पर्ने ।
- ईट्टा उद्योगलाई घरेलु उद्योग सरह मान्यता दिनु पर्ने ।
- कच्चा पदार्थमा तयारी सामानमा भन्दा एक तह कम आयात भन्सार महसूल लगाउनु पर्ने ।
- मिति २०६९ साल जेष्ठ १५ गते गणतन्त्र दिवसको अबसरमा सम्माननीय राष्ट्रपति डा. रामबरण यादवबाट महासंघका उपाध्यक्ष एवं बस्तुगत परिषदका सभापति श्री प्रदिपजंग पाण्डे प्रबल सेवा श्री पदकवाट बिभूषित हुनु भएकोमा महासंघका अध्यक्ष, उपाध्यक्ष लगायत उपस्थित सर्म्पूण सदस्यहरुबाट उहांलाई हार्दिक बढाई दिइयो ।

मिति २०६९ साल जेष्ठ २१ गते बसेको महासंघको बस्तुगत परिषद र मिति २०६९ साल जेष्ठ २२ गते बसेको जिल्ला/नगर उद्योग वाणिज्य परिषदको बैठकहरुको निर्णयको आधारमा मिति २०६९ साल जेष्ठ ३१ गते जिल्ला/नगर उद्योग वाणिज्य परिषद र बस्तुगत परिषदले संयुक्त रुपमा मुलुकको विद्यमान आर्थिक अबस्था एवं उत्पन्न जटिल परिस्थितिका सन्दर्भमा प्रेश सम्मेलन आयोजना गरी महासंघको धारणा स्पष्ट पारियो ।

मिति २०६९।६।११ गते भृकुटीमण्डपमा नेपालमा पहिलो पल्ट स्वदेशमा बनेका तथा विदेशबाट आयात गरिएका विभिन्न प्रकारका फर्निचर तथा फर्निसिंग सामाग्रीहरुको खरीद, उपभोग तथा हेरचाह सम्बन्धी बढी भन्दा बढी जानकारी गराउने उद्देश्यले नेपाल फर्निचर तथा फर्निसिंग संघद्वारा आयोजना भएको प्रदर्शनीको उद्घाटन समारोहमा महासंघको तर्फबाट उपाध्यक्ष श्री प्रदिपजंग पाण्डेले प्रमूख अतिथीको रुपमा भाग लिनु भएको थियो । साथै मिति २०६९।६।१५ गते Nepal Cloth Merchant Tailoring Association को बाह्रौ वार्षिक साधारण सभामा समेत उहांले भाग लिनु भएको थियो ।

महासंघमा आवद्ध सबै बस्तुगत संघहरुको स्थापना मिति, महासंघमा सदस्य भएको मिति, त्यस बखतका पदाधिकारीहरुको नाम, हालका पदाधिकारीहरको नाम र हरेक वर्ष वार्षिक साधारण सभा भए/नभएको विवरण समेटिएको FNCCI Commodity Associations Profile तयार भएको छ । साथै बस्तुगत संघहरुको बार्षिक कृयाकलाप, मूल्य सूचकाङ्क, मुख्य समस्या तथा समाधानका उपायहरु समेटीएको "Commodity Association Image" उद्योग वाणिज्य दिवसमा मा प्रकाशन गर्नका लागि आवश्यक कार्य भईरहेको छ ।

वाार्षिक साधारण सभा सम्पन्न भएका वस्तुगत संघहरुको विवरण :

महासंघमा प्राप्त जानकारी अनुसार महासंघको ४६ औं साधारणसभा (२३ चैत्र २०६८) पश्चात हालसम्म साधारण सभा सम्पन्न गरेका वस्तुगत संघहरुको विवरण अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

## ३. रोजगारदाता परिषद :

नेपाल उद्योग वाणिज्य महासंघको रोजगारदाता परिषद्ले आफ्नो स्थापनाकाल देखि नै असल औद्योगिक सम्वन्ध कायम गर्न अटुट रुपमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आईरहेको छ । विगत्का वर्षहरुमा जस्तै यस वर्ष पनि औद्योगिक शान्ति तथा श्रम समस्यासंग सम्बन्धित विभिन्न विषयहरुको साथ साथै अन्य सरोकारवाला संघ संस्थासंग सहकार्य गरी श्रम सम्बन्ध सुधार गर्न रोजगारदाता परिषद्ले आफ्ना गतिविधीहरुलाई निरन्तरता दिंदै आएको छ । विभिन्न प्रतिष्ठानहरुमा भएका श्रम विवाद समाधान गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने तथा उपयुक्त उपाय खोज्ने कार्य गरी श्रम सम्बन्ध सुधार गर्ने कार्य अगाडी बढाएको छ । परिषद्ले सामाजिक बहस, सूचना प्रवाह, तालीम, अन्तरकृया कार्यक्रम, श्रम समस्याहरुसँग सम्वन्धित पुस्तिकाहरुको प्रकाशन जस्ता सेवाहरुको माध्यमबाट पनि रोजगारदाताहरुको क्षमता अभिवृद्धिको लागि निरन्तर कार्य गर्दै आईरहको छ ।

श्रम सम्वन्धको स्थितिलाई मजबुत पार्नका लागि परिषद्ले सदस्य उद्योग प्रतिष्ठानलाई सेवा प्रदान गर्न निरन्तर प्रयत्नशील रहदै आएको छ । श्रम सम्वन्धी कुनै पनि समस्या र विवादको समाधान छलफल र सहकार्यका माध्यमबाट गर्नुपर्दछ भन्ने मान्यता अनुरुप व्दिपक्षीय एवं त्रिपक्षीय भेटघाट र सम्वादलाई महत्वका साथ निरन्तरता दिईदै आएको छ । यस अवधिमा पनि रोजगारदाता र ट्रेड युनियनका पदाधिकारी र प्रतिनिधिहरु बीच समय समयमा औपचारिक तथा अनौपचारिक भेटघाट र छलफल कार्यक्रमलाई निरन्तरता दिदै श्रम सम्वन्ध सुधारमा जोड दिईएको छ ।

श्रम कानून सुधार सम्वन्धमा पनि ठाउँ ठाउँमा अन्तरकृया कार्यक्रमहरु सञ्चालन गरी सूचनाहरु प्रवाह गर्ने, राय सुझावहरु संकलन गर्ने कार्यहरुमा निरन्तरता दिदै आएको छ । औद्योगिक सम्बन्ध सुधार विषयमा हुने गरेका सम्मेलन, गोष्ठि, तालीम तथा अन्य कार्यक्रमहरुमा सहभागि भई राय सल्लाह दिने लगायत परिषद्को तर्फबाट पनि सो सम्वन्धी विभिन्न तालीम कार्यक्रमहरु आयोजना गर्दै आएको छ । यस अवधिमा परिषद्बाट सम्पन्न कार्यक्रम र गतिविधिको विवरण निम्न बमोजिम रहेको छ :

(क) **श्रम सम्बन्धको स्थिति**

परिषद्ले सबै सामाजिक साझेदारहरु तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग सहकार्य गरी श्रम सम्बन्धका विषयमा विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । यस वर्ष Courier Service, KFC, Surya Nepal Pvt Ltd, Swabhalamban Micro Finance Development Bank Ltd, Shikhar Shoe Pvt Ltd, Thai Airlines लगायत अन्य केही प्रतिष्ठान तथा सेवाका क्षेत्रहरुमा श्रृजित श्रम विवादहरुको समाधान गर्न सहजकर्ताको भूमिका निर्वाह गर्नुको साथसाथै सो सम्बन्धमा राय सल्लाह सुझाव दिने कार्य समेत गरिएको छ ।

(ख) **श्रम कानून सुधार सम्बन्धमा**

श्रम तथा रोजगार मन्त्रालयको अग्रता तथा अन्तराष्ट्रीय श्रम संगठनको प्राविधिक सहयोगमा गत चार वर्ष अघि देखि शुरु भएको श्रम ऐन संशोधन प्रकृया यस वर्ष पनि निरन्तर रुपमा चली रहयो । सो कार्यमा परिषद्को सक्रिय भूमिका रहदै आएको छ । यसै सिलसिलामा श्रम कार्यालयले सामूहिक सौदाबाजी सम्बन्धमा आयोजना गरेको एक दिवसीय अन्तरकृयामा परिषद्ले सकृय सहभागिता जनाएको थियो ।

(ग) **औद्योगिक सम्बन्ध सुधार विषयमा सम्मेलन, गोष्ठि, तालीम तथा अन्य कार्यक्रमको आयोजना :**

(१) श्रम तथा रोजगार मन्त्रालयले असार २५, २६ र २७, २०६९ मा आयोजना गरेको तीन दिवसीय **श्रम तथा रोजगार सम्मेलन**मा यस परिषद्को अगुवाइमा विभिन्न जिल्ला उबासंघ तथा अन्य सदस्य संघ सस्थाका प्रतिनिधिहरु सो सम्मेलनमा उपस्थित भई रोजगारदाताहरुको तर्फबाट आफ्नो कुराहरु सशक्तरुपमा राखेका थिए । सो सम्मेलनको घोषणा पत्र लेखन कार्यमा महासंघका उपाध्यक्ष तथा परिषद्का सभापति श्री पशुपति मुरारकाले नेतृत्व गर्नु भएको थियो ।

(२) आई. एल ओ. (ILO) को आर्थिक सहयोगमा पाँचवटा जिल्ला नगर उबासंघमा सामाजिक सुरक्षा र संरक्षण (Social Security and Social Protection) सम्बन्धि अन्तरकृया कार्यक्रम आयोजना गर्ने सम्झौता अनुसार यस वर्ष विराटनगर, विरगञ्ज, मकवानपुर, पोखरा, सिद्धार्थनगर तथा ललितपुर उबासंघहरुको सहयोगमा विभिन्न प्रतिष्ठानहरुको प्रतिनिधीहरुलाई सामाजिक सुरक्षा सम्वन्धी एक दिवसीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो ।

(३) आइ. एल. ओ. को आर्थिक सहयोगमा परिषद्ले सन २०११/१२मा सम्पन्न गरेका सबै कार्यक्रम तथा गतिविधिहरुको मुल्याङ्कन गरी त्यसको प्रतिवेदन तयार गर्ने उद्देश्यले जेनेभावाट आएका consultant संग मिति जेष्ठ २४, २०६९ गतेका दिन होटल हिमालयनमा एक दिवसीय अन्तकृया कार्यक्रम आयोजना गरियो । आइ. एल. ओ. को आर्थिक सहयोगमा संचालन गरिएका कार्यक्रममा सहभागी भएका सबै जिल्ला नगर उबासंघ तथा बस्तुगत् सघंहरुका प्रतिनिधिहरु उपस्थिति भई आफ्ना आफना धारणा र सुझाव दिएका थिए । सोही क्रममा सो consultant लाई यी कार्यक्रममा सहभागी भएका भक्तपुरका केही उद्योगहरुको भ्रमण गराइएको थियो ।

(४) यसै क्रममा यस वर्ष पनि मस्यौदा श्रम ऐन तथा सो ऐनहरु उपर महासंघको धारणा सम्बन्धमा जनकपुर र विराटनगरमा साथै मोरंग उद्योग संगठनको आयोजनामा विराटनगरमा नै एउटा अर्को पनि एक दिने अन्तरकृया कार्यक्रम सम्पन्न गरियो ।

(५) आई. एल. ओ. ले अगष्ट ३०, २०१२ मा इन्डोनेशियामा आयोजना गरेको ग्रीन जब सम्बन्धी सम्मेलनमा रोजगारदाता परिष्दका उप सभापति श्री मनिष अग्रवाल सहभागी हुनु भएको थियो ।

(६) श्रीलंकामा भएको आई. एल. ओ. को क्षेत्रिय सम्मेलनमा रोजगारदाता परिष्द्का उप सभापति श्री मनिष अग्रवाल र निर्देशक श्री हंशराम पाण्डेय सहभागी हुनुभएको थियो ।

(७) त्यस्तै श्रम तथा रोजगार मन्त्रालय र आई. एल. ओ. ले नोभेम्बर ४ – १० सम्म आयोजना गरेको क्यामबोडिया र अष्ट्रेलियामा विवाद समाधान निकायहरुको अध्ययन भ्रमणमा रोजगारदाता परिष्दका सभापति श्री पशुपति मुरारका सहभागी हुनुभएको थियो ।

(८) भियतनाममा आयोजना गरिएको AOTS को वार्षिक कार्यक्रममा सचिवालयको तर्फवाट निर्देशक श्री हंसराम पाण्डेय र उप निर्देशक श्री यज्ञमान शाक्यले भाग लिएका थिए ।

(घ) आई. एल ओ (ILO) को आर्थिक सहयोगमा परिषद्ले बाल श्रम निवारण र Green Job सम्बन्धित जानकारीमूलक कार्यक्रम सम्पन्न गरेको छ । रेडियो नेपाल मार्फत ५ मिनेट लामो ८ वटा ईपिसोडमा बाल श्रम निवारण सम्बन्धि चेतनामुलक रेडियो कार्यक्रम प्रसारण गरिएको थियो । त्यसै गरी राष्ट्रिय दैनिक पत्रिकामा ४ वटा बालश्रम सम्वन्धि लेखहरु प्रकाशन गरियो ।

त्यस्तै वातावरण अनुकुल कार्य (Green Job) को लागि काठमाडौं र भक्तपुरमा कार्यशाला गोष्ठि गर्नुका साथै ५ वटा प्रतिष्ठानहरुमा वातावरण अनुकुल कार्य (Green Job) सम्बन्धी अध्ययन प्रतिवेदन (Case Study) तयार गरी सो मध्येवाट तिनवटा प्रतिष्ठानहरुको Documentary Movie तयार गरी इन्डोनेशियामा आयोजना गरिएको ILO कार्यक्रममा प्रस्तुतीको लागि पठाउने कार्य सम्पन्न गरिएको छ ।

**(ङ) मस्यौदा श्रम कानून सम्वन्धमा अन्तरकृया**

GiZ को आर्थिक सहयोगमा यस वर्ष पनि सदस्य संघ संस्थाहरुलाई आई एल ओको प्राविधिक सहयोगमा तयार पारिएको मस्यौदा श्रम ऐन तथा सो ऐनहरु उपर महासंघको धारणा सम्बन्धमा धनगढी, सुर्खेत, दाङ्ग तथा प्यूठान उद्योग वाणिज्य संघहरुमा अन्तरकृया कार्यक्रम गरी सो मस्यौदामा भएका श्रम ऐनका विषयहरुका बारेमा पूनः जानकारी गराइयो ।

**(च) उद्योग अध्ययन भ्रमण**

रोजगारदाता परिषद्को क्षमता अभिवृद्धि गर्ने उदेश्यले परिषद्का उप निर्देशक यज्ञमान शाक्य र औद्योगिक सम्बन्ध तथा श्रम ऐन विशेषज्ञ श्री रोमन अविक को टोलीले उद्योग प्रतिष्ठानहरुमा विद्यमान श्रम समस्याहरुको स्थलगत अध्ययन गरी त्यस्ता समस्याहरुको न्यूनिकरण तथा कार्यस्थल सहकार्य र तालिम सम्बन्धि उपयुक्त कार्यक्रमहरु तर्जुमा गर्न हेटौडामा अवस्थित औद्योगिक क्षेत्रमा रहेको यूनिइटेड ब्रुवरी र गंगा सोप इण्डष्ट्री र सिद्धार्थनगरमा अवस्थित जगदम्बा सिमेन्ट प्रा. लि. र जगदम्बा सिन्थेतिक यार्न प्रा. लि. को स्थलगत् भ्रमण गरिएको थियो ।

**(छ) अन्य**

श्रम समस्या न्यूनिकरण गरी असल श्रम सम्वन्ध कायम गर्ने उद्देश्यका साथ उद्योग प्रतिष्ठान लगायत अन्य सदस्य संस्थाहरुलाई वितरण गर्नका लागि वार्ता तथा सामुहिक सौदावाजी, कार्यस्थल सहकार्य जस्ता पुस्तिकाहरु लगायत यस वर्ष रोजगारदाता पुस्तिका (Employers' Handbook), Employers' Brochure तथा सूचनामूलक विभिन्न स्टीकरहरु पूनः छपाई गरी वितरण पनि गर्दै आएको छ ।

यस वर्षदेखि नेउवासंघ रोजगारदाता परिषद्को पहलमा कान्तिपुर टेलिभिजनमा **"उद्यम"** विषयमा आधा घण्टाको कार्यक्रमको प्रशारण पनि शुरु गरिएको छ ।

महासंघमा हरेक वर्ष KUSOM कलेजबाट लिईने Interns मध्ये यस वर्ष २ जना Interns रोजगारदाता परिषद्मा कार्यरत् रहेकोमा ती २ Interns बाट दुई भिन्न विषयमा (1. Labour Relations in Nepal: The Role of Employers' Associations, Trade Unions, Government and ILO, 2. Employee Relations Programs and Practices in Manufacturing Industries of Kathmandu) शोधकार्य गराई सो सम्वन्धी प्रतिवेदनहरु पनि तयार गराईएको छ ।

**(ज) तालीम इकाईको क्षमता विकास तथा सेवा विस्तार सम्वन्धमा**

श्रम सम्वन्ध लगायत औद्योगिक सम्वन्ध सुधार सम्वन्धी विभिन्न विषयमा नियमित रुपमा तालीम कार्यक्रम सञ्चालन गर्ने योजना अनुसार् अन्तराष्ट्रिय श्रम संगठनको सहयोगमा गत् स्थापना भएको तालीम इकाईले यस वर्ष पनि सशुल्क तालीमहरु विभिन्न उद्योग प्रतिष्ठान लगायत अन्य संघ सस्थाका प्रतिनिधिहरुका लागि पनि सञ्चालन गरियो ।

यसै सन्दर्भमा श्रम ऐन तथा औद्योगिक सम्वन्ध सुधार सम्वन्धि विषयमा नियमित रुपमा तालीम कार्यक्रमहरु सञ्चालनार्थ विषयहरुसँग सम्वन्धित अनुभवी श्रोत व्यक्तिहरुको पनि खोजी गरी तालीम कार्यक्रमहरुमा ती श्रोत व्यक्तिहरुलाई परिचालन पनि गर्दै आएको छ । तालीम इकाईबाट आयोजना गरिने सवै तालीम कार्यक्रमहरु रोजगारदाता परिषद्को वेब साइटमा नै प्रकाशित गरिने प्रकृयालाई स्थापित गरिएको छ । आयोजना गरिने तालीम, गोष्ठि वा अन्तरकृया कार्यक्रमहरु उपत्यकाभित्र मात्र सिमित नराखी स्थानीय जिल्ला उद्योग वाणिज्य संघहरुसँगको सहकार्यमा पनि सञ्चालन गर्दै आएकोमा यस वर्ष पनि यस कार्यलाई निरन्तरता दिईएको छ ।

यस वर्ष श्रम ऐन तथा औद्योगिक सम्वन्धसँग अप्रत्यक्ष रुपमा सम्वन्ध रहेका तालीमहरु जस्तै बजार व्यवस्थापन शीप (Marketing Skills) सम्वन्धी तालीम पनि सम्पन्न गरिएको छ । यसै गरी असल श्रम सम्वन्ध कायम राख्नका लागि मानव संशाधन व्यवस्थापनको भूमिकालाई मध्यनजर गरी सो का लागि “Designing Human Resources System” सम्बन्धि दुई दिवसीय तालिम कार्यक्रम पनि महासंघमा संचालन गरिएको थियो ।

आफ्ना सेवा विस्तार गर्ने क्रममा यस वर्षदेखि रोजगारदाता परिषद्ले आफ्ना सदस्यहरु तथा उद्योग प्रतिष्ठानहरुलाई श्रम ऐनसँग सम्वन्धी विषयहरुमा अन्तरकृया कार्यक्रमको आयोजना गरिएको थियो ।

**(झ) AOTS जापान अन्तर्गतको कार्यकम**

परिषद्ले AOTS जापानले संचालन गर्दै आएको विभिन्न तालिम कार्यकमहरुमा सदस्य संघ सस्थाहरु तथा विभिन्न कम्पनीहरुबाट व्यक्तिहरु मनोनयन गरी पठाएको छ । AOTS Japan ले विभिन्न मितीमा टोक्यो र याकोहामा जापानमा आयोजना गरिएको मानव संशाधन व्यवस्थापन सम्बन्धी तालीममा सूर्य नेपाल प्राइभेट प्रा. लि. का श्री दिपेशमान श्रेष्ठ, एन. एम. बि. बैंकका श्री विजय गिरी, मकवानपुर उबासंघका श्री विवेक मानन्धर, रत्ननगर उबासंघका श्री रसिक प्रधान, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य (OSH) सम्वन्धी तालीममा महासंघ तालीम इकाईका शकुन्तला श्रेष्ठले भाग लिएका थिए भने एन आई बी एल बैंकका श्री गोकर्ण दुवाढी आउदो मानव संशाधन व्यवस्थापन सम्बन्धी तालीममा भाग लिन जादै छन् ।

रोजगारदाता परिषद् अन्तर्गत् यस अवधिमा सञ्चालित कार्यक्रमहरुको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

३. **उद्योग :**

उद्योग समितिले उद्योग क्षेत्रको विकास, विस्तार एवं प्रवर्द्धन सम्बन्धी नीतिगत सुधार र कानूनको कार्यान्वयन सम्बन्धमा सम्बन्धित नेपाल सरकार एवं सरोकारवाला निकायहरुमा पहल गर्दै आएको छ ।

समितिको पहलमा २०६९ श्रावण ८ गते USAID/NEAT Activity को सहयोगमा उद्योग मन्त्रालय र यस महासंघको संयुक्त आयोजनामा सरकारी, गैर सरकारी एवं सरोकारवाला सबै संघ/संस्थाहरुको सहभागितामा काठमाडौंमा औद्योगिक व्यवसाय ऐन, २०६८ को मस्यौदा सम्बन्धमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । माननीय उद्योग मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा भएको उक्त अन्तरक्रिया कार्यक्रममा औद्योगिक व्यवसाय ऐन, २०६८ को मस्यौदामा हुनु पर्ने व्यवस्थाहरु सम्बन्धमा महासंघको सुझाव समितिका सभापति श्री दिनेश श्रेष्ठबाट प्रस्तुत भएको थियो ।

समितिको पहलमा महासंघले विद्यमान कम्पनी ऐन, २०६३ मा भएका व्यवस्थाहरु अव्यवहारिक भएको तथ्यलाई समेत दृष्टिगत गरी विद्यमान कम्पनी ऐनमा भएका व्यवस्थाहरुको संशोधनको लागि सुझाव उद्योग मन्त्रालय एवं कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रस्तुत गरेको छ ।

नेपाल सरकारले शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्यसुधार कार्ययोजना, २०६९ अनुसार ५०० जना भन्दा बढी रोजगारी दिने उद्योगलाई लागत सहभागितामा छुट्टै सुरक्षा व्यवस्था मिलाउने र सो भन्दा कम संख्यामा रोजगारी दिने उद्योगले Dedicated Secutity Force मागेमा लागत सहभागितामै सुरक्षाकर्मी खटाउने व्यवस्था मिलाउने सम्बन्धमा उद्योग मन्त्रालयबाट कार्ययोजना तयार गरेको छ । यसै सन्दर्भमा सुरक्षा व्यवस्था मिलाउने प्रयोजनका लागि उद्योग मन्त्रालयबाट महासंघमा उद्योगहरुको विवरण माग भई आए अनुसार महासंघले उद्यागेहरुबाट विवरण माग गरेको र प्राप्त विवरण उद्योग मन्त्रालयमा पठाएको छ ।

लगानीको वातावरणमा सुधार गर्ने उद्देश्यले अन्तरर्राष्ट्रिय वित्त निगमको सहयोगमा नेपाल सरकारले अनुमति पत्र सम्बन्धी पोर्टल तयार गरेको र यस सम्बन्धी उद्योगी व्यवसायीहरुलाई जानकारी गराउने उद्देश्यले झापा, विरगञ्ज, विराटनगर एवं काठमाडौंमा समितिले महासंघका सदस्य संघ संस्थाहरुका प्रतिनिधिहरुको सहभागितामा यस सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरेको थियो । उक्त कार्यक्रममा राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट यस सम्बन्धी विस्तृत विवरण सहितको प्रस्तुतिकरण गरेको थियो । सो कार्यक्रम समितिका सभापति श्री दिनेश श्रेष्ठको संयोजकत्वमा आयोजना भएको थियो ।

स्वच्छ एवं नियमसंगत व्यापारिक कृयाकलाप मार्फत स्वदेशी उद्योगहरुलाई सहयोग पुर्‍याउने उद्देश्यले नेपाल सरकारले सेफगाडर्स, एण्टिडम्पिङ्ग तथा काउण्टरभेलिङ्ग सम्बन्धी ऐनको मस्यौदा तयार गरेको र सो सम्बन्धमा महासंघको राय सुझाव पठाउन वाणिज्य तथा आपूर्ति मन्त्रालयले अनुरोध गरको थियो । यस सम्बन्धमा राय सुझाव पठाउन महासंघका सबै सदस्य संघसंस्थाहरुमा अनुरोध गरेको र प्राप्त राय सुझाव समेतलाई अध्ययन गरी सो सम्बन्धमा महासंघको राय सुझाव वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाएको थियो ।

मिति २०६९/२/१५ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचनामा स्वदेशमा उत्पादित तथा विदेशबाट आयात हुने चूनजन्य पदार्थ तथा सिमेन्टलाई राजपत्रमा सूचना प्रकाशित भएको मितिले ९१ औं दिनदेखि लागू हुनेगरी लेमिनेशन गरेको बोरामा प्याकेजिङ्ग गरेर मात्र बजारमा ल्याउनु पर्ने निणर्यको सम्बन्धमा सम्बन्धित संघ संस्थाबाट प्राप्त सुझाव अनसार चुनजन्य पदार्थ र सिमेन्टको प्याकिङ सम्बन्धी नयां मापदण्ड निर्धारण गर्दा सबै सरोकारवालासंग आवश्यक छलफल तथा नयां मापदण्डबाट पर्ने आर्थिक एवं वातावरणीय प्रभावको राम्रो विश्लेषण गरेर मात्र निर्णय गर्न उपयुक्त हुने भएकोले लेमिनेशन गरेको बोरामा प्याकिङ गरेर मात्र बजारमा ल्याउनुपर्ने नेपाल सरकारले गरेको निर्णय व्यवहारिक

नभएकोले कार्यान्वयन नगर्ने व्यवस्थाको लागि महासंघले उद्योग मन्त्रालय, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय र उद्योग विभागमा अनुरोध गरेको थियो ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले विगतमा उद्योग पक्ष र व्यवस्थापन पक्ष विचको सहमति विपरित औद्योगिक क्षेत्र भित्रका उद्योगहरुले चर्चेको जग्गा तथा भवनको भाडा एकतर्फी रुपमा ८५० देखि १४०० प्रतिशतसम्म भाडाबृद्धि भएको सम्बन्धमा भाडाबृद्धिको विरोध सहित नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघले यस महासंघलाई ऐक्यबद्धता जनाईदिन अनुरोध भई आए अनुसार समितिको वैठकले यस विषयमा विस्तृत छलफल गरी भाडा बृद्धि सम्बन्धमा ऐक्यबद्धता जनाई उक्त भाडाबृद्धि कार्यलाई तत्काल रद्ध गरी समय सापेक्ष एवं मुदास्फितिलाई आधार मानी औद्योगिक क्षेत्र भित्रका उद्योगहरुको प्रतिनिधि संस्था नेपाल औद्योकिग क्षेत्र उद्योग महासंघसंग वार्ता गरी सहमति पश्चात मात्र नयां भाडादर तय गर्नुपर्ने अनुरोध गरेको थियो ।

राजस्व तथा औद्योगिक सुरक्षा निर्देशिका बारे राय सुझाव पठाउन उद्योग मन्त्रालयबाट अनुरोध भए अनुसार महासंघका सबै सदस्यहरुलाई सुझावको लागि अनुरोध गरेको र प्राप्त सुझावहरुको आधारमा महासंघले सो सम्बन्धी राय सुझाव तयार गरी उद्योग मन्त्रालयमा पठाएको छ । यस विषयमा महासंघले नेपाली सेना र नेपाल प्रहरीका पूर्व वरिष्ठ अधिकृतहरुसंग समेत छलफल गरेको थियो ।

समितिको पहलमा ट्रेडमार्क, पेटेन्ट डिजायनको दर्ता र प्रयोग सम्बन्धमा देखिएका समस्याहरुको निराकरण तथा ट्रेडमार्क र पेटेन्ट डिजायन दर्ता अनुगमन आदिका सम्बन्धमा अपनाउनु पर्ने प्रकृया र कार्यविधीका सम्बन्धमा हुनुपर्ने व्यवस्थाबारे उद्योग विभागमा अनुरोध गरेको र यसै सन्दर्भमा समितिका सभापति श्री दिनेश श्रेष्ठ एवं सम्बन्धित प्रतिनिधिहरुले उद्योग विभागका महानिर्देशकज्यूसंग यस विषयका साथै उद्योग सम्बन्धि समसामयिक विषयहरुमा छलफल गरेको थियो ।

औद्योगिक व्यवसाय ऐन २०४९ अनुसार उद्योग विभागका महानिर्देशकको संयोजकत्वमा गठित एकद्धार समितिमा महासंघको तर्फबाट उद्योग समितिका सभापति श्री दिनेश श्रेष्ठले प्रतिनिधित्व गर्दै आउनु भएको छ । एकद्धार समितिको बैठकबाट हालसम्म रु १ अर्व ९० करोड बराबरको भंसार महसुल फिर्ता दिने निर्णय भएको छ ।

कम्पनी रजिष्टार कार्यालयले २०६९ माघ २५ गते काठमाडौंमा आयोजना गरेको Automated system and E-service मा महासंघको तर्फबाट उद्योग समितिका सभापति श्री दिनेश श्रेष्ठले प्रतिनिधित्व गर्नु भएको थियो । माननीय उद्योग मन्त्री श्री अनिल कुमार झाबाट समुद्घाटन भएको उक्त कार्यक्रममा महासंघको तर्फबाट उहांले मन्तव्य व्यक्त गर्नु भएको थियो । मन्तव्यको क्रममा उहांले कम्पनी रजिष्ट्रार कार्यालयले गरेको Automated system and E-service कार्यको सराहना गर्नु हुदै महासंघले आफ्ना सदस्य संघ संस्था जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ एवं अन्य औद्योगिक प्रतिष्ठानहरुलाई जानकारी गराउनुका साथै उक्त वेवसाइटसंग महासंघ एवं सदस्य संघ/संस्थाको वेवसाइटको Link up गर्ने व्यवस्था समेत मिलाउने जानकारी गराउनु भएको थियो ।

४. **व्यापार :**

सन् २००९ अक्टुवरमा सम्पन्न नेपाल भारत व्यापार सन्धीले अन्तराष्ट्रिय प्रचलन अनुसार Wholly Produced को व्यवस्था गरि सो अन्तर्गt Used articles collected there, fit only for the recovery of raw materials लाई भारत प्रवेश गर्न सक्ने व्यवस्था सम्बन्धमा नेउवामहासंघबाट वाणिज्य तथा आपूर्ति मन्त्रालयमा अनुरोध गरिएकोमा मन्त्रालयबाट कवाडीजन्य मालबस्तु आवश्यक कार्यविधि निर्धारण गरि कुनै पनि संघ संगठनको सिफारिश नलिई उत्पत्तिको प्रमाण पत्र जारी गर्ने सहज व्यवस्था मिलाउने निर्णय भई आएकोले स्वदेशी

उद्योगहरुलाई नकारात्मक असर पर्ने भएको खण्डमा नेउवामहासंघले रोक्न सक्ने व्यवस्था सहित कार्यान्वयन प्रक्रिया शुरु भएको छ ।

राष्ट्रको निर्यात व्यापार अभिबृद्धि गरि व्यापार घाटा कम गर्दै शोधनान्तर स्थितिमा सुधार ल्याउने उद्देश्यले निर्यातमा नगद प्रोत्साहन सम्बन्धि कार्यविधि, २०६८ लागु भई आएकोमा सो कार्यविधिमा अझ सरलीकरण गर्न विभिन्न क्षेत्रबाट माग भई आएको सन्दर्भमा मूल्य अभिबृद्धि गणना गर्ने विधिलाई सरलीकरण गर्न र समसामयिक बनाउने विषयमा जोड दिईएको छ ।

अत्यावश्यक बस्तुहरु मध्ये खास गरी चिनीको आपूर्ति व्यवस्थालाई सहज बनाउन देशको उत्पादनको स्थितिलाई समेत मध्यनजर राख्दै Buffer Stock को योजना तर्फ ध्यानाकर्षण गर्नुको साथै तत्कालको लागि सहुलियत दरमा वा कर छुट गरेर भएपनि ५०,००० मेट्रिक टन चिनी पैठारी गर्ने गरी व्यापार समितिले गरेको निर्णयलाई वाणिज्य तथा आपूर्ति मन्त्रालयले सकारात्मक रुपमा लिएको छ । Buffer Stock को व्यवस्था गर्दा अत्यावश्यक बस्तुहरु जस्तै चामल, दाल, तेल, चिनी एवं पेट्रोलियम पदार्थ आदिको माग देशमा के कति छ, खपत कति छ, Feeder Market कुन कुन ठाउंलाई बनाउन सकिन्छ, भौगोलिक परिस्थिति समेतलाई ध्यानमा राखि सम्बन्धित विषयका विशेषज्ञहरुको परामर्श, सरोकारवाला संस्थासंगको समन्वयलाई समेत मध्यनजर राखि आगामी दिनहरुको लागि प्रक्रिया अगाडी बढाउन समिति क्रियाशिल रहेको छ ।

निकासीमा नगद अनुदान निर्देशिकालाई सरलीकरण गर्न वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवको संयोजकत्वमा गठित सुझाव सिफारिश समितिको मिति २०६९/३/७ गते बसेको बैठकमा निर्यातमा नगद प्रोत्साहन कार्यविधि, २०६८ को प्रभावकारी कार्यान्वयनका लागि कार्यविधिको दफा ३ बमोजिम मूल्य अभिबृद्धि गणना गर्ने विधिमा उद्योग विभागले निजी क्षेत्रसंग समेत समन्वय गरी अध्ययन गर्ने र विधिलाई सरलीकरण गर्न र समसामयिक बनाउन निर्णय भएको थियो । निकासीमा नगद अनुदानको बर्तमान निर्देशिकालाई सरलीकरण गर्न वाणिज्य तथा आपूर्ति मंत्रालयका सहसचिवको संयोजकत्वमा गठित सुझाव सिफारिश समितिमा समिति सभापति श्री शंकर प्रसाद पाण्डेयले प्रतिनिधित्व गर्दै आउनु भएको छ ।

नेपालको व्यापार क्षमता अभिबृद्धि गर्न विश्व व्यापार संगठन अन्तर्गतको Enhanced Integrated Framework (EIF) मार्फत प्राप्त श्रोत र साधन तथा अन्य सहायताहरुको प्रभावकारी परिचालन एवं संचालनको लागि उद्योग मन्त्रालयको औद्योगिक प्रबर्द्धन महाशाखा प्रमूखको संयोजकत्वमा गठित "लगानी प्रबर्द्धन व्यापारको लागि प्राविधिक अवरोध (TBT) तथा बौद्धिक सम्पत्ती अधिकार (TRIPs) सम्बन्धी प्राविधिक समितिको बैठकमा निजी क्षेत्रको सहभागितालाई प्रभावकारी रुपमा परिचालन गर्ने आवश्यकतालाई जोड दिइएको थियो ।

जर्मनीको संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालयका अधिकारीहरु सम्मिलित प्रतिनिधिमण्डलसंग नेपाल र जर्मनी बीचको द्विपक्षीय विकास सहयोगका सम्बन्धमा हुने छलफलको लागि नेपालको तर्फबाट निकासी व्यापार बृद्धि एवं प्रबर्द्धन गर्न Product Diversification, Market Access, Capacity Building, Market Information and Trade Opportunities जस्ता विषयहरु छलफलमा समेटिनु पर्ने सुझावहरु वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइएको छ ।

नेपालको व्यापार क्षमता अभिबृद्धि गर्न विश्व व्यापार संगठन, जेनेभा मार्फत Enhanced Integrated Framework (EIF) अन्तर्गत प्राप्त हुने सहायता परिचालन गर्न र वैदेशिक व्यापारलाई सुव्यवस्थित गर्न आवश्यक नीतिगत मार्गदर्शन प्रदान गर्न नेपाल सरकारका मूख्य सचिवको संयोजकत्वमा गठित निर्देशन समितिको मिति २०६९/३/२४ गते बसेको आठौं बैठकमा अध्यक्ष श्री सुरज बैद्यले भाग लिनु भएको थियो ।

नेपाल सरकार (मं.प.) को मिति २०६९/३/२१ को निर्णय बमोजिम स्वीकृत "संयुक्त बजार अनुगमन निर्देशिका २०६९" मा व्यवस्था भए बमोजिम वाणिज्य तथा आपूर्ती मन्त्रालयका

सचिवज्यूको अध्यक्षतामा गठित संयुक्त बजार अनुगमन समन्वय समितिको मिति २०६९/४/८ गते बसेको बैठकले देहाय बमोजिम निर्णय गरेको छ :

(क) हाल बजारमा तरकारी तथा फलफूलको अस्वाभाविक मूल्य बृद्धि भइरहेको सन्दर्भमा कृषि विकास मन्त्रालय र वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले सरोकारवाला निकायसंग समन्वय गरी बजार अनुगमनलाई तिव्रता दिने ।

(ख) क्षेत्रगत रुपमा अनुगमन गर्ने निकायले बजार अनुगमनको कार्य योजना तयार गरी पेश गर्न निर्देशन दिने ।

(ग) बर्षातको समय भएको र सरकारी कार्यालय समेतले खानेपानी आपूर्तिका लागि विज्ञापन गरिरहेको अवस्था हुंदा खानेपानीको गुणस्तरका विषयमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले तत्काल अनुगमन कार्य गर्ने ।

(घ) भन्सार नाका हुंदै भारतबाट म्याद सकिएका खाद्य सामग्रीहरु नेपाल भित्रने गरेको सूचना जानकारी बैठकमा हुन आएकोले यस सम्बन्धमा कडा निगरानी गर्न भन्सार विभागलाई अनुरोध गर्ने ।

(ङ) औषधिजन्य पदार्थ एउटा प्राविधिक विषय भएकोले यसको बजार अनुगमन गर्न स्पष्ट Guideline तयार गर्नु पर्ने आवश्यकता महशुष भएकोले वाणिज्य तथा आपूति व्यवस्थापन विभाग सरोकारवाला निकायसंग समन्वय गरी Guideline तयार गरी अर्को बैठकमा पेश गर्ने ।

(च) बजार अनुगमन सम्बन्धमा जनचेतनाको कमी भएको विषय बैठकमा छलफल हुंदा वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

नेपाल सरकारबाट राष्ट्रिय योजना आयोगका मा. उपाध्यक्षज्यूको संयोजकत्वमा पेट्रोलियम पदार्थ आपूर्ति व्यवस्थापन र मूल्य निर्धारण सम्बन्धी उच्चस्तरीय समितिद्वारा गठित कार्यदलको पेट्रोलियम पदार्थको कारोवार जस्तै मूल्य पुनरावलोकन, अत्पकालिन मध्यकालिन तथा दीर्घकालिन नीति तथा योजना, Price Stabilization Fund, सहज आपूर्ति जस्ता विषयहरुमा भएको बैठकमा व्यापार समितिका सभापतिको सहभागिता रही पेट्रोलियम पदार्थको कारोवारमा निजी क्षेत्रको संलग्नता बढाउदैं लैजानुपर्ने धारणा व्यक्त भएको थियो ।

World Intellectual Property Organization (WIPO) र श्रीलंकाको National Property Office (NIPO) को संयुक्त आयोजनामा मे २९ देखि ३०, २०१२ मा श्रीलंकामा सम्पन्न Intellectual Property (IP) and Environmentally Sound Technologies (ESTs) Ijifos WIPO Regional Forum मा सभापति श्री शंकर प्रसाद पाण्डेयले भाग लिनु भएको थियो ।

## ५. **घरेलु तथा साना उद्योग :**

घरेलु तथा साना उद्योग समितिले घरेलु तथा साना उद्योग/व्यवसायको विकास, विस्तार एवं प्रबर्द्धनको लागि नेपाल सरकार तथा विभिन्न सरोकारवाला निकायसंग समन्वय एवं सहकार्य गरी कार्य गर्दै आएको छ । समितिले नेपाल सरकारको घरेलु तथा साना उद्योग विभागसंग समन्वय गरी विभाग अन्तरगतको लघु, घरेलु तथा साना उद्योग विकास कोषको सहयोगमा विगत वर्षहरुमा विभिन्न प्रविधि विकास, क्षमता अभिबृद्धि, बजार पहुँच, जस्ता प्रबर्द्धनात्मक कार्यक्रम संचालन गर्दै आएको थियो ।

आ.व. २०६८/०६९ देखि कोषले कार्यक्रमहरु संचालनका लागि प्रस्ताव पेश गर्न छुट्टै किसिमको फरमेट तयार गरी मिति २०६८/६/२६ गतेको गोरखापत्रमा सूचना प्रकाशित गरी प्रस्ताव आह्वान गरेको थियो । पेश गर्ने प्रस्तावमा यस महासंघको सिफारिश आवश्यक भए अनुसार सदस्य संघ संस्थाहरु एवं अन्य संस्थाहरुबाट महासंघमा प्राप्त भएका प्रस्तावहरु सिफारिशका साथ कोषमा पठाइएको थियो ।

कोषमा पठाइएका परियोजना प्रस्तावहरु चरणवद्ध रुपले छनौट गरी निर्णयको तयारीमा रहेको समयमा असन्तुष्ट पक्षले अनियमितता भएको भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा छानविनको लागि उजुरी दिएकोले उक्त परियोजना प्रस्तावहरु कार्यान्वयनमा रोक लागेको जानकारी प्राप्त भएकोले प्रस्तावहरु कार्यान्वयन गर्नको लागि समितिले सम्बन्धित निकाय आवश्यक पहल गर्दै आएको छ ।

घरेलु तथा साना उद्योग विभागमा विभिन्न समयमा बस्ने लघु, घरेलु तथा साना उद्योग विकास कोष संचालन तथा व्यवस्थापन समितिको बैठकहरुमा समितिले प्रतिनिधित्व गर्दै आएको छ । हाल घरेलु तथा साना उद्योग विभागबाट लघु, घरेलु तथा साना उद्योग विभाग कोष संचालनको लागि कार्यविधि तय गर्ने कार्य भईरहेको छ । साथै घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समिति एवं लघु, घरेलु तथा साना उद्योग सम्बन्धी सम्बन्धित निकायहरुमा हुने बैठक एवं अन्य कार्यक्रमहरुमा पनि महासंघको तर्फबाट समितिले प्रतिनिधित्व गर्दै आएको छ ।

## ६. महिला उद्यमी बिकास :

महिला उद्यमी विकास समितिले महिला उद्यमीहरुको विकास, विस्तार एवं प्रबर्द्धनसंग सम्बन्धित विषयहरु जस्तैः संस्थागत विकास (Institutional Development), नीतिगत विषय (Policy Level), क्षमता अभिबृद्धि (Capacity Building), तथा बजार प्रबर्द्धन (Market Promotion) आदि विषयहरुमा ध्यान केन्द्रित गरी कार्य गर्दै आएको छ । समितिले महिला उद्यमीहरुलाई उद्योग व्यवसायसंग सम्बन्धित नीतिगत, प्रकृयागत एवं अन्य विभिन्न विषयहरुमा जानकारी दिने उद्देश्यले प्रत्येक महिनामा हुने समितिको बैठक पश्चात महिला उद्यमीहरुलाई विभिन्न विषयवस्तुहरुमा छलफल गरी जनाकारी गराउँदै आएको छ । बैठकमा जिल्लाबाट समेत महिला उद्यमीहरुको उपस्थिति हुने भएकोले बैठकको समयमा उद्योग व्यवसायसंग सम्बन्धित विषयमा विशेषज्ञबाट विषयवस्तु प्रस्तुत गराई जानकारी प्रदान गराएको छ ।

समितिले "Performance Appraisal and Strategy Development Training", "Leadership Development Training", उद्योग व्यवसाय क्षेत्रमा कर सम्बन्धी भएको व्यवस्थाबारे अन्तरक्रिया, महिला उद्यमीहरुबाट उत्पादित वस्तुहरुको व्यवस्थित बजारीकरणको लागि फेयर ट्रेड सम्बन्धी अन्तरक्रिया, साथै स-साना उद्यमी व्यवसायीहरुलाई बैंक तथा वित्तिय संस्थाबाट उपलब्ध हुन सक्ने व्यवस्थाहरु, Network Marketing सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरेको थियो ।

यसैगरी समिति र नेपाल सरकार, उद्योग मन्त्रालयको संयुक्त आयोजनामा महिला उद्यमीहरुको विकासको लागि "उत्पादकत्व सहजकर्ता विकास प्रशिक्षण" कार्यक्रम आयोजना गरेको थियो । उत्पादनको अवधारणा र महत्व, उत्पादन सम्बन्धी सुधारका तरिकाहरु, उत्पादकत्व अभिबृद्धिका विधिहरु, मापन र विश्लेषण आदि विषयहरुमा सम्बन्धित क्षेत्रका विशेषज्ञहरुबाट प्रशिक्षण दिइएको थियो ।

समितिले उद्योग मन्त्रालयसंग समन्वय गरी महिला उद्यमी सम्बन्धी कार्यक्रम गर्दै आएको छ । महिला उद्यमीहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले उद्योग मन्त्रालयले उत्कृष्ट महिला उद्यमीहरुलाई पुरस्कृत गर्ने कार्यक्रमको लागि महासंघलाई २५ जना उत्कृष्ट महिला उद्यमी पठाउन अनुरोध गरेको थियो । सोही अनुसार महासंघले जिल्ला तथा नगरस्तरिय उद्योग वाणिज्य संघहरुमा उत्कृष्ट महिला उद्यमीहरुको नाम पठाउन अनुरोध गरेको र संघहरुबाट सिफारिश भई आएका महिला उद्यमीहरुलाई २०६९ असार २१ गते उद्योग मन्त्रालयले सम्मान गरेको थियो । उद्योग मन्त्रालयले यस विषयमा निर्देशिका समेत तयार गरेको छ ।

नयां औद्योगिक नीतिमा महिला उद्यमीहरुको विकासको लागि महिला उद्यमशीलता विकास कोष स्थापना गर्ने व्यवस्था भए अनुसार सो कोषको कार्यक्षेत्र एवं संचालन सम्बन्धमा उद्योग मन्त्रालयले समितिसंग समन्वय गरी निर्देशिका तयार गरेको छ ।

समितिले विभिन्न संघ/संस्थामा दर्ता भएका महिला उद्यमीहरुको विवरण संकलन गरी प्रोफाइल तयार गर्ने उद्देश्यले जिल्ला तथा नगरस्तरिय उद्योग वाणिज्य संघहरुबाट विवरण संकलन गर्दै आएको छ । प्राप्त विवरणहरुलाई फरम्याट अनुसार कम्पाइल गर्ने कार्य भइरहेको छ ।

समितिले महिलाहरुलाई होमस्टे एवं Vermin Compost बनाउने सम्बन्धी तालीम मागको आधारमा संचालन गरेको छ ।

समिति र महिला उद्यमी महासंघ, नेपालको संयुक्त आयोजनामा २०६९ फागुन २५ गते विभिन्न कार्यक्रमहरु सहित अन्तराष्ट्रिय महिला दिवस मनाउने कार्यक्रम तय भएको छ ।

७. **स्थल यातायात तथा पारवहन**

एशियाली विकास बैंकको ऋण सहयोगमा संचालित Sub Regional Transport Facilitation Project का लागि भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालयका सचिवको अध्यक्षतामा गठित उच्च स्तरीय स्टेरिङ्ग कमिटिको बैठकमा कांकडभिट्टामा Passenger Terminal Complex उपयोगमा आउन नसकेको र त्यसलाई प्रयोगमा ल्याउन Passenger Mobility मा सुधार गर्नु पर्ने कुरा स्थलगत अध्ययनबाट देखिएकोले Passenger Terminal Complex प्रयोगमा ल्याउन र Passenger Mobility बढाउन नयां Access बनाउने तर्फ थप अध्ययन गर्नु पर्ने र थप निर्माण कार्य गर्न लाग्ने खर्च नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गर्दै ICD निर्माण कार्य सम्पन्न भैसकेकोले यो Steering Committee सोही मिति देखि विघटन गरिएको थियो ।

एशिया र प्रशान्त क्षेत्रको लागि आर्थिक तथा सामाजिक आयोग (UNESCAP) सुख्खा बन्दरगाह (Dryport) सम्बन्धी अन्तरसरकारी संझौताका लागि अन्तरसरकारी तदर्थ बैठकले तयार गरेको Finalized draft Intergovernmental Agreement on Dry ports को विषयलाई लिएर वाणिज्य तथा आपूर्ति मन्त्रालयमा छलफल भएको थियो । हालसम्म नेपालका Dry port हरुको अन्तराष्ट्रिय पहिचान नभएकोले छलफलमा प्रस्तुत संझौताले नेपालका Dryport हरुको अन्तराष्ट्रिय पहिचान पनि हुने र मालसामान ढुवानी व्यवस्थालाई सहजीकरणको आधार हुने जस्ता सकारात्मक पक्षहरु रहेकोले प्रस्तावित Draft Agreement लाई सकारात्मक रुपमा लिन आग्रह भएको छ ।

व्यापार सहजीकरणको क्षेत्रमा समन्वय कायम गर्न, नीतिगत तथा प्रक्रियागत विषयहरुमा छलफल तथा सुझाव प्राप्त गरेर कार्यान्वयन प्रक्रिया अगाडी बढाउन र व्यापार क्षेत्रका विविध विषयहरुमा रहेका समस्या समाधानको लागि सहजकर्ताको काम गर्ने गरी राष्ट्रिय स्तरको Trade and Transport Facilitation Committee नेपाल सरकारले गठन गरेकोले सो कमिटिमा महासंघको तर्फबाट समिति सभापति श्री गुणनिधि तिवारीले प्रतिनिधित्व गर्ने जानकारी वाणिज्य तथा आपूर्ति मन्त्रालयमा गराएको छ ।

Readiness of Nepal to Implement WTO Future Trade Facilitation Commitment Project अन्तर्गत UNCTAD ले आयोजना गरेको Validation Conference मा समसामयिक छलफल भई Validation गर्ने कार्य भएको छ ।

सन् २०१२ जुन १३-१४ सम्म UNESCAP द्वारा बैंककमा आयोजित Freight Forwarders, Multimodal Transporters and Logistics Service Providers विषयक क्षेत्रीय फोरममा समितिका सहसभापति श्री राजन शर्माले Country Paper प्रस्तुत गर्दै नेपालको यातायात स्थिति, नेपालको अन्तराष्ट्रिय विमान स्थलको विद्यमान भौतिक पूर्वाधार, संभावित अन्तराष्ट्रिय विमानस्थलको योजना, कोलकाता पोर्टबाट मालसामान पारवहन भएर ल्याउंदा देखि भंसार जांचपासको लागि लामो कागजी प्रक्रिया, बढी खर्चको साथै Freighter Flight को कार्यान्वयन हुन नसकेबाट पर्न गएको समस्या आदिका वारेमा प्रकाश पार्नु भएको थियो ।

ASIA/Pacific Region मा सम्पूर्ण Road Transport, Air Transport and Logistics संग सम्बन्धित व्यक्तिहरु सम्मिलित International Federation of Freight Forwarders Association (FIATA) को Rap Up

Meeting मा सहभागिता गर्नु भएका समिति सहसभापति एवं Freight Forwarders Association का अध्यक्ष श्री राजन शर्माबाट नेपालमा पारवहन र Road Transportation सम्बन्धी विगत १ वर्षमा भएको उपलब्धीहरुको Paper पनि सो कार्यक्रममा प्रस्तुत भएको थियो । यस कार्यक्रममा देहाय बमोजिम सहमति भएको थियो । World Bank लाई नेपालको Logistics Planning बनाउने, काकडभिट्टा, भारत, भुटान र बंगलादेश Trade लाई Facilitate गर्न Business Process Analysis (BPA) गर्ने र काठमाडौंमा Container Freight Station (CFS) बनाउन World Bank लाई अनुरोध गर्ने जस्ता सहमति भएको थियो ।

सडक बोर्डको बैठकमा समिति सभापति श्री गुण निधी तिवारीले नियमित रुपमा प्रतिनिधित्व गर्दै आएको छ ।

शिलबन्दी कन्टेनर मार्फत सामान ढुवानी गर्ने व्यवस्थालाई सरल, सुरक्षित, भरपर्दो र विश्वाशिलो बनाउने सम्बन्धमा भंसार विभागमा भएको छलफलमा नेपाल सामान ढुवानी व्यवसायी महासंघ, नेपाल ट्रक व्यवसायी व्यवस्थापन समिति र ट्रक व्यवसायी संघका साथै Freight Forwarders हरुको समेत राय सल्लाहमा अगाडी बढ्न उपयुक्त हुने अवधारणा निजी क्षेत्रबाट व्यक्त भएको थियो ।

Almaty Programme of Action को Implementation सम्बन्धी Country Paper तयार गर्ने सम्बन्धमा Overall Socio Economic Development, External Trade, Performance of the Land Locked Country and Progress, its efforts to integrate in to the World economy आदि विषयमा वाणिज्य तथा आपूर्ति मन्त्रालयमा भएको छलफलमा नेपाल भारत पारवहन सन्धी, व्यापार सन्धी, रेल्वे सेवा सन्धी, यातायात संजाल, SAFTA, ICD संचालन, नेपाल बंगलादेश बीच व्यापार सन्धी लगायत अन्य देश बीच भएको नेपालको सन्धी लगायतका विषयमा उल्लेखित व्यवस्थाहरु समेतलाई समेटी National Implementation Report मा समावेश गर्न सुझाव दिइएको थियो ।

## ८. कर तथा राजश्व

माननीय अर्थमन्त्री श्री वर्षमान पुनज्यूको अध्यक्षतामा अर्थमन्त्रालयमा समसामयिक विषयमा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा महासंघका अध्यक्ष, उपाध्यक्ष का.स. सदस्यहरु, जिल्ला नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघ तथा द्धिराष्ट्रिय उद्योग वाणिज्य संघहरुको प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

बर्दिवासमा करदाता सेवा केन्द्रको विषयलाई लिएर जनकपुर अंचलका विभिन्न स्थानमा भै रहेको आन्दोलन सम्बन्धमा महासंघबाट आवश्यक समन्वय गरी समस्या समाधानका लागि आन्तरिक राजस्व विभाग लगायत यस महासंघबाट वार्ताका लागि राजस्व समितिका सह सभापति श्री उदयराज पाण्डे सहभागि हुनु भएको थियो ।

मिति २०६९ असार १२ गते माननीय अर्थमन्त्री श्री वर्षामान पुन, माननीय उद्योग मन्त्री श्री अनिल कुमार झा एवं अर्थमन्त्रालयका उच्च अधिकृतको उपस्थितिमा आर्थिक वर्ष २०६९।७० को बजेटका लागि नेउवामहासंघबाट तयार गरिएको नीतिगत सुझाव प्रस्तुती गरिएको थियो ।

अर्थ मन्त्रालय राजस्व परामर्श समिति बाट आर्थिक वर्ष २०६९।७० का लागि क्षेत्रगत सुझाव दिन गठन गरिएको उपसमितिमा नेउवामहासंघबाट देहाय बमोजिम प्रतिनिधित्व रहेको थियो । उपरोक्त उपसमितिहरुको विभिन्न समयमा बैठक बसी छलफल पश्चात प्रतिवेदन राजस्व परामर्श समितिमा पेश गरिएको थियो ।

| समिति /उपसमिति | पद | प्रतिनिधिको नाम |
|---|---|---|
| उद्योग तथा लगानी प्रवर्द्धन उपसमिति | उपसंयोजक | श्री दिनेश श्रेष्ठ, सभापति,<br>उद्योग समिति, नेउवामहासंघ |
| भंसार तथा वाणिज्य उपसमिति | उपसंयोजक | श्री उदयराज पाण्डे, सहसभापति,<br>राजस्व समिति, नेउवामहासघ |
| आन्तरिक राजश्व उपसमिति | उपसंयोजक | श्री विजयसिंह वैद्य, सहसभापति,<br>राजस्व समिति, नेउवामहासघ |
| बैङ्क, वित्तिय,बीमा, तथा पूंजी बजार उपसमिति | सदस्य | श्री शेखर गोल्छा, सभापति<br>बैङ्क,वित्तिय तथा बीमा समिति, नेउवामहासंघ |
| आर्थिक तथा पूर्वाधार विकास उपसमिति | सदस्य | श्री ज्ञानेन्द्रलाल प्रधान, सभापति<br>उर्जा समिति, नेउवामहासंघ । |
| गैह्र कर उपसमिति | सदस्य | श्री मनिष अग्रवाल, उपसभापति,<br>रोजगारदाता परिषद, नेउवामहासंघ । |
| शिक्षा तथा सामाजिक विकास उपसमिति | सदस्य | श्री नन्द किशोर श्रेष्ठ, संयोजक सामाजिक विकास फोरम, नेउवामहासंघ । |
| सहकारी, भूमि व्यवस्थापन तथा व्यवस्थित बसोवास उपसमिति | सदस्य | श्री ओमराज राजभण्डारी, संयोजक,<br>शहरी विकास फोरम, नेउवामहासंघ । |
| राजश्व चुहावट तथा सम्पत्ति शुद्धिकरण नियन्त्रण उपसमिति | सदस्य | श्री कुल प्रसाद पाण्डे, उपनिर्देशक,<br>नेउवामहासंघ |
| राजस्व ऐन नियम, एवं प्रशासनिक सुधार उपसमिति | सदस्य | श्री कुल प्रसाद पाण्डे, उपनिर्देशक,<br>नेउवामहासंघ |

आर्थिक वर्ष २०६९।७० को बजेटको सन्दर्भमा सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग र नेपाल राष्ट्र बैंक समेतको सहभागितामा यस महासंघले २०६८ चैत्र १९ गते राजस्व चुहावट तथा सम्पत्ति शुद्धिकरण नियन्त्रण बिषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।

आर्थिक वर्ष २०६९।७० को सन्दर्भमा २०६९ वैशाख ८ गते आन्तरिक राजस्व विभागका महानिर्देशक लगायत उक्त विभागका उच्च अधिकृतहरुसंग छलफल कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा वस्तुगत लगायत सम्बन्धित उद्योग वाणिज्य संघका अध्यक्ष एवं प्रतिनिधिहरु क्षेत्रगत सुझाव प्रस्तुत भएको थियो ।

आर्थिक वर्ष २०६९।७० को बजेटका लागि सुझाव दिन भंसार विभागका महानिर्देशकको संयोजकत्वमा गठन गरिएको भंसार तथा वाणिज्य उपसमितिले मिति २०६८ चैत्र ३० गते आयात तथा निर्यात संग सम्बन्धित वस्तुगत संघहरुसंग छुट्टाछुट्टै छलफल आयोजना गरिएको थियो । आन्तरिक राजस्व विभागको आयोजना तथा अर्थराज्य मंन्त्री श्री हरिराज खेबा लिम्बुको प्रमुख आथित्यतामा विराटनगरमा आयोजना गरिएको कर प्रणाली सम्बन्धी अन्तरक्रिया कार्यक्रममा महासंघको राजस्व समितिका सभापति श्री जगदिश राठीले सम्बोधन गर्नु भएको थियो । राजस्व अनुसन्धान विभागको आयोजना तथा अर्थराज्य मन्त्री हरिराज खेबा लिम्बु तथा अर्थसचिवको आथित्यतामा वीरगंजमा आयोजना गरिएको राजस्व चुहावट सम्बन्धी अन्तरक्रिया कार्यक्रममा महासंघको तर्फबाट राजस्व समितिका सभापति श्री जगदिश राठीले सम्बोधन गर्नुभएको थियो

राजश्व क्षेत्रमा गर्नुपर्ने समसामयिक सुधार सम्बन्धमा जिल्ला उद्योग वाणिज्य संघहरुबाट सुझाव माग गरिएकोमा प्राप्त सुझावहरुको विवरण तयार गरी कार्यान्वयनका लागि माननीय अर्थमन्त्री लगायत अर्थमन्त्रालयका उच्च अधिकारीहरुसंग पहल गरिएको छ । साथै भंसार मुल्याङ्कन लगायत अन्य भंसार सम्बन्धि समस्याको सम्बन्धमा भंसार विभागबाट सुझाव माग भइआएकोमा सम्बन्धित संस्थाहरुको रायसुझावको आधारमा तयार गरिएको सुझाव कार्यान्वयनका लागि भंसार विभागमा पठाएको छ । भंसार जांचपास तथा मूल्याङ्कन व्यवस्थालाई सरलीकरण गर्ने भंसार विभागबाट तेश्रो मुलुक तथा लोकल पैठारीमा भंसार मूल्याङ्कन निर्देशन जारी गरिएको छ ।

राजश्व अनुसन्धान विभागले चितवनमा छापामारिसकेपछी उत्पन्न घट्नाको समाधानका लागि माननीय अर्थमन्त्रीज्यू लगायत अर्थमन्त्रालयका उच्च अधिकारी हरुसंग आवश्यक समन्वय गरिएको थियो ।

विभिन्न स्थानमा आएको Miss Match समस्या सम्बन्धमा जिल्ला उद्योग वाणिज्य संघहरुसंग सुझावको आधारमा उक्त समस्यालाई तत्काल समाधान गर्न आर्थिक ऐनमा शुल्क तथा जरिवाना माफगरी गर्न सक्ने व्यवस्थाको आधारमा एक पटकलाई शुल्क तथा जरिवाना कम गरी करदातालाई नियमित गर्न आवश्यक व्यवस्थाका लागि अर्थमन्त्रीज्यू तथा अर्थमन्त्रालयका उच्च अधिकारीसंग आवश्यक पहल भईरहेको छ ।

माननीय उद्योग मन्त्री श्री अनिल कुमार झाको प्रमुख आथित्यतामा गत असोज १० गते नेपाल प्लाष्टिक उत्पादक संघको साधारण सभामा प्लाष्टिक उद्योगका समस्याहरु सम्बन्धमा महासंघको तर्फबाट कर तथा राजस्व समितिका सभापति श्री जगदिश राठीले धारणा राख्नु भएको थियो ।

महासंघको पहलमा आयकर, मूल्य अभिवृद्धि कर, अन्तशुल्कमा देखिएका समस्याहरु सम्बन्धमा आन्तरिक राजस्व विभागका महानिर्देशकसंग गत असोज १५ गते आन्तरिक राजस्व कार्यालय विराटनगरमा एक कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा कर तथा राजस्व समितिका सभापति श्री जगदीश प्रसाद राठीले सहभागिता गर्नु भएको थियो ।

२०६९ असोज १९ गते नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघको आयोजनामा अन्तशुल्कको विद्यमान व्यवस्थामा गर्नुपर्ने सुधार सम्बन्धमा माननीय अर्थमन्त्रीज्यूको प्रमुख आथित्यतामा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा महासंघको तर्फबाट कर तथा राजस्व समितिका सभापति श्री जगदिश राठीले अन्तशुल्कको क्षेत्रमा गर्नुपर्ने सुधार सम्बन्धमा महासंघको धारणा राख्नु भएको थियो ।

हाल मुलुकभर देखिएका भन्सार मुल्यांकन, मिस म्याचिङ्ग, राजस्वको छापा लगायतका राजश्व सम्बन्धी विभिन्न समस्याका कारण उद्यमी व्यवसायीहरुमा अन्यौलताको स्थिति उत्पन्न भएको तथ्यलाई दृष्टिगत गरी यस सम्बन्धी सरकार एवं सम्बन्धित सवै क्षेत्रको सहभागितामा विस्तृत छलफल गरी समस्या समाधानका लागि महासंघले गत असोज २२ गते राजश्व सम्बन्धी समसामयीक समस्या एवं समाधान बारे राष्ट्रिय गोष्ठिको आयोजना गरेको थियो । माननीय अर्थ मन्त्रीज्यू, अर्थ सचिवज्यू, आन्तरिक राजस्व विभागका महानिर्देशक, भन्सार विभागका महानिर्देशक, राजस्व महाशाखाका सहसचिव, सम्पत्ति सुद्धिकरण निवारण विभागका महानिर्देशक, राजस्व अनुसन्धान विभागका महानिर्देशकको उपस्थिति रहेको राष्ट्रिय गोष्ठिमा महासंघका अध्यक्ष श्री सुरज वैद्यको सभापतित्वमा सम्पन्न भएको थियो ।

नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभागले २०६९ मंसिर १ गतेदेखि ७ गतेसम्म कर सप्ताह मनाएको थियो । गत मंसीर १ गते सम्माननीय प्रधान मन्त्री डा. बाबुराम भट्टराईको प्रमुख आतिथ्यतामा उद्घाटन भएको प्रथम राष्ट्रिय कर दिवसको अवसरमा नेपालको कर प्रणालीको सुधार एवं प्रवद्धनमा सहयोग पुऱ्याएकोमा योगदानको कदर गर्दै निजी क्षेत्रको अग्रणी संस्थाको रुपमा यस महासंघलाई आन्तरिक राजश्व विभागले सम्मान पत्र प्रदान गरेको थियो । यसैगरी सप्ताहको समापनको अवसरमा कर दाता एवं कर प्रशासन वीच सकारात्मक समन्वयकारी भूमिका निर्वाह गरे

वापत महासंघका कर तथा राजस्व समितिका सभापति श्री जगदीश प्रसाद राठीलाई आन्तरिक राजस्व विभागले सम्मानपत्र प्रदान गरेको थियो ।

२०६९ मंसिर ५ गते प्रतिपक्ष दलहरुले आयोजना गरेको बजेट सम्बन्धी अर्न्तरक्रिया कार्यक्रममा अध्यक्ष सुरज बैद्य, महासंघका विशिष्ट सदस्य एवं पूर्व अध्यक्ष चण्डिराज ढकाल, बरिष्ठ उपाध्यक्ष भाष्करराज राजकर्णिकार, उपाध्यक्षद्वय श्री प्रदीपजंग पाण्डे तथा श्री पशुपति मुरारका, महासंघका कर तथा राजस्व समितिका सभापति श्री जगदिश प्रसाद राठी लगायत महासंघका कार्यकारिणी समितिका सदस्यहरु एवं उद्योगी व्यापारीहरु सहभागी हुनुभएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको आयोजना तथा सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराई र अर्थमन्त्री वर्षमान पुनज्यूको उपस्थितीमा आयोजना गरिएको बजेट सम्बन्धी अन्तरक्रिया कार्यक्रमका महासंघका पदाधिकारीहरु कार्यकारिणी समितिका सदस्य तथा वस्तुगतसंघका अध्यक्षहरुको सहभागिता रहेको र उक्त कार्यक्रममा महासंघको तर्फबाट अध्यक्ष श्री सुरज वैद्यले धारणा राख्नु भएको थियो ।

२०६९ मंसिर ८ गतेका दिन IMF Mission संग कर क्षेत्रमा गर्नु पर्ने सुधार सम्बन्धमा छलफल गरिएको थियो ।

अर्थ मन्त्रालय राजस्व महाशाखामा सहसचिवको संयोजकत्वमा गठन “राजस्व तथा औद्योगिक सुरक्षा निर्देशिका” तर्जुमा गर्ने कार्यदलमा महासंघको तर्फबाट महासंघका कर तथा राजस्व समितिका सभापति श्री जगदीश प्रसाद राठीले प्रतिनिधित्व गर्नुभएको थियो । उक्त निर्देशिकामा महासंघमा छलफल गरी लिखित सुझाव प्रस्तुत गरिएको थियो ।

## ९.पर्यटन तथा हवाई यातायात

नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्सको मिति २०६९ पौष २० गते काठमाडौंमा आयोजना भएको ४९औं बार्षिक साधारण सभा एवं १४ औं Biennial Convention को उद्घाटन समारोहमा महासंघको तर्फबाट अध्यक्ष श्री सुरज वैंद्य उपस्थिति हुनु भएको थियो । उक्त अवसरमा अध्यक्ष श्री सुरज बैद्यले नेपाललाई विश्वको मुख्य पर्यटन क्षेत्रको रुपमा बिकास गर्नका लागि नेपालका विभिन्न क्षेत्रहरुमा रहेका सम्भाव्य पर्यटकिय स्थलहरु पहिचान गरी, ती क्षेत्रहरुलाई पर्यटकिय स्थलको रुपमा विकास गर्नु पर्ने तथा नेपाल भित्रिने पर्यटकहरुलाई ती क्षेत्रहरु अवलोकन गर्न नीजि क्षेत्र लगायत सरकारी निकायबाट आबश्यक पहल गर्नु पर्ने वस्तुस्थिति प्रस्तुत गर्नु भयो । साथै नेपाल टुरिजम वर्ष २०११, लुम्बिनी भ्रमण बर्ष २०१२ र नेपाल लगानी वर्ष २०१२।१३ लाई सफलता पुर्वक कार्यान्वयन गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । उक्त कार्यकममा पर्यटन तथा हवाई यातायात समितिका सभापति श्री बि.के. श्रेष्ठ, सहसभापति श्री ध्रुव नारायण श्रेष्ठ र निर्देशक श्री जीबन कंसाकारको उपस्थिति थियो ।

नेपाल व्यवसाय मञ्च अन्तर्गत गठित पर्यटन कार्य सम्पादन समूहको मिति २०६९।०१।२० गते पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको सचिबज्यूको कार्यकक्षमा बसेको प्रथम बैठकमा महासंघको तर्फवाट अध्यक्ष श्री सुरज बैद्य एवं पर्यटन तथा हवाई यातायात समितिका सभापति श्री बि.के. श्रेष्ठले भाग लिनु भएको थियो । उक्त वैठकमा पर्यटन व्यवसायलाई प्रबर्द्गन गर्न अपनाउनु पर्ने उपायहरु सम्वन्धमा छलफल भएको थियो ।

नेपालका पच्चत्तर वटै जिल्लाका मुख्य Tourism Sites समावेश गरिएको Destrict Tourism Sites in Nepal को Preliminary Text प्रकाशमा आईसकेको र यसको लागि आवश्यक फोटोहरु संकलन गर्ने कार्य भईरहेको छ ।

“पर्यटन उद्योगलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको सूचीमा समावेश हुनु पर्ने सम्बन्धमा नेउवामहासंघको सुझाव” पर्यटन तथा नागरिक उडड्न मन्त्रालयमा पठाएको छ ।

मिति २०६९।३।२५ गते ठमेल पर्यटन विकास परिषदले ठमेल क्षेत्रको शान्तीसुरक्षा तथा रात्रीकालिन व्यवसायलाई व्यबस्थित गर्ने सम्वन्धमा काठमाडौमा आयोजना भएको छलफल तथा अन्तरकृया कार्यक्रममा महांसंघको सुझाव पर्यटन तथा हवाई यातायात समितिका सहसभापति श्री ध्रुव नारायण श्रेष्ठले प्रस्तुत गरेको थियो ।

थाइल्याण्डवाट नेपालमा भ्रमण गर्न आएका दशजना व्यापारिक प्रतिनिधि मण्डलसंग Nepal Tourism Board मा मिति २०६९।४।३० गते बसेको बैठकमा महांसघको तर्फबाट पर्यटन तथा हवाई यातायात समितिका सभापति श्री बि.के. श्रेष्ठ र सहसभापति श्री ध्रुव नारायण श्रेष्ठले प्रतिनिधित्व गरी आ आफ्नो राय पेश गरेका थिए ।

भारतीय राजदुतावासले नेपालको पर्यटन तथा हवाई उडड्यन मन्त्रालयको सहयोगमा सन् २०१३ को जनवरी १६ र १७ तारिख लुम्बिनीमा आयोजना भएको नेपाल टुरिजम मार्टमा बुटवल उद्योग वाणिज्य संघ, नवलपरासी उद्योग वाणिज्य संघ, सिद्धार्थनगर उद्योग वाणिज्य संघ, कृष्णनगर उद्योग वाणिज्य संघ, नेपाल भारत टूरिजम मार्ट आयोजना गरिने भएको र उक्त मार्टको मुख्य उद्देश्य नेपाल र भारतका पर्यटन क्षेत्रसंग संलग्न रहेका नीजि तथा सरकारी निकायहरुको व्यापारीक कारोवार बृद्धि गर्ने रहेको छ ।

## १०. सूचना तथा संचार प्रविधि विकास :

विज्ञान तथा प्रविधि मन्त्रालयका माननीय मन्त्री श्री केशवमान शाक्यज्यूसंग मिति २०६९ जेष्ठ २९ गते उहांकै कार्यकक्षमा बसेको बैठकमा सूचना तथा सञ्चार प्रविधि विकास समितिका सभापति एवं सदस्यहरुले सूचना तथा प्रविधिको बस्तुस्थिति र यसको विकासका लागि नीतिगत रुपमा चाल्नु पर्ने कदम सम्बन्धमा सुझाव प्रस्तुत गरिएको थियो ।

नेपाल सरकार .(माननीय राज्यमन्त्रीस्तर) को मिति २०६८।११।२८ को निर्णयानुसार सुचना तथा संचार मन्त्रालयमा गठित उच्चस्तरीय DTTB कार्यान्वयन एवं समन्वय व्यवस्थापन कार्यदलमा महासंघको तर्फबाट सुचना तथा प्रविधि विकास समितिका सभापति श्री विप्लबमान सिंहले प्रतिनिधित्व गरिरहनु भएको छ ।

सन् २०१२ को नोभेम्बर ३ देखि ५ ता. सम्म काठमाडौमा आयोजना भएको International conference on ACE (Advance Computing Entertainment) मा महासंधले Supporter को रुपमा भाग लिएको थियो । उक्त कन्फरेन्समा महासंघको तर्फबाट सुचना तथा प्रविधि विकास समितिका सभापति श्री विप्लबमान सिंहले प्रतिनिधित्व गर्नु भयो ।

नेपालमा सूचना तथा संञ्चारको विकास गर्नका लागि Digital Signature Certifying Authority को आवश्यकता रहेकोले त्यसको स्थापना गर्नका लागि नेउवामहासंघ सूचना तथा प्रविधि विकास समितिले संयोजकको भुमिका निर्वाह गरिरहेको छ ।

कम्प्यूटर एशोसिएशन अफ नेपालको आयोजनामा मिति २०६९/९/१ मा काठमाडौंमा आयोजना भएको "Talk Program on the Issues of Software and BPO Sector" मा महासंघको तर्फबाट सुचना तथा प्रविधि विकास समितिका सभापति श्री विप्लबमान सिंहले Collective Approach for Software and BPO Development बिषयमा कार्यपत्र पेश गर्नु भएको थियो ।

नेउवामहासंघ-सुचना तथा प्रविधि विकास समितिको आयोजनामा मिति २०६९।९।१३ गते काठमाडौंमा आयोजना भएको "Nepalese Economic Crisis: Global Prospects" बिषयक अन्तरकृया कार्यक्रममा इटालिमा बसोबास गर्दै आएका अर्थशास्त्री तथा मानवशास्त्री प्रा डा श्री दिपक राज पन्तले विश्वमा भइरहेको आर्थिक विकासको क्रम र चीन तथा भारतको वीचमा अवस्थित नेपालको आर्थिक विकासका लागि छुट्टै नमुनाको रुपमा आर्थिक विकास गर्नु पर्ने बताउनु भएको थियो ।

सहभागिहरुलाई स्वागत गर्ने क्रममा सूचना तथा प्रविधि विकास समितिका सभापति श्री विप्लब मान सिंहले अमेरिका, कोष्टारिका तथा यूरोपेली मुलुकमा धेरै बर्ष विताउनु भएका प्रा डा पन्तको आर्थिक विकास सम्बन्धी विचार सुन्न उपयुक्त हुने भएकोले यस कार्यक्रम आयोजना गरिएको जानकारी गराउनु भएको थियो । यसैगरी महासंघका महानिर्देशक डा हेमन्त दवाडीले नेपाल बसाइको समयमा महासंघले आयोजना गरिएको कार्यक्रमलाई स्विकार गरी विदेशमा बसेर अनुभब गरिएका आर्थिक विकास सम्बन्धी विचारधारा व्यक्त गर्नु भएकोमा धन्यवाद दिनु भएको थियो ।

## ११. नेउवामहासंघ–ब्राण्डिङ एवं आयश्रोत परिचालन समिति

चीनको Kunming शहरमा आयोजना भएको 5th South Asian Commodity Trade Fair मा नेपालको सहभागिताको लागि १० वटा उद्योग/फर्महरुको छनोट गरी सिफरिस गरिएको र सो मेलाको समयमा समितिका सभापति श्री कल्याण कृष्ण ताम्राकारले Business Forum Meeting मा भाग लिनु भई दोश्रो नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको ब्रोसर मार्फत जानकारी गराउनु भएको थियो ।

दोस्रो–नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला २०६९ फाल्गुण २५–२९ गते सम्म आयोजना भएको थियो ।

दोस्रो नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलालाई Calender को रुपामा Branding गर्दै लैजाने एवंम आम्दानीको स्रोतको रुपमा विकास गर्दै लग्ने उद्देश्यले हाललाई १ वटा Hanger (डोम) खरिद गर्ने प्रक्रिया अघि बढाई सकेको छ । सो कार्यको लागि नेउवामहासंघ र नेपाल हस्तकला महासंघले लागत जुटाउने र अन्य सदस्य संघ संस्थाहरु सँग समन्वय गरि थप लागत जुटाईने छ ।

गत वर्ष आयोजना भएको पहिलो नेपाल-अन्त राष्ट्रिय व्यापार मेला २०६८ सफलता पूर्ण सम्पन्न भई करिब रु २५ लाख बचत भएको छ । उक्त मेला सफल पार्न पदाधिकारीज्यूहरु कार्या कारिणी समिति सदस्यज्यूहरु लगायत अन्य संघ सस्थाहरुको सहयोगको लागी हार्दिक धन्यवाद प्रकट गदै आगामी २०६९ साल फाल्गुण २५-२९ (8-12, March 2013) मा आयोजना हुने दोस्रो, नेपाल-अन्त राष्ट्रिय व्यापार मेला २०६९ को सफल आयोजनाको लागी सम्पूर्ण कार्यकारीणी समिति सदस्यज्यूहरुलाई जानकारी गराउदै सहयोगको लागी अनुरोध गरिएको छ ।

चीनको Chengdu मा आयोजना हुने १३ औ Western China International Fair मा ९ वटा नेपाली कम्पनिहरुलाई सिफारिस गरिएको र आयोजकले १ वटा स्टल निशुल्क नेउवामहासंघलाई उपलब्ध गराएको छ । उक्त स्टल मार्फत दोस्रो नेपाल-अन्त राष्ट्रिय व्यापार मेलाको प्रचार प्रसार गरिने छ ।

आगामी २०१५ मा इटालीमा आयोजना हुने World Expostion नेपालको सहभागिता सम्बन्धमा वाणिज्य मन्त्रालयमा भएको वैठकमा समितिका सभापति श्री कल्याण कृष्ण ताम्राकारले भाग लिनु भएको थियो ।

## १२. वैकिङ्ग, वित्त तथा बीमा :

आ.व. २०६९/७० को मौद्रिक नीतिको तर्जुमाको सिलसिलामा नेपाल राष्ट्र बैंक वाट सुझाव माग भइआएकोमा सम्बन्धित क्षेत्रसंग छलफल गरी प्राप्त सुझावहरुको आधारमा नेपाल राष्ट्र बैङ्कमा सुझाव पठाएको थियो ।

आ.व. २०६९/७० को मौद्रिक नीति तथा नेपाल राष्ट्र बैंकबाट जारी एकिकृत निर्देशिकाले समेटेका महासंघका सुझावलाई कार्यान्वयन गर्न तथा अन्य सुझावको समेत कार्यान्वयनका लागि आवश्यक व्यवस्थाका लागि नेपाल राष्ट्र बैङ्क संग आवश्यक पहल भै रहेको छ ।

यस महासंघको पहलमा मौद्रिक नीतिमा ल्याईएको निर्यात पुनरकर्जा सम्बन्धी व्यवस्थाको तेश्रो मुलुक तथा भारत निकासीमा प्रकृयागत सरलीकरण गरी कार्यान्वयन भएको छ ।

विदेशी विनिमय नियमन तथा नियन्त्रण ऐन २०१९ मा नेपाल राष्ट्र बैङ्कबाट सुझाव माग गरिएकोमा महासंघमा छलफल पश्चात नेपाल राष्ट्र बैङ्कमा सुझाव पठाईएको छ ।

## १३.उत्पादकत्व तथा गुणस्तर :

FNCCI National Excellence Awards 2069 को व्यवस्था गर्नका लागि FNCCI National Excellence Awards Task Force गठन भई सकेको छ । ती Awards वितरणका लागि आवश्यक व्यवस्था गर्ने क्रममा Tentative Work Plan तयार भई सकेको र यसलाई अन्तिम रुप दिई कार्यक्रम अगाडी बढाउने क्रममा रहेको छ ।

एशियाली विकास बैंकको TA 7973-NEP अन्तर्गत Strengthening Higher Engineering Education कार्यक्रम सञ्चालनका लागि शिक्षा मन्त्रालयलाई Executing Agency र इन्स्टिच्युट अफ इन्जिनियरिङलाई Implementing Agency को रुपमा कार्य गर्न तोकिएको र उक्त प्रविधिक सहयोग परिचालनका सम्बन्धमा मार्गदर्शन तथा सहजिकरण गर्न गठित Steering Committee मा महासंघको तर्फबाट उत्पादकत्व तथा गुणस्तर समितिका सभापति श्री सौरभ ज्योतिले प्रतिनिधित्व गरिरहनु भएकोछ ।

सन् २०१२ को अक्टोवर १४ तारिख नेपाल गुणस्तर तथा नापतौल विभागमा आयोजना भएको ४३औं विश्व गुणस्तर दिवसमा महासंघका उपाध्यक्ष श्री पशुपति मुरारकाले सभापतित्व गर्नु भएको थियो । उक्त दिवसमा उपाध्यक्ष श्री पशुपति मुरारकाले उद्योगलाई निरन्तरता दिनका लागि उपभोक्ताको विश्वास जित्न सक्नु पर्ने र सोको लागि उत्पादित बस्तुको गुणस्तरलाई निरन्तरता दिनु पर्ने तथा औद्योगिक प्रतिष्ठानले नाम कमाउनको लागि दाम कमाउनु पर्ने र दाम कमाउनको लागि आफूले उत्पादन गर्ने बस्तुको गुणस्तरलाई निरन्तर रुपले ध्यान दिनु पर्ने कुरामा जोड दिनु भएको थियो । उक्त दिवसमा महासंघका भू.पू. अध्यक्ष श्री प्रदिपकुमार श्रेष्ठ, महासंघका बस्तुगत सदस्य चिनी उद्योग संघका अध्यक्ष श्री शशिकान्त अग्रवाल र FNCCI National Excellence Award Task Force का सदस्य श्री धर्म राजकर्णिकारको उपस्थिति रहेको थियो ।

उक्त दिवसमा ठूला उद्योगको तर्फ श्री भगवती स्टिल इण्डष्ट्रिज प्रा लि, मझौला उद्योगको तर्फ श्री पञ्चकन्या प्लाष्टिक प्रा लि र साना उद्योगको तर्फ हिमालयन स्प्रिङ वाटर लाई उक्त अवार्ड प्रदान गरिएको थियो भने पन्चकन्या युपिभिसि फिटिङ्ग पाइप र एसियन थाई फुड्स प्रा.लि.लाई प्रशंसा पत्र प्रदान गरिएको थियो ।

मिति २०६९।६।२२ गते N S Quality Award वितरण गर्ने सम्बन्धमा नेपाल गुणस्तर तथा नापतौल विभागमा बसेको NS Quality Award Committee २०१२ को तेश्रो बैठकमा महासंघको तर्फबाट FNCCI National Excellence Awards Task Force का सदस्य श्री धर्मराज राजकर्णिकारले प्रतिनिधित्व गर्नू भयो । उक्त बैठकमा NS Quality Award २०१२ प्राप्त गर्ने उद्योगहरुको छनौट भएको र सोको वितरण सन् २०१२ को अक्टोबर १४ ता.(२०६९।६।२८) बिश्व गुणस्तर दिवसका दिन बितरण गर्ने निर्णय भएको थियो ।

मिति २०६९।६।२२ गते दुई रंगको एल पि ग्यासका सिलिण्डर प्रयोग एवं वितरण गर्ने सम्बन्धमा नेपाल गुणस्तर तथा नापतौल विभागमा बसेको पूनरीक्षण प्राबिधिक समितिको बैठकमा महासंघको तर्फबाट FNCCI National Excellence Awards Task Force का सदस्य श्री धर्मराज राजकर्णिकारले प्रतिनिधित्व गर्नु भयो । उक्त बैठकमा एल पि ग्याससंग सम्बन्धीत उद्योगी, व्यवसायी एवं उपभोक्तासंग सम्बन्धीत संघहरुका प्रतिनिधीहरु बोलाइएको थियो । रातो र नीलो दुई रंगको एल पि ग्यासका सिलिण्डर कार्तिक १ गते देखि प्रयोगमा ल्याउन आबश्यक व्यवस्था गर्नुपर्ने सम्बन्धमा बसेको उक्त बैठकमा थप छलफल गर्नुपर्ने भएकोले दशैं, तिहार र छठ जस्तो राष्ट्रिय चाडपर्वको अगाडी हतारमा लागु गर्नु ठिक नहुने देखिएकोले अर्को बैठक बस्ने गरी उक्त बैठक स्थगित गरियो ।

P T B र GIZ का प्रतिनिधिहरुसंग GIZ को कार्यालयमा मिति २०६९।८।८ गते उत्पादकत्व तथा गुणस्तर अभिबृद्धि सम्बन्धि विभिन्न कार्यक्रमहरु संयुक्त रुपमा आयोजना गर्ने सम्बन्धमा बैठक बस्यो । उक्त बैठकमा महासंघको तर्फबाट उत्पादकत्व तथा गुणस्तर समिमितिका सह सभापति श्री अजय प्रधानाङ्ग र निर्देशक श्री जीवन कंसाकारले प्रतिनिधित्व गरेको थियो ।

GIZ का प्रतिनिधिहरुसंग GIZ को कार्यालयमा मिति २०६९।९।२ गते Quality Infrastructure सम्बन्धि विभिन्न कार्यक्रमहरु GIZ, NBSM, SMTQ, विभिन्न मन्त्रालय र यस महासंघको संयुक्त आयोजनामा आयोजना गर्ने सम्बन्धमा बैठक बस्यो । उक्त बैठकमा महासंघको तर्फबाट उत्पादकत्व तथा गुणस्तर समितिका सभापति श्री शौरभ ज्योती, सह सभापति श्री अजय प्रधानाङ्ग, निर्देशक श्री जीवन कंसाकार र उप निर्देशक श्री कूल प्रसाद पाण्डले प्रतिनिधित्व गरेको थियो ।

नेपाल गुणस्तर तथा नापतौल विभाग र सिम नेपालको संयुक्त तत्वाबधानमा मिति २०६९।०९।१६ गते काठमाडौमा आयोजना भएको कार्वन फुट प्रिन्टिङ्ग सम्वन्धि एक दिने जन चेतना जागरण कार्यक्रममा महासंघको तर्फबाट कार्यकारिणी सदस्य श्री प्रकाश गिरीले सभापतित्व गर्नु भएको थियो ।

## १४. निर्यात प्रबर्द्धन :

नेपाल उद्योग वाणिज्य महासंघको निकासी प्रवर्द्धन समिति नेपालको निकासी प्रवर्द्धनको लागि बिभिन्न कियाकलापहरु गर्दै आएको छ । नेपाल उद्योग वाणिज्य महासंघको निकासी प्रवर्द्धन समिति र वाणिज्य तथा आपूर्ति मन्त्रालय, **Nepal Enhanced Capacities for Trade and Development (NECTRADE) Project** को सहयोग र सहकार्यमा **NTIS** को कार्यान्वयनमा निजी क्षेत्रको सहभागिता र **capacity building** को उद्देश्य सहित नेपालको विभिन्न क्षेत्रहरुमा कार्यशाला गोष्ठी सम्पन्न गरेको थियो ।

## १५ उर्जा :

मिति २०६९/०३/२९ मा महासंघले “Interaction program on Electrical Energy Crisis, Industrial Productivity Losses and Way Forward to resolve it” विषयक कार्यक्रम आयोजना गरेको थियो । उर्जा मन्त्रालयका सचिवज्यू –विद्युत महशुल निर्धारण आयोग अध्यक्षज्यू विद्युत प्राधिकरण विशिष्ट व्यक्तित्वहरुको सहभागितामा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रम सुझावहरु निम्न छन्:

- NEA has to upgrade the capacity of management, leakage control, and unbundling and establish of company by seven stakeholders.
- Complete suggestions for  the policy level gap
- Investment Year 2012 would be the successful return if it could be done for hydropower.
- Not only 3P (Public private partnership model) but go to 4P (Massive People Mobilization Model) for way outcome.
- Government should give a good platform for private sector to take part in mitigation of energy crisis.

उर्जा संकट समाधानका लागि लोडसेडिङ्ग न्युनिकरण कार्ययोजना २०६८ को सन्दर्भमा  नेपालका उद्योग व्यवसायीहरु संग रहेको डिजेल आयल द्वारा संचालित विद्युत उत्पादन ईकाईहरु (Captive plant) हरुको विद्युत उत्पादन क्षमता उर्जा खपत (GWh) बारे उद्योग संघ लगायत Industrial Corridor संग आवद्ध रहनु भएका उद्योगहरु संग रहेका Captive plant बारे तथ्याङ्क संकलन गरि प्रतिवेदनको मस्यौदा बुझाइएको थियो ।

नेपालमा रहेका जलविद्युतहरुको संख्या के कति छन्, कति  उत्पादित अवस्थामा छन्, कति निर्माणाधिन र निर्मित अवस्थामा छन्,ती बारे प्रत्येक जिल्ला अनुसारको Hydropower Profile तयार गर्ने कार्य भैरहेको छ।

मिति २०६९/०४/१० मा Canadian Delegation संग नेपालमा जल विद्युतको सम्भावना विषयमा छलफल गरिएको थियो ।

**अन्य**

मिति २०६९/०३/१४ गते Sustainable Natural Resources Management and Industrial Development in Nepal (Sector identification for joint collaboration between FNCCI and ICIMOD) महासंघमा छलफल सम्पन्न भयो । सोही कार्यक्रमको क्षेत्र निर्धारणका लागि २०६९/०३/२७ मा पुन: अर्को छलफल बैठक बस्यो । मिति २०६९/०६/१२ गते महासंघ र ICIMOD को संयुक्त आयोजनामा आधा दिने “Innovative Mountain Partnership Approach for Commerce and Trade in Nepal (IMPACT-Nepal)” कार्य गोष्ठी आयोजनामा गरेको थियो। उक्त गोष्ठीमा जलविद्युत, कृषि, जंगल, सूचना तथा संचार र जडिबुटी जस्ता क्षेत्रको Scoping Paper मा महासंघ र ICIMOD को भूमिकाबारे उर्जा समितिका सभापति श्री ज्ञानेन्द्र लाल प्रधान, कृषिमा AEC का निर्देशक प्रदिप महर्जन, वातावरण फोरमका संयोजक श्री संजय गिरि, सूचना तथा संचारमा ICT Development Committee का सभापति विप्लभ मान सिंह र नेपाल जडिबुटी जडिबुटी उत्पादक संघका अध्यक्ष श्री गोविन्द घिमिरेद्धारा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। उक्त गोष्ठीको अध्यक्षता महासंघका वातावरण फोरमका सभापति श्री संजय गिरिले गर्नु भएको थियो ।

उर्जा दक्षता केन्द्र र नेपाल गुणस्तर तथा नापतौल विभागले Sweden International Development Agency (SIDA)संग मिलेर Carbon Foot Print of product, process and system using life cycle assessment tools / Sustaibalility Criteria for Bio-energy: ISO 13065 सम्बन्धि अन्तराष्ट्रिय मापदण्ड सम्बन्धि कार्य गरिरहेको छ। नेपाल गुणस्तर तथा नापतौल विभागसंग सहकार्य गरिरहेको छ।

**१६. संस्कृति तथा मनोरञ्जन विकास:**

चलचित्रलाई अन्य उद्योग सरह मान्यता: दिलाउने सम्वन्धमा महासंघवाट कार्यपत्र तयार गरी सम्वन्धित निकायमा पेश गरेको छ । चलचित्र उद्योगका समस्या समाधान गर्ने सम्वन्धमा महासंघवाट सम्वन्धित निकायमा आवश्यक पहल भईरहेको छ ।

नेपाली गीत संगीत तथा चलचित्र उद्योग क्षेत्रमा रहेको Piracy (प्रतिलिपि अधिकार उल्लंघन) समस्या समाधान गर्नका लागि निकट भविश्यमा महासंघको सचिवालयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिने  भएको छ । उक्त कार्यक्रम आयोजना गर्नका लागि आवश्यक डकुमेन्ट फोरमका सदस्य श्री पदम वहादुर बुढाले तयार गर्दैछ ।

नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०६८/६/२ को निर्णय अनुसार संङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयका सचिवको अध्यक्षतामा गठित प्रतिलिपि अधिकार कार्यान्वयन परामर्श समितिको बैठकहरुमा महासंघको तर्फवाट संस्कृति तथा मनोरञ्जन विकास फोरमका संयोजक श्री अशोक शर्माले प्रतिनिधित्व गरीरहनु भएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उडडयन मन्त्रालय, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालय र South Asia watch on Trade Economy and Environment (SAWTEE) को संयुक्त आयोजनामा मिति २०६९।३।२१ गते प्रस्तोता, ध्वनिअंकन उत्पादक तथा प्रसारण संस्थाहरुको अधिकार संरक्षण गर्ने व्यवस्था भएको रोम महासन्धिमा पक्षधर बन्ने सम्बन्धी अन्तरकिया कार्यकममा महासंघको तर्फबाट संस्कृति तथा मनोरञ्जन विकास फोरमका संयोजक श्री अशोक शर्माले प्रतिनिधित्व गरी आफ्नो राय पेश गरेको थियो ।

विश्व बौद्दिक सम्पत्ति संगठन (WIPO) र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको संयुक्त आयोजनामा मिति २०६९ मंसिर २७ र २८गते काठमाडौमा आयोजना भएको National Workshop on Copyright for Film Industry Professional बिषयक कार्यशालामा महासंघको तर्फबाट संस्कृति तथा मनोरञ्जन विकास फोरमका संयोजक श्री अशोक शर्माले प्रतिनिधित्व गरेको थियो ।

## १७. शहरी विकास:

European Commission को आर्थिक सहयोगमा UN-Habitat अन्तरगत Green Homes-promoting sustainable housing in Nepal बिषयक आयोजनामा महासंघ दोश्रो Partner को रुपमा आबेदन दिएको र सोको स्वीकृति UN-Habitat ले जनाई सकेको जानकारी प्राप्त हुन आएको छ । मिति २०६९/१/४ मा भएको शहरी विकास फोरमको बैठकमा Links International , UAE का Director and CEO, Mr. Jayanti Bakshi ले Pre Engineering building सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । शहरी विकास फोरमका संयोजक श्री ओम बहादुर राजभण्डारीले Eco Township बारे उक्त कार्यपत्र नेपालको सम्बन्धमा उपयोगी भएको वस्तुस्थिति प्रस्तुत गर्नु भएको थियो । मिति २०६८/१/२२ को सडक विभागको निर्णयानुसार मिति २०६९।२।४ देखि २०६९।२।८ सम्म काठमाडौंमा संचालन भएको Public Private Partnership बिषयक ४ दिने कार्यक्रममा फोरमका संयोजक श्री ओमबहादुर राजभण्डारीले प्रतिनिधित्व गर्नु भएको थियो । मिति २०६९/२/१ मा महासंघमा आयोजना भएको Foreign Direct Investments Policy विषयक गोष्ठीमा Real Estate मा लगानी गर्न पाउनु पर्छ भन्ने सम्बन्धमा शहरी विकास फोरमका संयोजक श्री ओम बहादुर राजभण्डारीले प्रकाश पार्नु भएको थियो । मिति २०६९/२/१७ मा माननीय अर्थमन्त्री श्री बर्षमान पुनसँग शहरी विकास फोरमका संयोजक श्री ओम बहादुर राजभण्डारी र महासंघका प्रतिनिधिहरुले हालको शहरीकरण र व्यवस्थीत बसोबास बारे अर्थमन्त्रीज्यूसंग छलफल गर्नु भएको थियो । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६९।०२।०५ को निर्णयानुसार गठन भएको शहरी विकास मन्त्रालयले अवलम्बन गर्नु पर्ने अत्यन्त आवश्यक कार्यहरुका सम्बन्धमा मिति २०६९।०२।३० गते काठमाडौमा आयोजना भएको बैठकमा महासंघको तर्फबाट शहरी विकास फोरमका संयोजक श्री ओम बहादुर राजभण्डारीले प्रतिनिधित्व गर्नु भएको थियो । इटालीको नेपल्समा सन् २०१२ को सेप्टेम्बर १ देखि ७ ता. सम्म भएको World Urban Forum को छैठौं सेसनमा नेपालले हालसम्म शहरी विकासमा हासिल भएका उपलब्धि तथा भेलिएका समस्याहरु प्रस्तुत गर्न तथा अन्य विभिन्न अन्तर्राष्ट्रिय संघ/संस्था, सरकारी तथा गैर सरकारी निकायहरुसंग सम्बन्ध बढाउन विशेष तयारी गर्न गठन भएको तयारी समितिको मिति २०६९।०३।०१ गते बसेको बैठकमा महासंघको तर्फबाट शहरी विकास फोरमका सहसंयोजक श्री पुरुषोत्तम डंगोलले प्रतिनिधित्व गर्नु भएको थियो ।

नेपाल राष्ट्र बैंक पुर्व कर्मचारी संघले मिति २०६९।३।२३ गते आयोजना गरेको घर जग्गा कारोवारमा वित्तीय क्षेत्रको संलग्नता सम्बन्धी गोष्ठीमा महासंघको तर्फबाट शहरी विकास फोरमका सदस्य श्री प्रफूल्लमान सिं प्रधानले प्रतिनिधित्व गर्नु भएको थियो। काठमाडौं महानगरपालिका कार्यालयमा मिति २०६९।४।२१ गते काठमाडौं क्षेत्रको आवधीक योजना तयार गर्ने सन्दर्भमा बसेको आर्थिक तथा वित्तिय विकास उप समितिको बैठकमा महासंको तर्फबाट शहरी बिकास फोरमका संयोजक श्री ओम राजभण्डारी र निर्देशक श्री जीवन कंसाकारले प्रतिनिधित्व गरेको थियो । उक्त बैठकमा (क) काठमाडौं महानगरपालिका अन्तरगतका व्यक्तिगत एवं व्यापारिक कारोवारहरुको विवरण काठमाडौं महानगरपालिकाको सचिबालयमा Electronic माध्यममा हुनुपर्ने, (ख) घरजग्गा कर, मालपोत कर, मनोरन्जन कर आदिको व्यवस्था एकद्धार प्रणाली अन्तरगत हुनुपर्ने (ग) विभिन्न प्रयोजनका लागि सम्बन्धीत मन्त्रालय/ विभाग/निकायबाट गरिने घर जग्गाको मुल्याकनमा एकरुपता ल्याउनु पर्ने, (घ) महानगरपालिकाको आयश्रोत वृद्धिका लागि अन्य श्रोतहरु पनि पहिचान हुनुपर्ने र (ङ)

करदातालाई करदानको आधारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले लाभ प्राप्त भएको अनुभूति दिलाउन सक्नु पर्ने सम्बन्धमा विस्तृत रुपले छलफल भएको थियो । शहरी विकास मन्त्रालयका सहसचिब श्री सुरेश प्रकास आचार्यको संयोजकत्वमा मिति २०६९।४।२९ मा विद्यमान काठमाडौं उपत्यकाको मापदण्ड परिमार्जन गर्ने सम्बन्धमा बसेको बैठकमा महासंघको तर्फबाट शहरी बिकास फोरमका संयोजक श्री ओम राजभण्डारी र निर्देशक श्री जीवन कंसाकारले प्रतिनिधित्व गरेको थियो । उक्त बैठकमा काठमाडौं उपत्यकाको निर्माण सम्बन्धी मापदण्ड २०६४ लाई परिमार्जन गर्नका लागि सल्लाहकार समितिको गठन गर्ने तथा काठमाडौं उपत्यकाको निर्माण सम्बन्धी मापदण्ड २०६४ लाई परिमार्जन गर्नका लागि काठमाडौं उपत्यका विकास प्राधिकरणले प्रस्ताव तयार गरी आगामी बस्ने बैठकमा छलफलका लागि पेश गर्ने निर्णय हुनुका साथै सो सम्बन्धमा विस्तृत रुपले छलफल भएको थियो । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, USAID, नेपाल उद्योग वाणिज्य महासंघ, UN HABITAT र NEST को संयुक्त तत्वावधानमा मिति २०६९।५।३१ गते World Habitat Day 2012 को उपलक्ष्यमा काठमाडौंमा "Private Sector Engagement in Pilot Urban Regeneration Program in Kathmandu City Core" बिषयमा कार्यशाला गोष्ठी आयोजना भएको थियो। उद्घाटन समारोहमा महासंघका वरिष्ठ उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकारले शहरीकरणको विकासका लागि सडकको विस्तार आवश्यक भएको र सडक विस्तार नकारात्मक नभई अवसर र चुनौति पनि संगसंगै आउने भएकाले चुनौतिलाई सामना गर्न सक्ने वातावरण नगरवासीलाई दिन सक्नु पर्ने जिम्मेवारी सरकारी निकायको भएकोले सम्बन्धित सरकारी निकायबाट साधारण जनताको आर्थिक स्थितिमा नकारात्मक प्रभाव नपर्ने किसिमले सहयोग र सुविधा उपलब्ध गराउनु पर्ने तथा सडक विस्तारको नाममा सडकलाई विकृतिको रुपमा उपस्थिति हुनबाट जोगाइनु पर्ने वस्तुस्थिति प्रस्तुत गर्नु भएको थियो। शहरी विकास फोरमका संयोजक श्री ओम बहादुर राजभण्डारीले "Promote Urban Regeneration in Historic City Cores of Kathmandu Valley" बिषयमा महासंघको धारणा प्रस्तुत गर्नु भएको थियो भने NEST को तर्फबाट सल्लाहकार श्री सूर्य भक्त सांगाछेले "Urban Regeneration Conceptual Plan for Historic City Core of Kathmandu" बिषयमा कार्यपत्र पेश गरेको थियो। शहरी विकास तथा भवन निर्माण विभाग, संघीय मामला तथा स्थानीय विकास मन्त्रालय र काठमाडौं महानगरपालिकाको संयुक्त तत्कावधानमा मिति २०६९।६।७ मा काठमाडौंमा आयोजना भएको “काठमाडौं महानगरपालिकाको आवधिक योजना तर्जुमा कार्य दीर्घकालिन सोंच कार्यशाला गोष्ठी” आयोजना भएको थियो। परामर्शदाताहरुबाट प्रस्तुत गरिएको कार्यपत्रमा उद्योगी/व्यापारी/व्यवसायीहरुको भूमिका बिषयमा कहिंकतै उल्लेख गरिएको नदेखिएको जानकारी गराउँदै लिच्छवी तथा मल्लकालिन समय देखि काठमाडौंको आर्थिक विकासमा उद्योगी/व्यापारी/ व्यवसायीले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको तथ्य प्रकाश पारिएको थियो। काठमाडौं महानगरपालिकाको विकास आर्थिक समृद्धि विना हुन नसक्ने भएकोले आर्थिक समृद्धिका लागि उद्योगी/व्यापारी/व्यवसायीहरुलाई उचित स्थान दिनु पर्ने र तिनीहरुलाई व्यवस्थित रुपले कार्य सम्पादन गर्न/गराउनका लागि आवश्यक व्यवस्था महानगरपालिकाबाट हुनु पर्ने कुरा उक्त कार्यपत्रमा उल्लेख हुनु पर्ने सहभागिहरुबाट सुझाव प्रस्तुत गरिएको थियो। साथै महानगरपालिकाले स्थानीय नगरवासीलाई आवश्यक पानी, बिजुली, सुरक्षा, सरसफाई र यातायात आदि आधारभूत आवश्यकता सरल र सुलभ तरिकाले उपलब्ध गराईनु पर्ने बारे पनि छलफल भएको थियो।

शहरी विकास मन्त्रालयमा मिति २०६९।०६।०७ मा बसेको विश्व वैक तथा जि. आई. जेड.को सहयोगमा संचालित शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम अन्तरगत World Bank-GIZ को संयुक्त Implementation Support Mission को Wrap-Up Meeting, शहरी विकास तथा भवन निर्माण विभागमा २०६९।०६।१४ मा बसेको निजी क्षेत्र विकास समितिको बैठकमा फोरमका संयोजक श्री ओम राजभण्डारीले प्रतिनिधित्व गरेको थियो।

यस महासंघको आयोजनामा मिति २०६९ साल असोज १७ देखि १९ गते सम्म काठमाडौंमा "A Vision for Shared Prosperity" को नारा सहित आयोजना भएको २६ औं CACCI सम्मेलनमा

"Asian Council on Contracting and Constructions" सम्बन्धी आयोजना गरिएको सेसनमा फोरमका संयोजक श्री ओम बहादुर राजभण्डारीले "Promote Urban Regeneration in Historic City Cores of Kathmandu Valley" बिषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । यसैगरी उक्त कार्यक्रममा NEST को तर्फबाट सल्लाहकार श्री सूर्यभक्त सांगाछेले "Urban Regeneration Conceptual Plan for Historic City Core of Kathmandu" बिषयमा कार्यपत्र प्रस्तुत गरेको थियो ।

शहरी बिकास मन्त्रालयमा २०६९।०६।२६ मा बसेको नेपाल सरकार, विश्व वैंक तथा जि. आई. जेड. को सहयोगमा संचालित शहरी शासकीय क्षमता तथा विकास कार्यक्रमको नवौं निर्देशक समितिको बैठक, परामर्शदाता नियुक्त सम्वन्धमा मिति २०६९।०७।२६ मा शहरी विकास तथा भवन निर्माण विभागमा बसेको Construction Permit सुझाव कार्यान्वयन समितिको बैठकमा फोरमका संयोजक श्री ओम राजभण्डारीले प्रतिनिधित्व गरेको थियो ।

“राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०६९” को सन्दर्भमा राष्ट्रिय कार्यक्रम अन्तरगत मिति २०६९।०९।२० मा काठमाडौमा आयोजना गरिएको कार्यक्रममा शहरी बिकास फोरमका सदस्य श्री मनोहर राजभण्डारीले प्रतिनिधित्व गरेको थियो । नेपाल उद्योग वाणिज्य महासंघ, राष्ट्रिय भुकम्प प्रविधि समाज-नेपाल (NSET) र (International Center for Urban Safety Engineering (ICUS) को संयुक्त आयोजनामा मिति २०६९।९।२४ मा काठमाडौंमा " Role of Private Sector on Promoting Safer Building Constroction: Experience of Japan " बिषयक अन्तरकृया कार्यक्रम आयोजना भएको थियो । “१५ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०६९” मनाउने क्रममा आयोजना गरिएको उक्त कार्यक्रममा ICUS का Director/Profesor, Urban Disaster Mitigation Engineering Mr. Kimiro Meguro, ले जापान विश्वका भुकम्पिय क्षेत्रहरु मध्य एक रहेकोले त्यहांका जनताहरु भूकम्पबाट बच्ने/बचाउने उपाय सम्बन्धमा जागरुक रहेको अवगत गराउनु भएको थियो । साथै जापानमा बनाईने भुकम्पबाट हुने क्षेतीवाट बच्न/बचाउनका लागि बनाइने आवास गृहहरुको बनौट तथा यसका लागि बैंक, इन्स्योरेन्स कम्पनि, सरकारी एवं गैर सरकारी निकाय एवं नागरिक समाजको दायित्व सम्बन्धमा कार्यपत्र पेश गर्नु भएको थियो । सहभागिहरुलाई स्वागत गर्ने कममा NSET का कार्यकारी निर्देशक श्री अमोद मणि दिक्षितले नेपालमा भविष्यमा आकस्मिक रुपले आइपर्ने भूकम्पबाट उत्पन्न जोखिमलाई न्यूनिकरण गर्नका लागि बैंक, विमा कम्पनी, सरकारी तथा निजी क्षेत्रबाट योगदान दिनु पर्ने जानकारी गराउनु भएको थियो । कार्यक्रममा फोरमका संयोजक श्री ओमबहादुर राजभण्डारीले जापान विश्वका भूकम्पिय क्षेत्र मध्ये एक भएकोले जापानमा भूकम्प निरोधक गतिविधि स्थायी रुपले अपनाउने गरिएकोले उक्त प्राविधिलाई नेपालमा पनि अपनाउन सके नेपालमा आकस्मिक रुपले भूकम्प आई पर्दा सोबाट हुने धन र जनमा हुने जोखिमलाई न्यूनिकरण गर्न सकिने वस्तुस्थिति प्रस्तुत गर्नु भएको थियो ।

मिति २०६९।९।२६ मा चितवनमा आयोजना भएको "Nepal Investment Year Promotional Activity" सम्बन्धि कार्यक्रममा फोरमका संयोजक श्री ओमबहादुर राजभण्डारीले "Ubarn Secnario and Investment oppertunies" विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । शहरी बिकास मन्त्रालयमा २०६९।१०।१२ मा बसेको नेपाल सरकार, विश्व वैंक तथा जि. आई. जेड. को सहयोगमा संचालित शहरी शासकीय क्षमता तथा विकास कार्यक्रमको निर्देशक समितिको बैठक, सोही मितिमा शहरी बिकास तथा भवन निर्माण मन्त्रालयमा बसेको “संयुक्त आवास भवन निर्माण स्वीकृती तथा अनुगमन कार्यविधि २०६८” सम्वन्धि बैठक एवं काठमाडौं महानगरपालिका कार्यालयमा मिति २०६९।०९।२७ मा बसेको काठमाडौं महानगरपालिकाको २१औं नगर परिषदको वैठकबाट पारित बजेट, नीति तथा कार्यक्रमको सार्बजनिक गर्ने कार्यक्रम, त्यसैगरी मिति २०६९।१०।२ मा बिश्व बैकले काठमाडौंमा आयोजना गरेको "Kathmandu Valley Urban Regeneration" बिषयक कार्यशाला गोष्ठीमा फोरमका संयोजक श्री ओम राजभण्डारीले प्रतिनिधित्व गरेको थियो ।

मिति २०६९।१०।३ मा बिश्व बैकले काठमाडौंमा आयोजना गरेको " Metropolitan Governance and Planning " बिषयक कार्यशाला गोष्ठीमा शहरी बिकास फोरमका सदस्य श्री प्रफूल्लमान सिं

प्रधानले प्रतिनिधित्व गर्नु गरेको थियो । यसै गरी मिति २०६९।१०।११ मा काठमाडौमा आयोजना भएको " Dealing with Construction permit works: reforming the investment climate" सम्वन्धी बैठकमा महासंघको तर्फबाट श्री रुद्र पोखरेलले प्रतिनिधित्व गरेको थियो ।

## १८. रुग्ण उद्योग पुनरुत्थान :

रुग्ण उद्योग पुनर्स्थापन फोरमले रुग्ण उद्योगहरुको पुनर्स्थापनका लागि रुग्ण उद्योगले भोगिरहेका समस्या र त्यसका समाधानका उपाय तथा सरकारले उपलब्ध गराउनु पर्ने सुविधा र सहुलियत सम्बन्धमा उद्योग मन्त्रालय एवं सम्बन्धित निकायहरुमा पहल गर्दै आएको छ ।

नेपाल सरकारको तत्काल राहत कार्यक्रम २०६८ मा रुग्ण उद्योगको पुनःरुत्थान गरी औद्योगिक उत्पादन बृद्धि, रोजगारी सिर्जना, उद्योगले भोगिरहेका समस्या र त्यसका समाधानका उपाय तथा सरकारले उपलब्ध गराउनु पर्ने सुविधा र सहुलियत सम्बन्धमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्नका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षज्यूको संयोजकत्वमा यस महासंघका प्रतिनिधि समेत सम्मिलित गरी गठित रुग्ण उद्योग पुनर्उत्थान उच्चस्तरिय कार्यदलको बैठकले उद्योगको पहिचान गरी समस्या समाधान गर्ने विषयमा अध्ययन गरी उच्चस्तरिय कार्यदलमा प्रतिवेदन पेश गर्न उद्योग मन्त्रालयका औद्योगिक महाशाखाका सहसचिवको संयोजकत्वमा उद्योग मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघका प्रतिनिधि सम्मिलित उपसमिति गठन गरेको थियो ।

फोरमको सक्रियतामा उक्त उपसमितिले महासंघमा निरन्तर रुपमा बैठक बसी प्रतिवेदन तयार गरेको थियो । उपसमितिले तयार गरेको प्रतिवेदन उच्चस्तरिय कार्यदलमा छलफल गरी उच्चस्तरीय कार्यदलले अन्तिम रुप दिई यस सम्बन्धमा मन्त्रिपरिषद्बाट उद्योग मन्त्रालयलाई जिम्मा दिएको छ ।

रुग्ण उद्योग पुनरुत्थान उच्चस्तरिय कार्यदलले दिएको प्रतिवेदन कार्यान्वयन गर्ने उद्योग मन्त्रालयको औद्योगिक प्रबर्द्धन महाशाखाका प्रमुखको संयोजकत्वमा प्राविधिक समितिको गठन भएको छ । प्रतिवेदनको कार्यन्वयन पक्षलाई नीतिगत रुपमा सहयोग गर्न, निर्देशन दिन तथा अनुगमन गर्न एक उच्चस्तरिय अनुगमन समिति समेत गठन भएको छ । प्राविधिक समितिमा महासंघको तर्फबाट रुग्ण उद्योग पुनरुत्थान फोरमका संयोजक श्री विराट थापाबाटले प्रतिनिधित्व गर्दै आउनुभएको छ ।

समितिको पहलमा व्यवसाय गर्दा गर्दै विविध कारणले रुग्ण बन्न पुगेका उद्योगहरुलाई आफूले भोगिरहेका समस्या र त्यसको समाधानका उपायहरु उल्लेख गरी वहीर्गमनमा जान चाहने हो वा पुनरुत्थानको सुविधा सहुलियतबाट अघि बढ्न चाहने हो सोहि बमोजिमको प्रस्ताव महासंघमा उद्योग मन्त्रालयमा पेश गर्नका लागि सम्बन्धित रुग्ण उद्योगहरुलाई अनुरोध गरेको थियो ।

सोही सन्दर्भमा रुग्ण उद्योग घोषणा गरीपाउँ भनी उद्योग मन्त्रालयमा पेश भएका ३० वटा रुग्ण उद्योगहरुमा स्थलगत निरिक्षण गरी व्यवसायिक योजना सहित प्रतिवेदन तयार गरी प्राविधिक समितिमा छलफल भईरहेको छ ।

## १९. वातावरण फोरम :

नेपालमा उद्योगहरुमा कार्बन व्यापारको मौका तथा चुनौति सम्बन्धि Kfw C- Fund संस्थाद्धारा एक दिने अन्तरकृया मिति २०६९/०१/०५ मा महासंघको सचिवालयमा आयोजना भएको थियो । वातावरण फोरमका संयोजक श्री संजय गिरिको सभापतित्वमा भएको उक्त कार्यक्रममा विशेषज्ञद्वारा कार्यपत्र प्रस्तुत गरिएको थियो।

उर्जा दक्षता केन्द्र (Energy Efficiency Center) को विगतका अनुभव, उर्जा दक्षता केन्द्रको आर्थिक गतिविधि नेपाल उर्जा दक्षता आयोजनाको भावी कार्यकमबारे मिति २०६९/०२/१८ मा वातावरण फोरममा छलफल गरिएको थियो। साथै सोही दिन उर्जा दक्षता केन्दका संयोजक समितिको बैठक समेत बसेको थियो । उक्त कार्यकमको अध्यक्षता वातावरण फोरमका संयोजक

श्री संजय गिरिले गर्नु भएको थियो भने उर्जा विज्ञ डा.उत्तम कुंवरद्धारा उर्जा दक्षता केन्द्रको प्रगति प्रतिवेदन पेश गरिएको थियो । मिति २०६९/०३/०४ देखि १० गते सम्म Adelphi द्धारा संचालित Energy Management System-ISO 50001, सम्बन्धि ७ दिने तालिम कार्यक्रम काठमाडौंमा भएको थियो । उक्त कार्यक्रमको मुख्य उद्देश्य (Energy Efficiency) सम्बन्धी जनचेतना फैलाउनु र कुनै पनि संघ संस्थाहरुमा व्यवस्थित रुपमा उर्जा परिचालन गर्नु रहेको थियो । EEC अन्तरतगत भएका कार्यक्रम सम्बन्धी संचालक समितिको बैठक २०६९/०४/२१ र २०६९/०५/१२ मा भएको थियो । प्रत्येक अंग्रजी महिनाको अन्तमा EEC का मासिक गतिविधि अन्तर्गत, उर्जा, वातावरण आदिलाई समावेश गरि EEC-Newsletter प्रकासन गरिएको छ । हालसम्म ७ वटा अंक प्रकाशन भइसकेको छ । उक्त Electronic - Newsletter I/NGOS, partners, Executive committee members,industrial association, industries / District Chambers हरुमा वितरण हुने गरेको छ । साथै EEC का गतिविधिबारे सर्बसाधारणको जानकारीका लागि Knowledge based Management अर्थात website संचालन गर्ने तयारी अवस्थामा छ । यसबाट सबै सरोकारवालाहरुले उर्जा दक्षता, उर्जा व्यवस्थापन सम्बन्धि जानकारी सजिलै संग थाह पाउन सक्ने छन् ।

**<u>औद्योगिक उर्जा दक्षता कार्यक्रम (Energy Efficiency Programme)</u>**

क) महासंघमा स्थापित औद्योगिक उर्जा दक्षता कार्यक्रमद्धारा १० वटा उ.वा.संघमा उर्जा दक्षता (Energy Efficiency) सम्बन्धी छलफल भएको थियो । उक्त कार्यक्रम अन्तरगत मिति २०६८/१२/०७ मा नेपालगञ्जमा, मिति २०६८/०१/१२ मा काठमाडौमा, मिति २०६८/१२/१९ मा विरगञ्ज–बारामा र मिति २०६९/०२/२५ मा चितवन–मकवानपूरमा भएको थियो । सो कार्यक्रम अन्तरगत मिति २०६९/०३/०७–२१ मा मोरङ्ग–सुनसरीमा, मिति २०६९/०४/१४–१६ मा बुटबल–भैरहवामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा विशेषज्ञहरुबाट औद्योगिक उर्जा दक्षता कार्यक्रमको स्थापना र भूमिका साथै उद्योगहरुमा उर्जा दक्षताबारे कार्यपत्र प्रस्तुत गरिएको थियो ।

ख) मिति २०६९/०५/०७ मा Consultative Meeting on EE (with Bankers) संग EEC कार्यक्रम सम्बन्धि जानकारी तथा EE financing सम्बन्धि बैकको भूमिका बारे Nepal Bankers Association मा कार्यक्रम आयोना गरिएको थियो । उक्त कार्यक्रममा विशषज्ञबाट बैकको लागि लगानीका नयाँ सम्भावनाबारे कार्यपत्र प्रस्तुत गरिएको थियो ।

ग) उर्जा दक्षता कार्यक्रम अन्तरगत विभिन्न जिल्लाका १० उद्योग वाणिज्य संघहरु समावेश छन । उर्जा दक्षता कार्यक्रमको आगामी कार्यदिशा सम्बन्धि जानकारी तथा उद्योग वाणिज्य संघहरुसंग समझदारी पत्रबारे छलफल गर्न गत भाद्र ११ मा काठमाडौंमा छलफल कार्यक्रमको आयोजना गरिएको थियो । उक्त छलफल कार्यक्रममा उद्योग वाणिज्य संघको उद्देश्य र भूमि बारे विशेषज्ञद्वारा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

घ) मिति २०६९/०१/२४ मा Biomass सम्बन्धमा Enengy Efficiency Strategy बैकल्पिक उर्जा प्रबर्धन केन्द (AEPC) / GIZ Consultant संग उर्जा दक्षता कार्यक्रम सम्बन्धमा छलफल कार्यक्रम भएको थियो ।

ङ) Regional Dialogue on Brick Kilns/Hollow Bricks अन्तरगत नेपालमा संचालित ईटा उद्योगहरुको प्राविधिक हस्तानतरण तथा व्यवस्थापन विस्तारका लागि उर्जा दक्षता केन्द्र आयोजनाद्धारा मित्र राष्ट्र वंगलादेशमा मिति २०६९/०२/९–१२ देखिसम्म एक अध्ययन भ्रमणको आयोजना गरेको थियो । उक्त कार्यक्रममा नेपालबाट ईटा उद्योग महासंघका अध्यक्ष लगायत अन्य तीन ईटा उद्योगीहरुको पनि सहभागिता रहेको थियो ।

च) नेपाल सरकार तथा जर्मन सरकारको आपसी सहयोगमा हाल संचालित उर्जा दक्षता कार्यक्रम अन्तरगत नेपाल उद्योग वाणिज्य महासंघमा उर्जा दक्षता (Energy Efficiency) केन्द्रको स्थापना

गरिएको छ। यस केन्द्रको मुख्य उद्देश्य देशमा संचालित उद्योगहरुमा उर्जा दक्षता सम्बन्धी अनुगमन, चेतना वृद्धि, परामर्श सेवा (प्राविधिक) उपलव्ध गराई औद्योगिक उत्पादनको वृद्धिमा सहयोग पुऱ्याउनु रहेको छ। उक्त आयोजना अन्तरगत आठ वटा औद्योगिक क्षेत्र (सिमेन्ट, होटेल, ईटा, मेटल आदि )निर्धारण गरि २०० वटा बढी उर्जा खपत हुने उद्योगहरुको विवरण तयार गरेको छ। आठ वटा औद्योगिक क्षेत्र समावेश हुने गरी ४० वटा उद्योगहरुको विस्तृत Energy Audit गर्नु पर्ने र सो का लागि आयोजना अन्तरगत ४५ जना दक्ष Energy Auditors उत्पादन गर्ने कार्यक्रम रहेको छ। यसै अन्तरगत मिति २०६९/०५/२४ देखि २०६९/०६/१४ सम्म ३ हप्ते 1st module Energy Audit Training कार्यक्रम Hotel Greenwich Village, काठमाडौंमा आयोजना भएको थियो । उक्त तालीम कार्यक्रममा १५ जना Energy Auditor हरुलाई तालिम दिइएको थियो । त्यसै गरी २०६९ मंसिर १० देखि पौष १ गतेसम्म काठमाडौं र विराटनगरमा आयोजना भएको 2nd module Energy Audit Training कार्यक्रममा काठमाडौं र विराटनगर गरि ३० जना Energy Auditor हरुलाई तालिम दिइएको थियो । साथै हाल सम्म Hotel Himalaya, Sitaram Gokul Dairy, Hulas Iron and Steel Pvt. Ltd., Nepal Dairy Pvt. Ltd., Arbind Pulp and Paper Pvt. Ltd., Himal Iron and Steel Pvt. Ltd, Pashupati Iron and Steel Pvt. Ltd., Hetauta Cement गरी ८ वटा उद्योगहरुको विस्तृत Energy Audit भइसकेको छ । बाँकी ३२ वटा उद्योगहरुको पनि Energy Audit सन् २०१३ सम्ममा पूरा गर्ने उर्जा दक्षता केन्द्रको योजना रहेको छ।

छ) नेपालका उद्योगहरुका लागि German Development Bank/ kreditbank fur Wiederaufbau (kfW) मार्फत Nepal Industrial Development Cooperation Bank (NIDC) बाट २ मिलियन यूरो अनुदान दिने भएको छ ।

**Sustainable and Efficient Industrial Development (SEID)**

- युरोपेली संगठन (European Union) को Switch Asia कार्यक्रम अन्तरगत नेपाल तथा भुटानमा संचालित "Sustainable and Efficient Industrial Development (SEID)" कार्यक्रम नेपालमा संचालनका लागि नेपाल उद्योग वाणिज्य महासंघ मुख्य पार्टनरको रुपमा रहेको छ । यस कार्यक्रमका सरोकारवालाहरुसंगको पहिलो बैठक मिति २०६९/०१/१३ मा भएको थियो । कार्यक्रमको मुख्य उद्देश्य नेपालको कृषि र पर्यटन क्षेत्रको साना तथा मझौला उद्योगहरुलाई टेवा पुऱ्याउनु रहेको छ। मिति २०६९/०४/०५,०६ र ०७ गते भक्तपूर, पाटन र बालाजु औद्योगिक क्षेत्रमा Sustainable and Efficient Industrial Development (SEID) को Frontier Group सम्बन्धि अन्तरकृया कार्यक्रम आयोजना भएको थियो ।
- यस आयोजना अन्तरगत हाल सम्म २८ जना दक्ष Junior Consultant हरुलाई 1st Training of Trainer(ToT), Soft Skill Intermediary Training / 2nd ToT गरी तीन चरणको तालिम दिइएको छ। यही २८ जना Junior Consultant हरुले निर्धारित ७ वटा काठमाडौं र पोखराका उद्योगहरु (Club Himalaya, Hotel Shakti, Hotel Holiday Inn, Taza Pauroti, Beaten rice, Gomang carpet Industry etc.) Initial Environment Report तयार पारेका छन्।
- 2nd TOT कार्यक्रम २०६९/०९/०६ देखि २०६९/०९/१२ होटेल मर्स्याङ्दी, ठमेलमा मुख्य पार्टनर Center for Appropriate Technology (GrAT) / Asia Society for Social Improvement and Sustainable Transformation (ASSIST) द्वारा आयोजना गरिएको कार्यक्रमको मुख्य उदेश्य दिगो उत्पादन र खपत (Sustainable production and Consumption) साथै छानिएका उद्योगहरु (Frontier Group Company)मा उर्जा दक्षता सम्बन्धी अनुगमन, चेतना वृद्धि, परामर्श सेवा (प्राविधिक) उपलव्ध गराई औद्योगिक उत्पादनको वृद्धिमा बैकल्पिक उर्जाको प्रयोगबाट पनि सहयोग पुऱ्याउनु रहेको थियो। अध्ययन क्रममा हालै पाटन औद्योगिक क्षेत्रका ३ वटा उद्योगहरु र पाटन औद्योगिक क्षेत्र व्यवस्थापनका प्रतिनिधिद्वारा छानिएका उद्योगहरु

(Frontier Group Company) भ्रमण गरि उर्जा बचत सम्बन्धि आवश्यक सल्लाह प्रदान गरिएको छ ।

२०. **सामाजिक सेवा** :

विश्व मधुमेह दिवसका अवसरमा २०६९ मंसिर ३ गते सामाजिक सेवा फोरमको पहलमा मधुमेह रोगका विषयमा एक अन्तरक्रिया तथा मधुमेह सहित मुटु तथा नसा सम्बन्धी रोगको निःशुल्क परिक्षण कार्यक्रमको आयोजना गरिएको थियो । महासंघ र नेपाल मधुमेही समाजको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा मधुमेह तथा मुटुरोग विशेषज्ञ, उद्यमी व्यवसायी, संचारकर्मीहरुको सहभागिता थियो । उक्त कार्यक्रममा महासंघको सामाजिक सेवा फोरमका संयोजक श्री नन्दकिशोर श्रेष्ठ र सहसंयोजक श्री तेजरत्न शाक्यले महासंघले संस्थागत सामाजिक दायित्वलाई मनन गरी प्रत्येक वर्ष विश्व मधुमेह दिवसको सेरोफेरोमा रहेर यस प्रकारको जनचेतनामुलक कार्यक्रम गर्दै आएको र यसलाई आगामी दिनमा अझ वृहद रुपमा लैजाने योजना रहेको बस्तुतथ्य प्रस्तुत गर्नु भएको थियो । Diabetes: Protect our future भन्ने मूल नारा सहित आयोजित उक्त कार्यक्रममा ९० जना व्यक्तिहरुले मधुमेह, उच्चरक्त चाप तथा नसा सम्बन्धी निःशुल्क स्वास्थ्य परिक्षण गराएको थियो ।

गत डिसेम्बर १ देखि ४ सम्म विश्व एड्स दिवसको अवसरमा पोखरामा आयोजना गरेको 4th National Conference on World AIDS Day कार्यक्रम मा सामाजिक सेवा फोरमका संयोजक श्री नन्दकिशोर श्रेष्ठ सहभागि हुनु भएको थियो ।

२०६९ मंसिर १८ गते विश्व अपाङ्ग दिवसको उपलक्ष्यमा अवरोधहरु हटाउँदै सबैका लागि समावेशी र पहुँचयुक्त समाजको सृजना गरौं भन्ने मूल नाराका साथ आयोजना गरिएको बसन्तपुरबाट निकालिएको -यालीमा सामाजिक सेवा फोरमका संयोजक श्री नन्दकिशोर श्रेष्ठ, सहसंयोजक श्री तेजरत्न शाक्य लगायत अन्य उद्योमी व्यवसायीहरु समेतले सहभागिता गर्नु भएको थियो ।

December 5, 2012 मा काठमाण्डौंमा आयोजना गरिएको 'Carrier Expo for Persons with Disabilities 2012' कार्यक्रममा सामाजिक सेवा फोरमका संयोजक श्री नन्द किशोर श्रेष्ठ सहभागी हुनुभएको थियो । सो कार्यक्रममा कूल जनसंख्याको २ प्रतिशत शारिरीक असक्त भएका व्यक्तिहरुलाई पनि वहाँहरुको शीप, शिक्षा अनुभवका आधारमा उद्योगी व्यापारी तथा सम्बन्धित निकायले प्राथमिकताका रुपमा काम गर्न दिने वातावरण दिनुपर्ने कुरामा जोड दिनुभएको थियो । उक्त कार्यक्रमको आयोजक महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अन्तराष्ट्रिय गैरसरकारी संघ नेपाल थियो ।

नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम-२ (NHSP II) ले परिकल्पना गरेको "स्वास्थ्य क्षेत्रको सार्वजनिक, निजी साझेदारी नीति विकास गर्न निर्देशक समिति, राष्ट्रिय योजना आयोगको सचिवालय अन्तर्गत राष्ट्रिय विकास स्वयंसेवक सेवा सम्बन्धी उच्चस्तरीय समन्वय समिति एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतको Country Coordination Mechanism (CCM) मा महासंघको तर्फबाट सामाजिक सेवा फोरमका संयोजक श्री नन्दकिशोर श्रेष्ठले प्रतिनिधित्व गर्दै आएको छ ।

**FNCCI-BCAN**

FNCCI-BCAN ले गत जेठ १६ गते उद्योग वाणिज्य संघ, सुन्सरी, धरानमा विभिन्न व्यापारिक संस्थामा कार्यरत व्यवस्थापक तथा प्रवन्धकहरुलाई कार्यस्थलमा HIV/AIDS को वारेमा अभिमुखिकरण तालिम आयोजना गरिएको थियो । तालिममा औद्योगिक क्षेत्रका करिब ६० जनाको सहभागिता रहेको थियो ।

FNCCI-BCAN को उद्देश्य अनुसार विभिन्न औद्योगिक तथा व्यापारिक क्षेत्रहरुमा HIV/AIDS सम्बन्धि तालिमहरु दिएको थियो । प्रत्येक महिनामा कम्तिमा दुईवटा तालिम गरि भाद्रदेखि पुष मसान्त

सम्म जम्मा १३ स्थानहरुका कर्मचारिहरु र कामदारहरुलाई तालिम संचालन गरि जम्मा ४५३ जनालाई HIV/AIDS को तालिम दिइसकेको छ । तालिम दिएका संस्थाहरु नेपाल उद्योग वाणिज्य महासंघ, वैद्यज ग्रुप, नेपाल टेलिकम, सृजना कलेज, सियाम व्यूटी पालर, एभरेस्ट इन्सोरेन्स, नेपाल हस्तकला महासंघ, नन्द किशोर प्रतिभा कोष, पासाङ्ग लामू पर्वतारेहण संस्थान र याक प्यालेस आदिमा तालिम दिइएको थियो ।

साथै २०६९ मंसिर ३० गते दस जोड दुई तथा कलेज स्तरका विद्यार्थीहरुलाई सहभागिता गराई वसन्तपुरमा पोस्टर डिजाईन प्रतियोगिता गरि उत्कृस्ट ठहरिएका ५ जनालाई रु. १०,००० (दश हजार) को दरले पुरस्कार प्रदान गरिएको थियो ।

**प्रेस प्रकाशन तथा जनसम्पर्क**

मुलुकभित्र उद्योग व्यवसाय गर्ने वातावरण बनाई उद्यमशिलता विकास मार्फत रोजगारी सृजना गर्ने, आर्थिक विकासमा सरकारलाई असल सहयोगीको भूमिका निर्वाह गर्ने निजी क्षेत्र र संचार माध्यम बीचको आपसी सम्बन्धलाई सुमधुर राख्दै आर्थिक विकासको अभियानमा एकसाथ अगाडी बढ्ने नीति नेपाल उद्योग वाणिज्य महासंघको छ । महासंघ सोही नीति अनुरुप अगाडी बढेको छ ।

स्थानीय पहिचान सहितको आर्थिक समृद्धि भन्ने लक्ष्य लिएर आएको वर्तमान नेतृत्वले थालनी गरेका महत्वपूर्ण कार्यक्रमहरु, महासंघका गतिविधिहरुलाई संचार माध्यमहरुले प्राथमिकताका साथ प्रकाशन, प्रसारण गर्दै आएका छन् । वर्तमान नेतृत्वले अपनाएको विकेन्द्रीत कार्यशैलीलाई संचार माध्यम र महासंघ बीचको आपसी सहकार्यले झनै घनिभूत बनाएको छ ।

हरेक दिनका समाचार पत्रहरु, रेडियो तथा टेलिभिजन कार्यक्रमहरुमा महासंघले महत्वपूर्ण स्थान पाउदै आएको छ । महासंघले संचार माध्यमहरुसंगको आपसी सम्बन्धलाई अझ बढी प्रगाढ पार्दै लगेको छ भने समसामयिक आर्थिक विषयमा महासंघले संचार माध्यमहरु मार्फत आफ्नो धारणा सार्वजनिक गर्दै आएको छ । महासंघका विचार तथा गतिविधिहरुले संचारमाध्यमहरुको सम्पादकीयमा समेत महत्वपूर्ण स्थान पाउदै आएको छ ।

महासंघले आर्थिक पत्रकारहरुको छाता संस्था नेपाल आर्थिक पत्रकार समाजसंगको आपसी सम्बन्धलाई निकै घनीभुत रुपमा अगाडी बढाएको छ । साथै संचार माध्यमहरुसंग पनि नियमित रुपमा भेटघाट गरी महासंघका कार्यक्रमहरु वारे उनीहरुको राय सुझाव लिने महासंघको नीति छ ।

महासंघ र सेजन बीचको सहमती अनुसार महासंघबाट हुने सवै अन्तराष्ट्रिय व्यवसायिक भ्रमणहरुमा सेजनको शिफारिसमा कम्तीमा एकजना आर्थिक पत्रकारलाई समावेश गराउने नीति रहेको छ । यसका साथै स्वदेशका विभिन्न स्थानमा आयोजना हुने महासंघका कार्यक्रमहरुमा पनि आर्थिक पत्रकारहरुलाई समावेश गराउने नीति छ । यस क्रममा अहिलेसम्म एक दर्जनभन्दा बढी आर्थिक पत्रकारहरुले यस्तो मौका पाइसकेका छन् र यो क्रम नियमित रहेको छ । यसबाट आर्थिक पत्रिकाहरुको क्षमतावृद्धिमा समेत ठूलो सघाउ पुग्न गएको छ ।

महासंघले राष्ट्रिय महत्वका आर्थिक विषयहरुमा संचार माध्यमहरु मार्फत प्रत्येक तीन महिनामा आफ्नो धारणा सार्वजनिक गर्दै आएको छ । साथै महासंघले आफना गतिविधिहरुलाई प्रेस विज्ञप्ति मार्फत पनि सार्वजनिक गर्दै आएको छ । यो एक वर्षको अवधिमा महासंघबाट करिव २ सय वटा प्रेस विज्ञप्ति जारी गरिएका छन् । यस बीचमा महासंघबाट भएका महत्वपूर्ण कार्यक्रहरुका सम्बन्धमा जानकारी गराउन करिव एकदर्जन भन्दा बढी पत्रकार सम्मेलन सम्पन्न भएका छन् । त्यसैगरि महासंघ समेतको सहभागितामा महासंघका सदस्य संघहरुले विभिन्न जिल्लाहरुमा आयोजना गरेका मेला महोत्सवको पूर्व तयारीका क्रममा महासंघ सचिवालयमा मात्र तीन दर्जन जति पत्रकार सम्मेलन सदस्य संघहरुबाट सम्पन्न गरिएको छ ।

महासंघबाट जारी विज्ञप्तिलाई संचार माध्यमहरुले उच्च प्राथमिकता समेत दिंदै आएका छन् ।

महासंघले आफ्नो गतिविधि, कार्यक्रम तथा आर्थिक विकासका खातिर गरिएका प्रयासहरुलाई आफ्ना प्रकाशनहरुका माध्यमबाट जानकारी गराउँदै आएको छ । यस क्रममा महासंघका प्रकाशनहरु FNCCI BUSINESS JOURNAL, Electronic News Letter, web site नियमित रुपमा प्रकाशन तथा अद्यावधिक भैआएका छन् । महासंघको आफ्नै Face book account पनि खोलिएको छ । उक्त एकाउन्ट मार्फत आफू अन्तरगतका समिति, फोरमबाट सम्पन्न भएका गतिविधिहरु बारे आदान प्रदान तथा प्रतिक्रिया लिन समेत सकिने छ। महासंघले पहिलो पटक Electronic News Letter को शुरुवात गरेको छ। Electronic News Letter मार्फत महासंघका दैनिक गतिविधिहरुलाई सदस्यहरुलाई इमेल मार्फत मासिक रुपमा पठाउने कार्यक्रम छ । मुलुकको आर्थिक वस्तुस्थितिका सम्बन्धमा देशका महत्वपूर्ण व्यक्तिहरुको विचारलाई समेटेर ECONOMY at WORK को दोश्रो संस्करण प्रकाशन गरिएको छ। यसको महत्वलाई हेरी यसलाई नियमितता दिने सोंच महासंघको छ।

**कृषि उद्यम केन्द्र (AEC) :** विगत डेढ दशक देखि कृषि उद्यम केन्द्र महासंघको एक प्राविधिक निकायका रुपमा संचालन हुदै आएको छ । यस केन्द्रले आय आर्जन हुने दृष्टिकोणले विभिन्न कार्यक्रमहरु संचालनका साथै कृषि उद्यम व्यवसायको विकास विस्तार तथा प्रवर्द्धनको लागि हुनुपर्ने नीतिगत व्यवस्था एवं अध्ययन, अनुसन्धान गोष्ठि, अन्तरक्रिया तथा छलफल कार्यक्रमहरु गर्दै आएको छ । केन्द्रले “एक गांउ एक उत्पादन” को सचिवालयको रुपमा समेत कार्य गर्दै आएको छ । यस केन्द्रले यस अवधिमा गरेका विस्तृत कार्यहरुको विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ।

**समसामयिक विषयवस्तुह सम्बन्धमा महासंघबाट भएका गतिविधिहरुः**

**राजनैतिक अस्थिरतालाई अन्त्य गरी उपयुक्त वातावरण तय हुनुपर्ने सम्बन्धमा :**

राजनैतिक अस्थिरता र संक्रमणकाल लम्बिदै जांदा मुलुक दिन प्रतिदिन समस्यातिर उन्मुख हुंदै गएको र यसबाट देशको समाजिक, आर्थिक सबै क्षेत्र समस्याग्रस्त भएको तथ्यलाई दृष्टिगत गरी महासंघले विद्यमान राजनीतिक अन्यौलतालाई अन्त्य गरी उपयुक्त वातावरण निर्माण हुनुपर्ने सम्बन्धमा महासंघले सवै राजनीतिक दल, नेपाल सरकार एवं सम्बन्धित सवैमा आग्रह गरेको छ । उद्योग व्यवसाय र अर्थतन्त्रमा थप संकट आउन नदिन महासंघले निजी क्षेत्रको प्रतिनिधित्व गर्ने सबै उद्योगी व्यवसायीहरुको साझा धारणा तयार गरी सार्वजनिक गरेको छ।

**क्यासी (Confederation of Asia-Pacific Chambers of Commerce & Industry (CACCI) को २६ औं सम्मेलनको आयोजना :**



नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा **एशिया–प्रशान्त उद्योग वाणिज्य महासंघ (CACCI) को २६ औं सम्मेलन काठमाडौंमा** गत अक्टोवर ३ देखि ५ सम्म आयोजना भएको थियो । 'A Vision for Shared Prosperity' को नारा साथ आयोजना भएको उक्त सम्मेलनमा विश्वका निजी तथा सरकारी क्षेत्रका विशिष्ट व्यक्तित्वहरुको उपस्थित भई नेपालमा विदेशी लगानीकर्ताहरुलाई आस्वस्थ पार्न महत्वपूर्ण भूमिका खेलेको छ।




सम्मानीय राष्ट्रपति डा. रामवरण यादवले उद्घाटन गर्नु भएको उक्त सम्मेलनमा विदेशी लगानी सुरक्षाका साथै लगानीको वातावरण तयार गर्ने र लगानीका सम्भावित क्षेत्रहरु जलविद्युत, पर्यटन, भौतिक पूर्वाधार, कृषि बारे छलफल भएको थियो । एशिया प्रशान्त क्षेत्रका २१ देशका

उद्योग वाणिज्य संघ/महासंघका ३ सय भन्दा बढी उद्योगी व्यवसायीको सहभागिता रहेको उक्त सम्मेलनमा नेपालको आर्थिक विकासलाई अघि बढाउन विदेशी लगानीकर्ताहरुलाई आकर्षित गर्ने वातावरण तयार गर्न कार्यमा अघि बढाउन उक्त सम्मेलनले महत्वपूर्ण भूमिका खेलेको थियो ।

**"राष्ट्रिय सद्भाव सभा" को आयोजना**

देशमा हुने बन्द, हड्ताल, तालाबन्दी, चक्काजाम जस्ता गतिविधिहबाट देशको उद्योग व्यवसाय लगायत आर्थिक क्षेत्रमा प्रतिकूल असर पर्न गएको तथ्यलाई समेत दृष्टिगत गरी २०६९ जेष्ठ २ गते



बसेको स्थायी समितिको बैठकले समेत यस विषयमा गम्भिर छलफल गरेको थियो । बैठकबाट देशमा जल्दा बल्दा विषय वस्तुको रुपमा रहेको बन्द हड्ताल, संविधान निर्माणको पछिल्लो अवस्था र संघियताको प्रश्नले देशमा निम्त्याइएको अनिश्चितताका कारण महासंघले आफ्नो संजाल परिचालन गरी शान्ति सद्भाव र समृद्धिका लागि "राष्ट्रिय सद्भाव सभा" को आयोजना गर्ने निर्णय गरे अनुसार महासंघको अगुवाईमा नेपाल चेम्बर कमर्शको संयोजनमा विभिन्न संघ/संस्थाहरुको सहभागितामा "शान्ति सद्भाव र समृद्धिका लागि" भन्ने मुल नारा सहित २०६९ जेठ १० गते दरबारमार्गमा वृहत राष्ट्रिय सद्भाव सभाको आयोजना गरिएको थियो । (फोटो)

**सिण्डिकेट लागू हुन नहुने सम्बन्धमा :**

महासंघले कानूनी रुपमै खारेज भई सकेको ढुवानीमा सिण्डिकेट प्रथा, आलोपालो प्रथा, जोरविजोर (सिण्डिकेट प्रणाली)लाई ढुवानी व्यवसायीका संस्थाहरुले लागू गरेको महासंघको जानकारीमा आएको छ । यस तथ्यलाई दृष्टिगत गरी महासंघले सार्वजनिक परिवहन साधन प्रतिस्पर्धाको आधारमानै चल्नु/चलाउनु पर्ने प्रचलित कानूनी व्यवस्था विपरित चक्र प्रणाली, क्यू प्रणाली, डायल प्रणाली वा आलोपालो प्रणाली चलाई आएकोले व्यवसायको प्रतिस्पर्धात्मक क्षमतामा प्रतिकूल असर पुऱ्याएको तर्फ नेपाल सरकार एवं सम्बन्धित निकायको ध्यानाकर्षित गरेको छ । देशको आर्थिक अवस्था अत्यन्त संकटतर्फ उन्मुख भैरहेको र मुल्यवृद्धि उच्चहुंदा जनताको दैनिक जीवनयापननै निकै कष्टकर बन्दै गएको यस अवस्थामा प्रतिस्पर्धा विरोधी यस्ता गैर कानूनी अवरोधहरु रोकिनु पर्ने तर्फ महासंघले जोडदार रुपमा उठाएको छ ।

**राजश्व सम्बन्धी राष्ट्रिय गोष्ठि :**




भन्सार मुल्यांकन, मिस म्याचिङ्ग, राजस्वको छापा लगायतका राजश्व सम्बन्धी विभिन्न समस्याका कारण उद्यमी व्यवसायीहरुमा अन्यौलताको स्थिति उत्पन्न भएको तथ्यलाई दृष्टिगत गरी महासंघले २०६९ असोज २२ गते **राजश्व सम्बन्धी समसामयीक समस्या एवं समाधान बारे राष्ट्रिय गोष्ठि**को आयोजना गरेको थियो । माननीय अर्थ मन्त्रीज्यू, अर्थ सचिवज्यू, आन्तरिक राजस्व विभागका महानिर्देशक, भन्सार विभागका महानिर्देशक, राजस्व महाशाखाका सहसचिव, सम्पत्ति सुद्धिकरण निवारण विभागका महानिर्देशक, राजस्व अनुसन्धान विभागका महानिर्देशकको उपस्थिति रहेको उक्त राष्ट्रिय गोष्ठिमा महासंघका पदाधिकारीहरु, भूतपूर्व अध्यक्ष एवं विशिष्ट सदस्य श्री चण्डिराज ढकाल, कार्यकारिणी समिति सदस्यहरु, जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघका अध्यक्ष, पदाधिकारी एवं उद्योगी व्यववसायीहरुको सहभागिता रहेको थियो ।

**अर्थतन्त्रसंग सम्बन्धित विभिन्न विषयहरुमा छलफल गर्न प्रमुख राजनैतिक पार्टिहरुका नेताहरुसंग छलफल :**

देशको आर्थिक विकाससंग सम्बन्धित विषयहरुमा महासंघले निरन्तर रुपमा प्रमुख राजनैतिक पार्टिहरुका नेताहरुसंग छलफल गर्दै आएको छ । राजनैतिक सहमतिका साथ निर्धारित समयमानै पूर्ण

बजेट ल्याउनु पर्ने, आर्थिक विकासका लागि न्यूनतम साझा आर्थिक एजेण्डा बारे सहमति हुनुपर्ने, अहिलेको जीर्ण रहेको अर्थतन्त्रलाई अझ जीर्ण पार्ने कार्य कहि कतैबाट गर्न नहुने, बन्द, हड्ताल सदाको लागि बन्द गरी काम गर्ने वातावरणको सुनिश्चितता हुनुपर्ने तर्फ निरन्तर रुपमा प्रमुख राजनैतिक दलका नेताहरुसंग भेटघाट गरी ध्यानाकर्षित गर्दै आएको छ ।

**नेपाल सरकारबाट ल्याएको एक तृतीयांश बजेट सम्बन्धमा :**

महासंघले सधै नै सरकारको बजेट समयमा पूरा आर्थिक वर्षको आय र व्ययलाई समेटने गरी पूर्ण रुपमा बजेट ल्याइनु पर्नेमा जोड दिदै आएकोमा आर्थिक वर्ष २०६९।७० को लागि १ खर्व ६१ अर्वको एक तृतीयांशको रुपमा मात्र बजेट ल्याउंदा देशमा आर्थिक क्षेत्रको वृद्धिदर हुने संभावना झन् झन् क्षीण हुदै गएको छ । महासंघले राजनीतिक दलहरुबीच सहमति हुन सक्ने न्यूनतम कुराहरुमा मात्र भएपनि सहमति गरी पूरा आर्थिक वर्षको बजेट ल्याउनु पर्ने विकल्प प्रस्तुत गर्दा पनि त्यसतर्फ दलहरु संवेदनशील नभई ३–४ महिनाको सरकारी खर्च मात्र धान्ने गरी बजेट आउनुले राजस्व असुली नहुने, सरकारी नीतिको विश्वसनियता घट्ने, निर्धारित पूजिगत खर्च हुन नसक्ने स्थिति बन्ने महासंघको धारणा रहेको छ । यसको साथै सरकार सबै भन्दा ठूलो सेवा प्रदायक र उपभोक्ता भएकोले तरलतामा समेत चाप पर्नुका साथै समग्र अर्थतन्त्रमा नकारात्मक असर पर्ने र लगानी वर्ष लगायतका कार्यक्रमका लागि बजेटको व्यवस्था गर्न कठिनाई हुनुका साथै व्यावसायिक वातावरण बनाउन अति आवश्यक नीतिगत सुधार समेत हुन नसक्ने भएकोले सरकारले तत्कालै राजनैतिक सहमति गरी आर्थिक क्षेत्रलाई विशेष ध्यान दिई पूर्ण आकारको बजेट ल्याउन महासंघले सबै राजनीतिक दलहरु तथा सरकारसंग माग गरेको छ, ।

## ***लगानी एवं व्यवसायिक प्रवर्द्धन सम्बन्धी छलफल :***

## **नेपाल र अमेरिका वीच लगानी प्रवर्द्धन सम्बन्धमा छलफल :**

नेपाल लगानी वर्ष २०१२-१३ को प्रर्वद्धन गर्ने उद्देश्यले महासंघका अध्यक्ष श्री सुरज वैद्यको नेतृत्वमा महासंघको प्रतिनिधिमण्डले २०६९ जेष्ठ १ देखि ५ गतेसम्म अमेरिकाको भ्रमण गरेको थियो । प्रतिनिधिमण्डलले अमेरिकामा नेपालको आर्थिक वस्तुस्थितिका साथै लगानीका सम्भाव्य क्षेत्रहरु, उर्जा विकासको सम्भाव्यता विषयहरुमा अमेरिकी अधिकारीहरुसंग नेपालको लगानी प्रवर्द्धन बारेमा छलफल गरेको थियो । महासंघको प्रतिनिधिमण्डलबाट अमेरिकाका लागि नेपाली राजदुत डा. शंकरप्रसाद शर्मा, Bureau of Energy Resources Office of Alternative and Renewable Energy U.S. Department of State, Export-Import Bank of the United States & OPIC, U.S. Trade and Development Agency, National Hydropower Association (NHA), Energy and Environmental Industries U.S. Department of Commerce, International Trade Administration (ITA), Transportation and Machinery का पदाधिकारीहरुसंग भेटघाट तथा छलफल गरेको थियो । महासंघको प्रतिनिधिमण्डलबाट अमेरिकाको वालटिमोरमा आयोजना भएको Electric Power Show को अवलोकन पनि गरेको थियो । प्रतिनिधिमण्डलमा महासंघको कार्यकारिणी समितिका सदस्य श्री अनुप बहादुर मल्ल, श्री निर्मलराज पौडेल, झापा उद्योग संघका अध्यक्ष श्री टिकाराज ढकाल सहित विभिन्न क्षेत्रका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।)

**तेश्रो–सिचुवान दक्षिण एशिया व्यावसायिक सम्मेलन**

मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको सिचुवान प्रान्तमा २०६९ जेष्ठ २६ गते आयोजना भएको तेश्रो–सिचुवान दक्षिण एशिया व्यावसायिक सम्मेलन (3rd Sichuan- South Asia Business Seminar) मा महासंघका अध्यक्ष श्री सुरज वैद्यले भाग लिनु भएको थियो । उक्त सम्मेलन सिचुवान प्रान्तीय सरकारका Vice Governor-Sichuan Provincial Government का Mr. Qu Mu Shi ले समुद्घाटन गर्नुभएको थियो । चीन तथा दक्षिण एशियाका व्यवसायिक नेताहरुको सहभागिता रहेको उक्त सम्मेलनका क्रममा महासंघका अध्यक्ष श्री सुरज वैद्यले दक्षिण एशिया

तथा चीनका उद्यमी व्यवसायीहरु एवं लगानीकर्ताहरुसंग भेटघाट गरी नेपालमा व्यापार तथा लगानी विस्तार सम्बन्धी विषयमा छलफल गर्नु भएको थियो ।

**नेपाल र मंगोलिया बीच आर्थिक व्यवसायिक सम्बन्ध विस्तार:**




महासंघका पूर्व अध्यक्ष एवं एशिया प्रशान्त उद्योग वाणिज्य महासंघ (Confederation of Asian-Pacific Chambers of Commerce & Industry -CACCI) को कार्यकारिणी समिति सदस्य श्री प्रदीपकुमार श्रेष्ठ र क्यासीका आजिवन सदस्य एवं महासंघको उर्जा समितिका सभापति श्री ज्ञानेन्द्रलाल प्रधान सम्मिलित क्यासीको उच्चस्तरीय प्रतिनिधिमण्डलले मंगोलियाको भ्रमण गरेको थियो। उक्त अवसरमा प्रतिनिधिमण्डलमा त्यहांका उद्यमी व्यवसायीसंग भेटघाट गरी नेपाल र मंगोलिया बीचको आर्थिक व्यावसायिक सम्बन्ध विस्तारका विषयमा छलफल गरेको थियो । सो क्रममा महासंघ र मंगोलिया उद्योग वाणिज्य संघ (Mongolian National Chamber of Commerce and Industry) बीच निजी क्षेत्रका तर्फबाट आर्थिक व्यवसायिक सम्बन्ध विस्तारमा सहकार्य गर्ने उद्देश्यले महासंघका पूर्व अध्यक्ष एवं एशिया प्रशान्त उद्योग वाणिज्य महासंघ (Confederation of Asian-Pacific Chambers of Commerce & Industry -CACCI) को कार्यकारिणी समिति सदस्य श्री प्रदीपकुमार श्रेष्ठले सहमतिपत्रमा हस्ताक्षर गर्नु भएको थियो । सो अवसरमा उहांले महासंघका तर्फबाट आगामी अक्टोवार ३ देखि ५ तारिखसम्म काठमाडौंमा आयोजना हुने क्यासीको २६ औं विश्व सम्मेलनमा भाग लिन मंगोलियन उद्यमी व्यवसायीहरुलाई आमन्त्रण समेत गर्नु भएको थियो ।

**सातौं गैर आवासीय क्षेत्रीय सम्मेलनमा सहभागिता :**

सन् २०१२ को अगष्ट ३० देखि सेप्टेम्बर २ तारीखसम्म अष्ट्रेलियाको सिड्नीमा आयोजना भएको सातौं गैर आवासीय नेपालीहरुको क्षेत्रीय सम्मेलन र नेपाल फेष्टिवलमा सहभागिता गर्न बरिष्ठ उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकारको नेतृत्वमा आठ सदस्यीय प्रतिनिधिमण्डल अष्ट्रेलियको भ्रमण गरेको थियो । क्षेत्रीय सम्मेलनको समुद्घाटन समारोहमा बरिष्ठ उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकारले सम्बोधन गर्नु भएको थियो । साथै उहांले सम्मेलनको क्रममा विज्ञान तथा प्रविधि विषयमा आयोजित सत्रको सभापतित्व समेत गर्नु भएको थियो ।

**महासंघको प्रतिनिधिमण्डल फ्रान्सको भ्रमणमा:**

महासंघका उपाध्यक्ष श्री भवानी राणाको नेतृत्वमा ३१ सदस्यीय प्रतिनिधिमण्डलले सन् २०१२ सेप्टेम्बर



९ देखि १९ सम्म फ्रान्सको भ्रमण गरेको थियो । फ्रान्समा भएका औद्योगिक व्यवसायिक गतिविधिहरु बारे अध्ययन एवं दुई देश बीचको व्यवसायिक प्रतिनिधिहरु बारेको जानकारी आदान प्रदान गर्ने उद्देश्यले फ्रान्स गएका प्रतिनिधिमण्डलमा महासंघको कार्यकारिणी समितिका सदस्यहरु, जिल्ला एवं नगरस्तरीय उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, नेपाल फ्रान्स उद्योग वाणिज्य संघका प्रतिनिधिहरु एवं अन्य उद्योगी व्यवसायीहरु सम्मिलित रहेको छ । प्रतिनिधिमण्डलले फ्रान्स उद्योग वाणिज्य संघ, अन्तर्राष्ट्रिय उद्योग वाणिज्य संघ एवं वैदेशिक लगानीसंग सम्बन्धित कम्पनीहरुसंग वैठक एवं छलफल गरेका थियो ।

## महासंघको प्रतिनिधिमण्डल उत्तर प्रदेश भ्रमण

महासंघका उपाध्यक्ष श्री भवानी राणाको नेतृत्वमा नेपाल र भारतको उत्तर प्रदेश बीचको आर्थिक व्यापारिक सम्भाव्यता, आयात निर्यातमा रहेका समस्या एवं उद्योग व्यवसाय क्षेत्रसंग सम्बन्धित विषयवस्तुहरुमा छलफल एवं अध्ययन गर्ने उद्देश्यले महासंघका प्रतिनिधिमण्डल उत्तर प्रदेशको भ्रमण



गरेको थियो । प्रतिनिधिमण्डलले उत्तर प्रदेशका मुख्य मन्त्री श्री अखिलेश यादव (Chief Minister of Uttar Pradesh Shri Akhilesh Yadav) संग भेटवार्ता गरी प्रशारण लाइनको निर्माण, द्विपक्षीय व्यापारका क्रममा देखा परेका कठिनाई एवं समस्याहरु, सिमाक्षेत्रमा रहेका पूर्वाधारहरुको स्तरोन्नती, पारवहन, ल्याव टेस्टिङको विस्तार एवं स्तरोन्नती, पर्यटन विकास, आपसी लगानीका सम्भाव्यता लगायतका विषयमा छलफल गरेको थियो । प्रतिनिधिमण्डलले भारतीय उद्योग परिसंघ (CII) को स्थानीय च्याप्टरका पदाधिकारीहरुसंग पनि भेटघाट गरेको थियो । प्रतिनिधिमण्डलले त्यहाको औद्योगिक क्षेत्रको भ्रमण तथा आयात निर्यात व्यापारमा सिमा क्षेत्रमा देखापर्ने समस्याहरुको अध्ययन अवलोकन समेत गरेको थियो। प्रतिनिधिमण्डलमा महासंघका कार्यकारिणी समिति सदस्यहरु, महासंघका सदस्य संघहरु, नेपाल पर्यटन वोर्डको सहभागिता रहेको थियो ।

## नेपाल प्रवर्द्धन विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा महासंघको प्रतिनिधिमण्डल :

दक्षिण कोरियाको राजधानी सिओलमा २०६९ कार्तिक १९ देखि २१ गतेसम्म आयोजित Empowering



Nepal, 2012 *"Sustainable Green Empowerment of Nepal"* International Seminar on Trade and Investment Opportunities in Nepal विषयक अन्तराष्ट्रिय सम्मेलनमा महासंघका अध्यक्ष श्री सुरज वैद्यको नेतृत्वमा एक प्रतिनिधिमण्डल कोरिया गएको थियो । नेपाल लगानी वर्ष २०१२-१३ का सन्दर्भमा नेपालमा लगानीका अवसरहरु विषयमा कोरियन सरकार तथा कोरियन लगानीकर्ताहरुको प्रत्यक्ष सहभागितामा आयोजना भएको उक्त सम्मेलनमा नेपालको उर्जा क्षेत्रमा लगानीका गर्न नेपालसंग सहयोग विकास तथा लगानीका अवसरहरु र पर्यटन विकास मार्फत नेपालको सशक्तिकरण विषयमा दुवै देशका विज्ञहरुबाट कार्यपत्र प्रस्तुत गरेको थियो । उक्त कार्यक्रमको समुद्घाटन समारोहमा महासंघका अध्यक्ष श्री सुरज वैद्यले सम्वोधन गर्नु भएको थियो । त्यसैक्रममा भएको व्यावसायिक सत्रमा नेपालको उर्जा क्षेत्रमा लगानीका अवसर विषयमा कार्यपत्र प्रस्तुती सहित वृहद छलफल भएको थियो । सो सत्रमा चिलिमे हाइड्रो परियोजना र कोरियाको K-Water कम्पनीका तर्फबाट कार्यपत्र प्रस्तुत भएको थियो । साथै नेपालसंग सहयोग विकास तथा लगानीका अवसरहरु विषयक व्यावसायिक सत्रको सभापतित्व महासंघका अध्यक्ष श्री सुरज वैद्यले गर्नु भएको थियो । साथै सिओलमा आयोजना भएको अन्तर्राष्ट्रिय कृषि प्रर्दशनी (AGREX KOREA-2012) को पनि उक्त प्रतिनिधिमण्डलले अवलोकन गरेको थियो ।

## महासंघको प्रतिनिधिमण्डल भारत भ्रमण

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकारको नेतृत्वमा महासंघको प्रतिनिधिमण्डलले भारतीय राजदुतावास (Indian Embassy) एवं भारतीय उद्योग वाणिज्य महासंघ ( Federation of Indian chambers of Commerce and Industry-FICCI) द्वारा नेपालका उद्योग वाणिज्य संघहरुका लागि आयोजना गरिएको कार्यक्रममा भाग लिएको थियो । उक्त अवसरमा प्रतिनिधिमण्डलले भारतका विभिन्न राज्यमा रहेका औद्योगिक क्षेत्रहरुको अवलोकन गर्नुका साथै FICCI



ले नेपालका उद्योग वाणिज्य संघहरुसंग आयोजना गरिएको विशेष कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकारले सम्वोधन गर्नु भएको थियो । दुवै देशका निजी क्षेत्रका उद्यमी व्यवसायीहरुको सहभागिता रहेको उक्त कार्यक्रममा आपसी आर्थिक व्यवसायिक सम्बन्ध, संयुक्त लगानी, पर्यटन लगायतका विषयमा वृहत छलफल भएको थियो । त्यसैगरि सोही अवसरमा दुई देशका व्यवसायीहरु बीच आपसी व्यवसायिक सम्बन्ध विस्तारका सम्बन्धमा एक आपसमा छुट्टाछुट्टै भेटवार्ता (B2B Meeting) समेत भएको थियो । उक्त कार्यक्रममा महासंघका कार्यकारिणी समितिका सदस्यहरु, उद्योग वाणिज्य संघका अध्यक्षहरु र नेपाल पर्यटन वोर्डका निर्देशकको सहभागिता रहेको थियो ।

## सातौं चीन–दक्षिण एशिया व्यावसायिक फोरमको बैठक

मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको युनान प्रान्तको कुनमिङ शहरमा सातौं चीन–दक्षिण एशिया




व्यावसायिक फोरमको बैठक तथा चीनको सिचुआन प्रान्तको चेन्दुमा आयोजना भएको तेश्रो–सिचुवान दक्षिण एशिया व्यावसायिक सम्मेलनमा भाग लिने महासंघका वरिष्ठ उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकारको नेतृत्वमा एक प्रतिनिधिमण्डलले सहभागिता गरेको थियो । अन्तराष्ट्रिय व्यापार प्रवर्द्धनका लागि चीनियां परिषद (China Council for the Promotion of International Trade –CCPIT) द्वारा आयोजना भएको उक्त बैठकको मुख्य विषय Building Bridges through Socio-economic Cooperation रहेको छ । बैठकमा नेपालका तर्फबाट वरिष्ठ उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकारले चीन-दक्षिण एशिया बीचको आर्थिक व्यापारिक, लगानी सहितका अन्य सहयोगका क्षेत्रहरु सम्बन्धमा वस्तुस्थिति प्रस्तुत गर्नु भएको थियो ।

## China (Sichuan) International Logistics Expo मा नेपाली प्रतिनिधिमण्लको सहभागिता

सन् २०१२ १ देखि २३ नोभेम्बरसम्म चीनको चेंग्दुमा CCPIT Sichuan Council द्वारा आयोजित 2012 China (Sichuan) International Logistics Expo मा वरिष्ठ उपाध्यक्ष श्री भाष्कर राज राजकर्णिकारले भाग लिनु भएको थियो । उक्त कार्यक्रममा नेपाल सरकारको तर्फबाट भौतिक योजना निर्माण तथा यातायात व्यवस्था मन्त्रालयका माननीय मन्त्री हृदयेश त्रिपाठीको नेतृत्वमा तीन सदस्यीय नेपाली प्रतिनिधिमण्डलले "Business Opportunities of World's Logistics Industry in China's Economic Development' विषयक Global Summit मा समेत सहभागिता गर्नु भएको थियो । उक्त कार्यक्रममा चीनको logistics क्षेत्रमा भएको प्रगतिबाट नेपाल लगायत चीनको छिमेकी राष्ट्रहरुले कसरी लाभ लिन सकिन्छ भन्ने बारे विस्तृत छलफल भएको थियो ।

## आर्थिक व्यवसायिक सम्भाव्यता अध्ययनका लागि महासंघको प्रतिनिधिमण्डल याङगुन:

नेपाल र म्यानमार बीचको आर्थिक व्यवसायिक सम्भाव्यता अध्ययनका लागि नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष सुरज वैद्यको नेतृत्वमा महासंघको १३ सदस्यीय प्रतिनिधिमण्डल २०६९ माघ ७ गते याङगुनको भ्रमणमा गएको थियो । भ्रमण नेपाली दुतावास म्यानमार र म्यानमारमा रहेका गैर आवासीय नेपालीहरुको पहलमा भएको हो । प्रतिनिधिमण्डलले नेपाल र म्यानमार बीच आर्थिक व्यावसायिक सम्बन्ध विस्तार, विद्यमान वस्तुस्थिति तथा संयुक्त लगानीका सम्भाव्यताका सम्बन्धमा म्यानमारका उद्योगी व्यवसायीहरुसंग छलफल गरेको थियो । भ्रमणको अवसरमा द्विपक्षीय व्यापारलाई कसरी विस्तार गर्न सकिन्छ भन्ने सम्बन्धमा महासंघको प्रतिनिधिमण्डलले छलफल गरेको थियो । साथै नेपालमा लगानीका अवसर तथा नेपाल लगानी वर्ष र सरकारले वाहृय लगानी आकर्षणका लागि लिएका नीतिगत व्यवस्थाका सम्बन्धमा प्रतिनिधिमण्डलले म्यानमारका उद्योगी व्यवसायीहरुलाई जानकारी गराएको थियो । सोही भ्रमणकै क्रममा एशिया प्रशान्त क्षेत्रका उद्योग वाणिज्य महासंघहरुको प्रतिनिधिमुलक संस्था क्यासीको अध्यक्षात्मक भ्रमण **(CACCI Presidential Visit to Myanmar)** मा पनि महासंघको प्रतिनिधिमण्डलले भाग लिएको थियो । महासंघका पूर्व अध्यक्ष एवं क्यासी कार्यकारिणी समितिका उपाध्यक्ष श्री प्रदीपकुमार श्रेष्ठ, महासंघका उपाध्यक्ष श्री प्रदीपजंग पाण्डे एवं कार्यकारिणी समिति सदस्य सम्मिलित हुनु भएको थियो ।

## भारतमा भएको साझेदारी सम्मेलनमा नेउवामहासंघको प्रतिनिधिमण्डल:

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री सुरज वैद्यको नेतृत्वमा महासंघको नौ सदस्यीय व्यवसायिक प्रतिनिधिमण्डल भारतको आग्रामा भारतीय उद्योग परिसंघ (Confederation of Indian Industries-CII) को आयोजनामा २०६९ माघ १४ गतेदेखि १६ गतेसम्म आयोजना साझेदारी सम्मेलन (CII- Partenership Summit) मा भाग लिएको थियो । प्रतिनिधिमण्डलमा उपाध्यक्ष श्री पशुपति मुरारका, कार्यकारिणी समिति सदस्यहरु श्री ज्ञानेन्द्रलाल प्रधान र श्री शेखर गोल्छा, मोरङ व्यापार संघका अध्यक्ष श्री अविनाश वोहोरा, गैर आवासीय नेपाली संघका अध्यक्ष श्री जीवा लामिछाने, एफएनसीसीआई-सीआइआई संयुक्त आर्थिक परिषदका सदस्य श्री विजय दुगडको सहभागिता थियो । दीगो विकासका लागि विश्व साझेदारी (Global Partnership for Enduring Growth) मुख्य नारा रहेको उक्त सम्मेलनमा सरोकारवाला निकायहरुका नेतृत्वकर्ताहरु, नीति निर्माताहरु, योजनाकारहरु, उद्यमी व्यवसायीहरुलाई एकै मंचमा ल्याई भविष्यका चुनौतीहरु माथि व्यापक विचार विमर्श भई आगामी रणनीति तय गर्न सघाउ पुगेको छ । नेपाल उद्योग वाणिज्य महासंघले यस विश्व सम्मेलनमा नियमित रुपमा भाग लिई आफ्ना धारणाहरु राख्दै आएको छ । नेपालका उद्योग मन्त्री अनिलकुमार झा सहित भारत, पाकिस्तान, अफगानिस्तान, बंगलादेशका वाणिज्य मन्त्रीहरुको सहभागिता भएको South Asia Economic Integration: On a New Path of Progress and Hope विषयक व्यवसायिक सत्रलाई महासंघका अध्यक्ष वैद्यले सम्वोधन गर्नु भएको थियो ।




आग्रा सम्मेलन पश्चात महासंघको प्रतिनिधिमण्डले सीआइआई मुख्यालय, नयां दिल्लीमा २०६९ माघ १७ गते भएको एफएनसीसीआई-सीआइआई संयुक्त आर्थिक परिषद्( FNCCI-CII JEC) को बैठकमा भाग लिएको थियो । परिषद् बैठकमा एफएनसीसीआई-सीआइआई संयुक्त आर्थिक परिषदका संयोजक एवं महासंघका पूर्व अध्यक्ष श्री पद्म ज्योति, महासंघको कार्यकारिणी समितिका सदस्यहरु श्री चन्द्र प्रसाद ढकाल, श्री ओम बहादुर राजभण्डारी, संयुक्त आर्थिक परिषदका सदस्यहरु श्री दिवाकर गोल्छा, श्री आर.वी रौनियार, श्री शंकर प्रसाद पाण्डे र महासंघका पूर्व महानिर्देशक श्री वद्री प्रसाद ओझा, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अशोक

वैद्य, नेपाल भारत उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री श्याम लोहिया र शशीराज पाण्डेले पनि भाग लिनु भएको थियो । बैठकमा हालै नविकरण भएको नेपाल भारत वाणिज्य सन्धी, दुई देश बीच आर्थिक व्यवसायिक सम्बन्धका विषयमा विश्लेषण गर्नुका साथै जलविद्युत, पूर्वाधार विकास लगायतका क्षेत्रमा संयुक्त लगानी विस्तारका विषयमा छलफल भएको थियो ।

**FNCCI-CII संयुक्त आर्थिक परिषदको बैठक**

FNCCI-CII संयुक्त आर्थिक परिषदको बैठक गत जनवरी ३० तारिखका दिन भारतको नयां दिल्लीमा सम्पन्न भयो । बैठकमा महासंघका अध्यक्ष सुरज वैद्य, परिषद्का सहअध्यक्ष एवं महासंघका पूर्व अध्यक्ष श्री पद्म ज्योति सहित सदस्यहरुले भाग लिनु भएको थियो । बैठकमा नविकृत नेपाल भारत वाणिज्य सन्धी, दुई देश बीचको आर्थिक व्यवसायिक सम्बन्धका विषयमा विश्लेषण गर्नुका साथै संयुक्त लगानी विस्तारका विषयमा छलफल भयो । बैठकमा भारतीय पक्षको नेतृत्व भारतीय उद्योग परिसंघ (CII) का पूर्व अध्यक्ष एवं परिषदका सहसभापति श्री राजिव कौलले गर्नुभएको थियो ।

बैठक नेपाल र भारत बीचको लगानी तथा व्यापार विस्तारका लागि सम्बन्धित देशका सरकारलाई सुझाव दिने उद्देश्यले महासंघका पूर्व महानिर्देशक श्री वद्री प्रसाद ओझा तथा सीआइआइका वरिष्ठ सल्लाहकार एस सेनको सहसंयोजकत्वमा एक संयुक्त अध्ययनका लागि कार्यदल गठन गर्‍यो । सोही अवसरमा नेपालका मुख्य सचिव श्री लिलामणी पौडेलज्यूको विशेष उपस्थितिमा सीआइआईका सदस्य तथा नेपालमा लगानी गरिरहेका भारतीय लगानीकर्ताहरु बीच एक छलफल सम्पन्न भयो । उक्त कार्यक्रममा भारत सरकारको वाणिज्य तथा उद्योग मन्त्रालयका सहसचिव श्री अरविन्द मेहता, नेपाली लगानी वोर्डका कार्यकारि निर्देशक श्री राधेश पन्त, उर्जा मन्त्रालयका सहसचिव श्री श्रीरंजन लाकौलको उपस्थिति थियो ।

## द्विपक्षीय व्यवसायिक प्रवर्द्धन बारे छलफलः

### नेपालमा उद्यमशिलता विकासका सम्बन्धमा अमेरिकी प्रतिनिधिमण्डलसंग छलफल :




अमेरिकी विदेश मन्त्रालयको वाणिज्य तथा व्यापार मामिलाका लागि विशेष प्रतिनिधि श्री लोरेन ह्यारिटोनको नेतृत्वमा नेपाल भ्रमणमा आएको अमेरिकी प्रतिनिधिमण्डलसंग महासंघले नेपालमा उद्यमशिलता विकास विषयमा छलफल कार्यक्रम आयोजना गरेको थियो । छलफलमा नेपालको उद्यमशिलता विकासमा निजी क्षेत्रको भूमिका तथा सहकार्यको सम्भाव्यता तथा उद्यमशिलता विकास सम्बन्धी सफल मोडलहरुका विषयमा छलफल भएको थियो । उक्त छलफलमा नेपालमा उद्यमशिलता विकासका लागि अमेरिकी प्रतिनिधिमण्डलसंग सहकार्य गर्ने सहमति समेत भएको थियो । छलफल कार्यक्रममा महासंघका अध्यक्ष श्री सुरज वैद्यले महासंघले आफ्नो संगठित संरचना मार्फत नेपाल सरकार, दातृ निकायहरुसंग सहकार्य गरी रोजगारी सृजनाका माध्यमबाट स्थानीय जनतालाई अर्थतन्त्रको मूल प्रवाहमा समेट्न विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको र त्यसको प्रभाव सकारात्मक रहेको बताउनु भएको थियो । विशेष प्रतिनिधि श्री लोरेन हेरिटोनले नेपाल सरकार तथा निजी क्षेत्रसंगको भेटघाटमा आफूले निकै जानकारी हासिल गरेको र देशभित्र व्यापक रुपमा उद्यमशिलताको चेतना जगाई जान सकेमा मात्र दीगो आर्थिक विकास हुन सक्ने

धारणा राख्दै यसका लागि यूवाहरुको अधिक परिचालनमा जोड दिनु भएको थियो । कार्यक्रममा महासंघका उपाध्यक्ष श्री भवानी राणा, महिला उद्यमी विकास समितिका सभापति एवं महिला उद्यमी महासंघ नेपालका अध्यक्ष श्री छायां शर्मा, नेपाली युवा उद्यमी मंचका अध्यक्ष श्री अनुजकुमार श्रेष्ठ, गैर आवासीय नेपाली संघका अध्यक्ष श्री जीवा लामिछानेले नेपालमा उद्यमशीलता विकास सम्बन्धी आवश्यकता बारे प्रकाश पार्नु भएको थियो । उद्यमशिलता विकासमा सहकार्य गर्ने उद्देश्यले महासंघ र टाई ग्लोवल (TiE-Global) बीच एक समझदारीपत्रमा हस्ताक्षर भएको थियो । समझदारी अनुसार महासंघ र टाई बीच आपसी सहकार्यका माध्यमबाट तालीम संचालन, अनुभव आदान प्रदान, उद्यमशिलता विकास मार्फत रोजगारी सृजना गरी नेपाली अर्थतन्त्रको विकासमा सहकार्य गर्ने कार्यक्रम रहेको छ । समझदारीपत्रमा महासंघका तर्फबाट अध्यक्ष श्री सुरज वैद्य र टाईका तर्फबाट चार्टर मेम्बर श्री निकेश सिन्हा (Nikesh Sinha, Charter Member-TiE) ले हस्ताक्षर गर्नु भएको थियो ।(फोटो)

## आपसी सहकार्यका लागि महासंघ र चीनियां अन्तर्राष्ट्रिय संस्था (IEMIA) बीच सहमतीपत्रमा हस्ताक्षर

महासंघ र उद्यम व्यवस्थापन तथा लगानी सम्बन्धी चीनियाँ अन्तर्राष्ट्रिय संस्था The International Enterprise Management & Investment Association-IEMIA बीच आपसी आर्थिक व्यावसायिक सम्बन्ध विस्तार गर्ने उद्देश्यले महासंघका अध्यक्ष श्री सुरज वैद्य, नेपाली उद्यमी व्यवसायी र सो संस्थाका अध्यक्ष श्री एलिस चेङ (Alice Cheng-Chairman-International Enterprise Management & Investment Association-IEMIA) को नेतृत्वमा ११ सदस्यीय व्यापार तथा लगानी प्रतिनिधिमण्डल बीच महासंघमा हस्ताक्षर भएको थियो । सहमतिपत्रमा महासंघका तर्फबाट अध्यक्ष श्री सुरज वैद्य तथा इमाका अध्यक्ष श्री एलिस चाङले हस्ताक्षर गर्नु भएको थियो । सो अवसरमा अध्यक्ष श्री सुरज वैद्यले एक जिल्ला एक उत्पादन, उर्जा विकास, व्यावसायिक कृषि, पत्थर तथा जडीवूटी प्रशोधनमा सहकार्यको प्रस्ताव गर्नुहुँदै लुम्बिनी भ्रमण वर्षको प्रचार प्रसारका लागि सहयोग गर्न समेत आग्रह गर्नु भएको थियो । महासंघको कार्यकारिणी समिति सदस्यहरु, वस्तुगत संघका पदाधिकारीहरु समेतको उपस्थिति रहेको उक्त कार्यक्रममा चीनियाँ टोली प्रमुख श्री एलिस चेङ ( Alice Cheng) ले आपसी सम्बन्ध विस्तारका माध्यमबाट व्यापार तथा लगानी विस्तारका लागि महासंघसंग सहकार्यका लागि भएको सहमतीलाई आफूहरुले उच्च महत्वका साथ लिएको र सहमतीपत्रमा उल्लेख गरिएका वुंदाहरुको कार्यान्वयनमा पूर्ण प्रतिवद्धता जनाउनु भएको थियो ।

## इस्तानवुल चेम्बरको व्यावसायिक प्रतिनिधिमण्डलसंग छलफल

महासंघका अध्यक्ष श्री सुरज वैद्य तथा महासंघका पदाधिकारीहरु र टर्कीको इस्तानवुल चेम्वर अफ




कमर्सका अध्यक्ष डा. मुरात एलकिन्तास (Dr. Murat Yalcintas, President, The Istanbul Chamer of Commerce) को नेतृत्वमा नेपाल भ्रमणमा आएको टर्कीस व्यावसायिक प्रतिनिधिमण्डल बीच दुईपक्षिय व्यवसायिक भेटवार्ता तथा छलफल भएको थियो । उक्त अवसरमा अध्यक्ष श्री सुरज वैद्यले सम्भाव्य लगानीका क्षेत्रको रुपमा पहिचान गरिएका पूर्वाधार विकास, पर्यटन, जलविद्युत, व्यवसायिक कृषि, शिक्षा, स्वास्थ्य क्षेत्रमा लगानीका लागि आग्रह गर्नु भएको थियो । सो अवसरमा इस्तानवुल चेम्वरका अध्यक्ष डा. मुरात एलकिन्तास (Dr. Murat Yalcintas, President, The Istanbul Chamer of Commerce) ले संयुक्त लगानीका लागि महासंघले अगाडी सारेका क्षेत्रहरुमा टर्कीको लगानी आकर्षणका लागि आफ्ना तर्फबाट सक्दो सहयोग गर्ने विश्वास दिलाउनु भएको थियो । उक्त कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकार, उपाध्यक्षहरु श्री भवानी राणा, श्री पशुपति मुरारको उपस्थिति थियो ।

## महासंघ र क्यानिडियन व्यावसायिक प्रतिनिधिमण्डल वीच छलफल :




महासंघका अध्यक्ष श्री सुरज वैद्य, महासंघका पदाधिकारीहरु र दिल्लीस्थित नेपालका लागि क्यानिडियन राजदुत स्टुवार्ड जी वेक (Stewart G Beck) तथा क्यानेडियन व्यावसायिक प्रतिनिधिमण्डल वीच छलफल भएको थियो । छलफलमा अध्यक्ष श्री सुरज वैद्यले नेपालमा उर्जा विकासमा लगानीको निकै ठूलो सम्भाव्यता रहेको वस्तुस्थिति प्रस्तुत गर्नु भएको थियो । साथै उहांले नेपालमा शिप, प्रविधि, पूँजी लगानीका माध्यमबाट सहकार्य गर्न क्यानेडियन व्यवसायीहरुलाई आग्रह गर्नु भएको थियो। दिल्लीस्थित नेपालका लागि क्यानेडियन राजदुत श्री वेकले नेपाल र क्यानेडा वीच व्यवसायीक तथा लगानी प्रवर्द्धनका लागी यो छलफल निकै उपलब्धिमूलक रहको वताउनु हुंदै क्यानेडियन लगानी आकर्षणका लागि आफूले कुटनीति तवरबाट सक्दो सहयोग गर्ने र क्यानेडियन लगानी नेपालमा आकर्षित हुन सक्ने सम्भाव्यता औंल्याउदै महासंघसंग नजिक रहेर कार्य गर्ने र नेपाल क्यानाडा व्यवसायिक परिषद् जस्ता फोरमहरु स्थापना गरी कार्य अघि वढाउन सकिने वताउनु भएको थियो । उक्त छलफल कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष श्री भाष्कर राज राजकर्णिकार र कार्यकारिणी समितिका सदस्यहरु एवं उद्यमी व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

## नेपाल र जर्मन बीच आर्थिक साझेदारीमा जोड

अध्यक्ष श्री सुरज वैद्यले नेपालका लागि जर्मन राजदुत फ्रेंक मेइकीसंग २०६९ माघ २९ गते महासंघ सचिवालयमा भेटघाट गर्नु भयो । महासंघका अध्यक्ष सुरज वैद्य, वरिष्ठ उपाध्यक्ष भाष्करराज



राजकर्णिकार, उपाध्यक्ष पशुपति मुरारका तथा नेपालका लागि जर्मन राजदुत फ्रेंक मेइकी बीच भएको भेटवार्तामा दुई देश वीचको आपसी आर्थिक सम्बन्ध तथा साझेदारी, विद्यमान वस्तुस्थिति बारे छलफल भएको थियो । उक्त अवसरमा अध्यक्ष श्री सुरज वैद्यलेनेपालको आर्थिक विकासको प्रयासमा जर्मन सहयोगको सराहना गर्नु हुदै निजी क्षेत्रले पनि जर्मन सहयोगमा धेरै कार्यहरु अगाडी बढाएको वस्तुस्थिति प्रस्तुत गर्नु भयो । साथै उहांले आर्थिक विकासको प्रमुख एजेण्डालाई प्रमुख प्राथमिकता दिंदै आर्थिक मुद्दामा दलहरु बीच न्यूनतम साझा सहमती कायम गर्ने प्रयास महासंघले गरिरहेको र पूर्वाधार विकास, जलश्रोत, पर्यटन, खानीजन्य, शिक्षा, स्वास्थ्य, कृषि नेपालको आर्थिक विकासका प्रमुख आधार भएकाले यस क्षेत्रमा वाह्य लगानीको आवश्यकता रहेकोमा समेत उहांलाई स्पष्ट पार्नु भयो । सो अवसरमा जर्मन राजदुत फ्रेंक मेइकीले नेपालका लागि यतिखेर राजनीतिक स्थायित्वनैं पहिलो आवश्यकता रहेको र नेपालको हरेक विकास प्रयासमा जर्मन सरकारबाट निरन्तर सहयोग हुने विश्वस्स गराउनु हुदै निजी क्षेत्रसंग पनि नजिकमा रहेर जर्मन संस्थाहरुले कार्य गरिरहेको बताउनु भयो । देशको आर्थिक विकासका लागि महासघको प्रयासको सराहना गर्दै महासंघका तर्फबाट व्यवसायिक प्रतिनिधिमण्डलको जर्मनको भ्रमणको लागि सुझाव दिनु हुद जर्मनबाट पनि छिट्टै घरेलु तथा लघु उद्यमीहरु सम्मिलित प्रतिनिधिमण्डल नेपालको भ्रमणमा आउने भएकोले तथ्य प्रस्तुत गर्नु भयो । बैठकमा अध्यक्ष श्री सुरज वैद्यले महासंघबाट उपयुक्त समय तय गरी प्रतिनिधिमण्डलले नेपाल

लगानी वर्षका अवसरमा महासंघले विभिन्न सात क्षेत्रलाई समेटेर तयार गरेको ५० परियोजना प्रस्तावहरु लिएर जर्मनको भ्रमण गर्ने र तथ्य प्रकाश पार्नुभयो । महामहिम राजदुत मेइकीले नेपालको आर्थिक विकासमा महासंघले थालेका कार्यहरुमा जर्मनबाट पूर्ण सहयोग रहने विश्वास समेत दिलाउनु भएको थियो । छलफल कार्यक्रममा कार्यकारिणी समितिका सदस्यहरु श्री ज्ञानेन्द्रलाल प्रधान, श्री दिनेश श्रेष्ठ, श्री विके श्रेष्ठ, महासंघका पूर्व उपाध्यक्ष श्री रोहिणी थपलिया, जर्मन राजदुतावासका काउन्सिलर श्री यूडो वेभरको उपस्थिति रहेको थियो

## नेपाल र इरान वीच द्विपक्षीय व्यवसायिक प्रवर्द्धनः

इरानी राष्ट्रपतिका विशेषदूत श्री अहमद सोभानी (AHMAD SOBHANI) को नेतृत्वमा आएको तीन सदस्यीय इरानी प्रतिनिधिमण्डलले महासंघका वरिष्ठ उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकारसंग द्विपक्षीय व्यवसायिक प्रवर्द्धन सम्बन्धी छलफल गरिएको थियो । छलफलको क्रममा बरिष्ठ उपाध्यक्ष श्री भाष्करराज राजकणिकारले नेपाल सरकार महासंघको सहकार्यमा सन् २०१२-१३ लाई नेपाल लगानी वर्ष घोषणा गरेको परिपेक्षमा नेपालमा जलविद्युत, कृषि, पूर्वाधार निर्माण, पर्यटन क्षेत्रमा लगानी प्रवर्द्धन संभाव्य भएको वस्तुस्थिति प्रस्तुत गर्नु हुदै लगानीका लागि आग्रह गर्नु भएको थियो । भारतका लागि इरानी राजदुत श्री सैयद मेहिदी नविजादे उपस्थित रहेको उक्त छलफल कार्यक्रममा इरानी राष्ट्रपतिका विशेष दूत श्री सोभानीले नेपाल इरान बीच द्विपक्षीय आर्थिक व्यवसायिक सम्बन्ध विस्तारका लागि नेपाली व्यवसायिक प्रतिधिमण्डल इरानको भ्रमणको लागि आग्रह गर्नुहुदै इरानले पूर्वाधार निर्माण तथा प्रविधि विकासमा गरेको सफलता नेपालको विकासमा उपयोग गर्नको लागि सहयोग गर्ने विश्वास दिलाउनु भयो । उक्त अवसरमा महासंघको कार्यकारिणी समितिका सदस्यहरु श्री एजी शेर्पा, श्री शंकर प्रसाद पाण्डेको उपस्थिति थियो ।

## नेपाल टर्कीबीच द्विपक्षीय व्यापार तथा लगानी अभिवृद्धिमा जोड

महासंघ र टर्कीका राजदूत डा. बुराक अक्कापर (Dr. Burak Akcapar) बीच द्विपक्षीय व्यापार, लगानी तथा आर्थिक सम्बन्ध विस्तारका विषयमा छलफल भएको थियो । उक्त छलफलमा कार्यकारिणी समिति सदस्य एवं शहरी विकास फोरमका संयोजक श्री ओम बहादुर राजभण्डारीले दुई देशबीचको व्यापार विस्तारका लागि व्यवसायिक प्रतिनिधिमण्डलहरुको आदानप्रदान हुनु पर्नेमा जोड दिनु हुदै नेपालमा शहरी विकास लगायत भौतिक पूर्वाधार, जलश्रोत, पर्यटन जस्ता क्षेत्रहरुमा लगानीको संभाव्यता रहेको वस्तुस्थिति प्रस्तुत गर्नु हुदै टर्कीका लगानीकर्ताहरुलाई यस क्षेत्रमा लगानी गर्न आव्हान गर्नु भएको थियो । सो अवसरमा राजदूत डा. अक्कापरले नेपाल र टर्कीबीचको व्यापार तथा लगानी अभिवृद्धिका लागि आफ्नो तर्फबाट सक्दो प्रयास हुने विश्वास दिलाउदै दुई देशबीचका उद्यमी व्यवसायीहरुबीच रहेको सम्पर्क अभावको समस्या समाधान गर्ने तर्फ महासंघको सहयोगका लागि अनुरोध गर्नु भएको थियो । राजदूत अक्कापरले जलश्रोत, निर्माण जस्ता क्षेत्रहरुमा टर्कीका निजी क्षेत्रले विशेषज्ञता हासिल गरिसकेकोले यसबाट नेपालले फाइदा उठाउनु पर्ने तर्क प्रस्तुत गर्नु भएको थियो ।

## महासंघका अध्यक्षसंग रावलपिण्डी उवासंघका अध्यक्षद्धारा भेटवार्ता

महासंघका अध्यक्ष श्री सुरज वैद्य र नेपाल भ्रमणमा आउनु भएका रावलपिण्डी उद्योग वाणिज्य




संघका अध्यक्ष श्री जावेद अख्तर भट्टी (Jawed Akhtar Bhatti, President, The Rawalpindi Chamber of Commerce & Industry, Pakistan) वीच भेटघाट एवं छलफल भएको थियो । उक्त छलफलमा दुई देश बीचको आर्थिक व्यापारिक वस्तुस्थिति, नेपालमा संयुक्त लगानीको सम्भाव्यता, आर्थिक व्यापारिक सम्बन्ध विस्तारका शिलशिलामा देखापरेका समस्या तथा रावलपिण्डी चेम्वरद्धारा

काठमाडौंमा आयोजना गर्न लागेको पाकिस्तानी एकल मेलाका विषयमा छलफल हुनाका साथै रावलपिण्डी चेम्बरद्धारा दुवै देशका सरकार, महासंघ लगायतका संघसस्थाको सहयोगमा काठमाण्डौमा तेस्रो एकल पाकिस्तानी मेला ( 3rd Made in Pakistan) हुने जानकारी दिदै उक्त भेटमा व्यापार विस्तारका लागि सिधा सम्पर्क विस्तार गर्नु पर्ने, नेपाल पाकिस्तान बीचको हवाई कार्गोको भाडा कम गर्न पहल हुनुपर्नेमा जोड दिइएको थियो । उक्त भेटघाटमा महासंघका उपाध्यक्ष श्री पशुपति मुरारका, ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष श्री अजरमान जोशीको उपस्थिति रहेको थियो ।

**महासंघका पदाधिकारी र दक्षिण अफ्रिकी उच्च प्रतिनिधिमण्डल बीच भेटवार्ता**



महासंघका वरिठ उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकार, महासंघका पदाधिकारी र नेपालका लागि दक्षिण अफ्रिकी राजदुत श्री जीओफ्री डोइड्ज (Geoffrey Doidge, Ambassador of South Africa to Nepal) को नेतृत्वमा नेपाल भ्रमणमा आएको चार सदस्यीय उच्चस्तरीय प्रतिनिधिमण्डल बीच दुई देश बीचको आर्थिक व्यावसायिक सम्बन्ध विस्तारका विषयमा छलफल भएको थियो । छलफलको क्रममा उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकारले नेपालमा उत्पादन भएका सामानहरु दुई ठूला अर्थतन्त्र भएका भारत र चीनको बजारमा सहज रुपमा जान सक्ने प्रावधान रहेकाले नेपालमा दक्षिण अफ्रिकाको लगानी भित्र्याउने कार्यमा कुटनीतिक तवरबाट सहयोग हुन आग्रह गर्नु भएको थियो । उक्त भेटवार्तामा राजदुत श्री डोइड्जले दुई देश वीच अत्यन्त न्यून रहेको आयात निर्यात व्यापारलाई वढोत्तरी गर्न दुवै देशका निजी क्षेत्र सहकार्यमा जुटनु पर्नेमा जोड दिनु भएको थियो ।

**Business Confidence सम्बन्धी सर्वेक्षण**




देशको आर्थिक स्थिति एवं अर्थतन्त्रको विषयमा निजी क्षेत्रको धारणा अवगत गर्ने उद्देश्यले समेत महासंघले NEAT Activity/ USAID को सहयोगमा Business Confidence सर्वेक्षण गरेको छ । उक्त सर्वेक्षणको आधारमा महासंघले Business Confidence सम्बन्धी सूचक तयार गरी वर्षको दुई पटक प्रकाशन गर्ने र महासंघको देशभर फैलिएको संजाललाई प्रयोग गर्दै पूर्व देखी पश्चिमका साना देखि ठूला उद्यमीव्यवसायीहरुको धारणा समेट्ने कार्यक्रम रहेको छ ।

**लाइसेन्स e portal सम्बन्धी अन्तरक्रिया कार्यक्रम** :

व्यवसायिक अनुमति सम्बन्धमा अध्यावधिक सूचना तथा विवरण विद्युतीय माध्यम मार्फत एकिकृत तथा व्यवस्थित रुपले उपलब्ध गराउन अन्तर्राष्ट्रिय वित्त निगमको सहयोगमा व्यावसायिक अनुमति पत्र सम्बन्धी विद्युतीय पोर्टल तयार गरेको छ । यसै सन्दर्भमा यस महासंघ र नेपाल सरकारको संयुक्त तत्वाधानमा यस सम्बन्धी उद्योगी व्यवसायीहरुलाई सुसुचित गर्ने उद्देश्यले झापा, विराटनगर, विरगञ्ज र काठमाडौंमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । उद्योग समितिका सभापति श्री दिनेश श्रेष्ठको संयोजकत्वमा उक्त कार्यक्रम आयोजना भएको थियो ।

**महासंघको भवनको चौथो तला थप गर्ने बारे :**

महासंघको वढदै गएको कार्यक्षेत्र र भूमिकाको सन्दर्भमा महासंघको भवनमा स्थानको अभाव भएको तथ्यलाई दृष्टिगत गरी महासंघको भवनमा चौथो तला थप्ने कार्य प्रारम्भ भएको छ । उक्त निर्माण कार्यको लागि महासंघको बजेटबाट मात्र सम्भव नभएकोले पदाधिकारीहरु, कार्यकारिणी समितिका सदस्यहरु र महासंघका सदस्य संघ/ सस्थाहरुबाट संकलन गरी तला थप्ने कार्य सम्पन्न गर्ने गरी कार्यक्रम तय गरेको छ । यसै सन्दर्भमा नेपाल उद्योग वाणिज्य महासंघ र गैर आवासीय नेपाली संघ बीच आपसी सहकार्यका लागि सम्झौतापत्रमा हस्ताक्षर भएको छ । दुवै संस्था बीच देशको आर्थिक उन्नतीका लागि सहकार्य गरेर लगानी, पर्यटनका साथै अन्य क्षेत्रहरुमा सहयोग गर्ने योजना रहेको छ । सो सम्बन्धी सम्झौतापत्रमा महासंघका तर्फबाट अध्यक्ष सुरज वैद्य र वरिष्ठ उपाध्यक्ष भाष्करराज राजकर्णिकार तथा एनआरएनएका तर्फबाट अध्यक्ष जीवा लामिछाने र महासचिव तेन्जी शेर्पाले हस्ताक्षर गर्नुभयो । सोही क्रममा एनआरएनका तर्फबाट नेपाल उद्योग वाणिज्य महासंघको भवनमा चौथो तला थपका लागि रु. १० लाख आर्थिक सहयोग उपलव्ध गराइएको छ ।

**कृषि क्षेत्र सम्बन्धी प्रोफाइल :**

USAID/NEAT Activity को सहयोगमा कृषि क्षेत्र अन्तरगतका चिया, कफि, मह, अलैंची, अदुवा, डेरी आदी १० वटा उप क्षेत्रहरुको प्रोफाइल तयार गरेको छ । उक्त प्रोफाइलमा व्यवसायिक योजना समेत समावेश भएको छ ।

**व्यवसायिक वातावरण सम्बन्धी सर्वेक्षण:**

महासंघले GIZ को सहयोगमा नेपालका पांच जिल्लाहरु दाङ्ग, कैलाली, प्यूठान, सुर्खेत र नेपालगञ्जमा व्यवसायिक वातावरण (Business Climate) सम्बन्धी सर्वेक्षण गरेको छ । सर्वेक्षणबाट निस्केका निष्कर्श एवं प्रतिवेदन सम्बन्धमा सरकारी, निजी क्षेत्र एवं सरोकारवालाहरु सवै सम्मिलित गरी छलफल गरेको छ ।

**मधुमेह सम्बन्धी अन्तरक्रिया :**




महासंघको सामाजिक फोरमको पहलमा विश्व मधुमेह दिवसका अवसरमा नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल मधुमेही समाजको संयुक्त आयोजनामा २०६९ मंसीर ३ गते महासंघको सचिवालयमा मधुमेह रोगका विषयमा एक अन्तरक्रिया तथा मधुमेह सहित मुटु तथा नसा सम्बन्धी रोगको निःशुल्क परिक्षण कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा महासंघका अध्यक्ष सुरज वैद्यले स्वास्थ्य रहन सकेमात्र उद्योग व्यवसाय रहन सक्ने धारणा राख्नु हुंदै जनताको स्वास्थ्य सुरक्षाका विषयमा राज्यले प्रत्याभुति गराउन नसक्दा धेरै नेपालीहरु उचित स्वास्थ्य परिक्षणको अभावमा ज्यान गुमाउन बाध्य भएको बताउनु भएको थियो । अध्यक्ष श्री सुरज वैद्यले मधुमेह जस्ता रोगका विषयमा आम जनतामा जनचेतना बढाउन जिल्ला जिल्लामा महासंघका सदस्य उद्योग वाणिज्य संघहरु मार्फत जनचेतनामुलक कार्यक्रम लैजान पनि सुझाव दिनु भएको थियो । महासंघको सामाजिक सेवा समितिका सभापति श्री नन्दकिशोर श्रेष्ठले महासंघले संस्थागत सामाजिक दायित्वलाई मनन गरी प्रत्येक वर्ष विश्व मधुमेह दिवसको सेरोफेरोमा रहेर यस प्रकारको जनचेतनामुलक कार्यक्रम गर्दै आएको र यसलाई आगामी दिनमा कुनै एउटा नारा सहित सार्वजनिक प्रचार प्रसारका साधन मार्फत अझ वृहद रुपमा लैजाने योजना रहेको तथ्य प्रस्तुत गर्नु भएको थियो ।

## Business Model Innovation विषयक कार्यशाला काठमाडौंमा सम्पन्न

नेपाल उद्योग वाणिज्य महासंघद्वारा भारतीय उद्योग महासंघ (Confederation of Indian Industry-CII) को CII-ITC Centre of Excellence for Sustainable Development (CESD) को प्राविधिक सहयोगमा 'Business Model Innovation-Sustainable & Inclusive' विषयक कार्यशाला गोष्ठी २०६९ मंसीर ७ र ८ गते काठमाडौंमा आयोजना भएको थियो ।

बदलिंदो परिस्थितिमा विश्वमा व्यवसायिक क्षेत्रमा आएका नविनतम प्रविधि तथा अभ्यासका विषयमा नेपाली उद्योग, व्यवसाय एवं कम्पनीहरुलाई अद्यावधिक गरी लाभान्वीत गराउने उद्देश्यले उक्त गोष्ठि आयोजना गरिएको थियो । उक्त कार्यक्रमबाट सहभागीहरुले विश्व बजारमा व्यावसायिक क्षेत्रमा हाल भईरहेका नविनतम अभ्यासका वारेमा जानकारी हासिल गरी उत्पादन विस्तार, व्यवसाय प्रवर्द्धन तथा व्यवसायिक रणनीति तर्जुमामा समेत सहयोग पुग्ने विश्वास गरिएको छ । CII-ITC CEASD को सहकार्यमा महासंघले आगामी दिनमा समेत यस प्रकारको कार्यक्रमको आयोजना गर्ने कार्यक्रम रहेको छ । विभिन्न उद्योग, व्यवसाय एवं कम्पनीका व्यवस्थापन तहका करिव ३० जनाको सहभागिता रहेको सो कार्यशालामा दीगो तथा समावेशी व्यवसायिक मोडलका विभिन्न सफल उदाहरणहरु समेत प्रस्तुत गरिएको थियो ।

## Nepal Business Forum को Private Sector Cordination Unit को सचिवालय महासंघमा :

निजी र सार्वजनिक क्षेत्र वीचको सम्बादलाई सरलीकरण गरी दुवै क्षेत्रको संयुक्त प्रयासबाट व्यवसायलाई द्रुत र सजिलो बनाई आर्थिक विकास गर्ने उद्देश्यले स्थापना गरिएको नेपाल व्यवसाय मञ्च अन्तरगत रहेका विभिन्न आठ वटा कार्य सम्पादन समूहहरुमा रहने निजी क्षेत्रका सह अध्यक्षहरु लगायतका प्रतिनिधिहरु सम्मिलित Privae Sector Coordination unit गठन गर्ने निर्णय भए अनुसार उक्त यूनिटको सचिवालय महासंघमा स्थापना गरिएको छ । त्यस्तै सार्वजनिक क्षेत्रको Public Sector Coordiantion Unit को सविचालय उद्योग मन्त्रालयमा रहेको छ । विभिन्न कार्य सम्पादन समूहरुमा निजी क्षेत्रबाट उठेका मुद्दाहरुको समन्वयन गरी अन्तर समूहहरु वीच छलफल गरी मुद्दाहरुलाई केन्द्रिकृत गरी सम्बन्धित निकायहरुसंग समन्वय र आवश्यक कार्य गर्ने जिम्मेवारी रहेको यस यूनिटबाट विभिन्न छलफलहरु भईसकेका छन् ।

## नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला आयोजना सम्बन्धमा

नेपाल उद्योग वाणिज्य महासंघले २०६९ फागुन २५ देखि २९ गते (March 8-12, 2013) सम्म भृकुटीमण्डपमा दोस्रो नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको आयोजना गर्ने भएको छ । मेलामा सहभागी इच्छुक स्वदेशी तथा विदेशी उद्योग व्यवसाय, फर्म कम्पनीहरुलाई महासंघको सचिवालयमा सम्पर्क राख्न आग्रह गरेको छ । विभिन्न देशबाट व्यावसायिक भेटवार्ताका लागि महासंघमा आएको विदेशी व्यावसायिक प्रतिनिधिमण्डललाई महासंघले मेलामा सहभागिताका लागि आमन्त्रण गरेको छ । उक्त मेलामा ३ सय ५० वटा स्टल रहने अनुमान गरिएको छ । नेपाल सरकारको सहभागितामा आयोजना हुने उक्त मेलामा सार्क मुलुक लगायत थाइल्याण्ड, भियतनाम, म्यानमार, चीन तथा कोरिया लगायतका देशका कम्पनी तथा अमेरिका यूरोप लगायतका खरिदकर्ताहरुले मेला अवलोकन गर्ने अपेक्षा गरिएको छ । वाणिज्य तथा आपूर्ति मन्त्रालयले निर्यातयोग्य भनि पहिचान गरेका अदुवा, कफी, हस्तकला लगायत १९ वटा निर्यात सम्भाव्यता भएका वस्तु तथा सेवाहरुको प्रचार प्रसार तथा तीनको अन्तराष्ट्रिय खरिदकर्तासंग प्रत्यक्ष अन्तरक्रिया गराउने लक्ष्य अनुरुप महासंघले उक्त अन्तराष्ट्रिय व्यापार मेलाको आयोजना गर्न लागेको हो । यस वर्षको मेलामा १ हजार ५ सय विदेशी र ३ हजार स्वदेशी व्यापारीहरु तथा २ लाख अवलोकनकर्ताहरुले मेला अवलोकन गर्ने लक्ष्य राखिएको छ । महासंघकै नेतृत्वमा विगत १० वर्षदेखि मुलुकभित्र हरेक वर्ष क्षेत्रीयस्तर, जिल्लास्तर एवं बस्तुगतस्तर गरी करिव ३० देखि ३५ वटा मेलाहरु देशका विभिन्न भागमा आयोजना हुदै आईरहेका छन् । स्थानीयस्तरमा आयोजना भएको मेलाबाट उत्कृष्ट ठहरीएका वस्तु तथा सेवाको वाह्य प्रवर्द्धनका लागि नेपाल अन्तराष्ट्रिय मेलामा सहभागी गराई स्टल समेत उपलब्ध गराइने कार्यक्रम रहेको छ ।

अन्तराष्ट्रियस्तरको मेला महोत्सवको आयोजनाका लागि एक प्रदर्शनीस्थलको अभावलाई पुरा गर्न महासंघले सुविधा सम्पन्न प्रदर्शनीस्थल निर्माणका लागि पहल गर्दै आएको छ । महासंघले अन्तराष्ट्रिय व्यापार मेलालाई सिंगो मुलुककै ब्रण्डिङको रुपमा विकास गरी लैजाने सोंच अगाडी सारेको छ ।

**<u>सूचना तथा प्रलेख इकाई :</u>**

नेउवामहासंघको सूचना तथा प्रलेख इकाइमा ९९५ थान पुस्तक, व्यवसायिक निर्देशिका, अध्ययन प्रतिवेदन, पत्र पत्रिका एंव अन्य पाठ्य सामाग्रीहरु प्राप्त भएको छ जस मध्ये ७९ थान पुस्तक तथा व्यवसायिक निर्देशिका उपहार स्वरुप र १० थान पुस्तक खरिद गरिएका छन् । विभिन्न देशका निर्देशिका, पुस्तक र अन्य सामग्री सम्बन्धी ३०थान CD-ROM प्राप्त हुन आएको छ । साथै यस इकाइबाट CD-ROM Service पनि उपलब्ध गराउदैं आएको छ । यस वर्षमा करिव १२७६ पाठक वर्गहरुले यस सूचना तथा प्रलेख इकाई प्रयोग गर्नुभएको छ । स्वदेशी तथा विदेशी विभाग, मन्त्रालय तथा संघ संस्थाहरुबाट ३२९थान पत्रहरु र Email पत्रहरु प्राप्त भएका छन् भने २९६थान पत्रहरु हुलाक तथा Email मार्फत स्वदेशी तथा विदेशी निकायहरुमा प्रेशित भएका छन् ।

**<u>महासंघको सदस्यता सम्बन्धमा :</u>**

महासंघको ४६ औं वार्षिक साधारण सभा पछि सदस्यता समितिको वैठक यस अवधिमा तीन पटक बसेको छ । हालसम्म महासंघमा ९३ वटा जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघ, ८५ वटा वस्तुगत, ११ वटा द्विराष्ट्रिय उद्योग वाणिज्य संघ र ५१८ वटा एशोसिएट सदस्यहरु सदस्य रहेको छन् । मिति २०६९ असार १७ गते बसेको सदस्यता समितिको वैठकले विधानमा उल्लेखित व्यवस्थाहरु वर्तमान परिस्थितिमा व्यवहारिक नभएकोले सशोधन गर्न आवश्यक भएको निर्णय गरेको छ। विधान संशोधन नभएसम्मको लागि कार्यकारिणी समितिले वार्षिक साधारण सभामा अनुमोदन गराउने गरी निम्न ६ वटा द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरुलाई पर्यवेक्षकको रुपमा महासंघको साधारण सभा लगायतका कार्यक्रममा सहभागी गराउने व्यवस्थाको लागि कार्यकारिणी समितिको वैठकमा सिफारिस गरेको थियो । सो अनुसार कार्यकारिणी समितिको वैठकले उक्त संघहरुलाई पर्यवेक्षकको रुपमा सदस्यता प्रदान गर्ने निर्णय गरेको छ। साथै सो निर्णय महासंघको साधारण सभामा अनुमोदन गराउने समेत निर्णय गरेको छ।

*महासंघको ४६ औं साधारणसभा (२४ चैत्र २०६८) पश्चात हालसम्म साधारण सभा सम्पन्न जिल्ला उवासंघहरु:(महासंघमा प्राप्त जानकारी अनुसार)*

| सि.नं. | जिल्ला उवासंघ | कार्यक्रम मिति |
|---|---|---|
| १. | कृष्णनगर उवासंघ (८ औं वा.सा.स.) | २०६९ बैशाख ४ गते |
| २. | जलेश्वर उवासंघ (१० औं वा.सा.स.) | २०६९ बैशाख ८ गते |
| ३. | कैलाली उवासंघ (७ औं वा.सा.स.) | २०६९ बैशाख ९ गते |
| ४. | वालिङ उवासंघ (५ औं वा.सा.स.) | २०६९ बैशाख १८ गते |
| ५. | मुगु उवासंघ (६ औं वा.सा.स.) | २०६९ बैशाख २० गते |
| ६. | सुर्खेत उवासंघ (वा.सा.स.) | २०६९ बैशाख २४ गते |
| ७. | भोजपुर उवासंघ (७ औं वा.सा.स.) | २०६९ बैशाख २५ गते |
| ८. | दोलखा उवासंघ (१९ औं वा.सा.स.) | २०६९ बैशाख २९ गते |
| ९. | रत्ननगर उवासंघ (१३ औं वा.सा.स.) | २०६९ बैशाख ३० गते |
| १०. | ताप्लेजुङ उवासंघ (३० औं वा.सा.स.) | २०६९ जेठ ३० गते |
| ११. | क्न्चनपुर उवासंघ (निर्वाचन) | २०६९ असार ७ गते |
| १२. | सोलुखुम्बु उवासंघ (५ औं वा.सा.स.) | २०६९ असार ९ गते |
| १३. | नेपालगञ्ज उवासंघ (वा.सा.स.) | २०६९ असार ३० गते |
| १४. | ओखलढुंगा उवासंघ (दोस्रो वा.सा.स. एवं निर्वाचन) | २०६९ साउन ५ गते |
| १५. | धुलिखेल उवासंघ (विशेष साधारणसभा) | २०६९ साउन ६ गते |
| १६. | अछाम उवासंघ (प्रथम वा.सा.स.) | २०६९ साउन १३ गते |
| १७. | काभ्रे उवासंघ (३६ औं वा.सा.स.) | २०६९ साउन २७ गते |
| १८. | जाजरकोट उवासंघ (वा.सा.स. एवं निर्वाचान) | २०६९ भदौ ४ गते |
| १९. | डोटी उवासंघ (९ औं वा.सा.स तथा निर्वाचन) | २०६९ भदौ ४ र १० गते |
| २०. | प्यूठान उवासंघ (१५ औं वा.सा.स.तथा निर्वाचन) | २०६९ भदौ १५ गते |
| २१. | बारा उवासंघ १७ औं वा.सा.स | २०६९ भाद्र २२ गते |
| २२. | बुटवल उवासंघ (५९ औं वा.सा.स.) | २०६९ असोज ८ गते |
| २३. | पाल्पा उवासंघ (५५ औं वा.सा.स.) | २०६९ असोज ८ गते |
| २४. | अर्घाखांची उवासंघ (वा.सा.स. तथा निर्वाचन) | २०६९ असोज १२ गते |
| २५. | लम्जुङ उवासंघ (वा.सा.स.) | २०६९ असोज १२ गते |
| २६. | त्रियुगा उवासंघ (वा.सा.स. तथा निर्वाचन) | २०६९ असोज १५ गते |
| २७. | रोल्पा उवासंघ (वा.सा.स.) | २०६९ असोज १६ गते |
| २८. | पोखरा उवासंघ (२९ औं वा.सा.स. तथा निर्वाचन) | २०६९ असोज २० गते |
| २९. | तनहुं उवासंघ (वा.सा.स.) | २०६९ असोज २२ गते |
| ३०. | नेपाल चेम्वर अफ कमर्श (वा.सा.स.) | २०६९ असोज २७ गते |
| ३१. | लेखनाथ उवासंघ (१६ औं वा.सा.स.) | २०६९ असोज २७ गते |
| ३२. | तुलसीपुर उवासंघ (१९ औं वा.सा.स.) | २०६९ असोज २७ गते |
| ३३. | ललितपुर उवासंघ (३३ औं वा.सा.स.) | २०६९ असोज २८ गते |
| ३४. | नवलपरासी उवासंघ (वा.सा.स.) | २०६९ मंसीर ८ गते |
| ३५. | चितवन उवासंघ (वा.सा.स.) | २०६९ मंसीर १८ गते |
| ३६. | वाग्लुङ उवासंघ (वा.सा.स. तथा निर्वाचन) | २०६९ मंसीर २१ गते |
| ३७. | दमक उवासंघ (वा.सा.स.) | २०६९ मंसीर २२ गते |

| सि.नं. | जिल्ला उवासंघ | कार्यक्रम मिति |
|---|---|---|
| ३८. | गुल्मी उवासंघ (वा.सा.स.तथा निर्वाचन) | २०६९ मंसीर २३ गते |
| ३९. | धादिङ उवासंघ (वा.सा.स. तथा निर्वाचन) | २०६९ मंसीर २९ गते |
| ४०. | म्याग्दी उवासंघ (वा.सा.स. ) | २०६९ मंसीर ३० गते |
| ४१. | भक्तपुर उवासंघ (वा.सा.स.) | २०६९ पौष ६ गते |
| ४२. | नुवाकोट उवासंघ (वा.सा.स. तथा निर्वाचन) | २०६९ पौष २४ गते |
| ४३. | विरगञ्ज उवासंघ (वा.सा.स. तथा निर्वाचन) | २०६९ पौष २५ गते |
| ४४. | मकवानपुर उवासंघ (वा.सा.स.) | २०६९ माघ ५ गते |
| ४५. | स्यांग्जा उवासंसघ (वा.सा.स.) | २०६९ माघ ६ गते |
| ४६. | सिन्धुली उवासंघ (वा.सा.स.) | २०६९ माघ २४ गते |
| ४७. | उद्योग संगठन मोरङ (वा.सा.स.) | २०६९ फागुन १ गते |

रोजगारदाता परिषद् अन्तर्गत् सञ्चालित विभिन्न कार्यक्रमहरु

| क्रं.सं. | कार्यक्रमहरु | सञ्चालन मिती | अवधि | सहभागी संख्या | | कार्यक्रम स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | | |
| क. | **तालीम कार्यक्रमः** | | | | | | |
| १ | बजार व्यवस्थापनका शीपहरु (Marketing Skills) | श्रावण ४ र ५, २०६९ | २ | १० | ६ | नेउवा महासंघ, टेकू, काठमाडौं | |
| २ | मानव संशाधन विकासका प्रकृयाहरु ( Designing Human Resources System) | कार्तिक १९ र २०, २०६९ | २ | ११ | ४ | नेउवा महासंघ, टेकू, काठमाडौं | |
| ३ | सामाजिक सम्वाद - प्रशिक्षक प्रशिक्षण तालीम (Social Dialogue-TOT) | मंसिर २६ र २७ २०६९ | २ | ११ | २ | हात्तिवन रिसोर्ट, फर्पिङ्ग | |
| ४ | वार्ता गर्ने शीप तथा सामुहिक सौदावाजी (Negotiation Skills & Collective Bargaining) | पुष १४ र १५, २०६९ | २ | १८ | | होटल गुडविल, ललितपुर | पाटन औद्योगिक क्षेत्रका सहभागीहरु |
| ख. | **अन्तरकृया कार्यक्रम** (ILO Funding) | | | | | | |
| १ | सामाजिक सुरक्षा र संरक्षण (Social Security & Protection) | श्रावण ०७, २०६९ | १ | ५२ | २ | विराटनगर | |
| २ | सामाजिक सुरक्षा र संरक्षण (Social Security & Protection) | भाद्र ०६, २०६९ | १ | ४० | | पोखरा | |
| ३ | सामाजिक सुरक्षा र संरक्षण (Social Security & Protection) | भाद्र १५, २०६९ | १ | ३९ | १ | ललितपुर | |
| ४ | सामाजिक सुरक्षा र संरक्षण (Social Security & Protection) | आश्विन १२, २०६९ | १ | ३८ | २ | मकवानपुर | |
| ५ | सामाजिक सुरक्षा र संरक्षण (Social Security & Protection) | आश्विन २६, २०६९ | १ | ५१ | २ | सिद्धार्थनगर | |
| ग. | **अन्तरकृया कार्यक्रम** (GiZ Funding) | | | | | | |
| १ | मस्यौखा श्रम ऐन सम्पन्धमा ( LL Reform Interaction Program for Employers') | कार्तिक ०२, २०६९ | १ | २७ | ३ | धनगढी | |

| क्र.सं. | कार्यक्रमहरु | सञ्चालन मिती | अवधि | सहभागी संख्या | | कार्यक्रम स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | | |
| २ | मस्यौखा श्रम ऐन सम्पन्धमा ( LL Reform Interaction Program for Employers') | मंसिर ०४, २०६९ | १ | २७ | ३ | सुर्खेत | |
| ३ | मस्यौखा श्रम ऐन सम्पन्धमा ( LL Reform Interaction Program for Employers') | मंसिर ०५, २०६९ | १ | ३२ | ४ | दांङ्ग | |
| ४ | मस्यौखा श्रम ऐन सम्पन्धमा ( LL Reform Interaction Program for Employers') | मंसिर ०६, २०६९ | १ | २४ | १ | प्यूठान | |
| **घ.** | **अन्तरकृया कार्यक्रम (Information Sharing program by EC)** | | | | | | |
